# कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
थापाथली, काठमाडौं
२०८३

**उद्धरण प्रयोजनार्थः**

राष्ट्रिय तथ्याङ्क कार्यालय (वि.सं. २०८३), ***कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३,*** काठमाडौं।

**कार्यक्रम सञ्चालन मार्गदर्शन (तेस्रो अङ्क)**

आ.व. २०८३/८४

**प्रकाशकः**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

फोन नंः +९७७ ०१-५३६५३२३ / ०१-५३२९४०६

इमेलः info@nsonepal.gov.np

वेबसाइटः https://nsonepal.gov.np

प्रकाशन वर्षः २०८३ असोज

प्रकाशन प्रतिः २००

मुद्रकः

**विशेष मार्गदर्शन**

| | | |
|---|---|---|
| प्रमुख तथ्याङ्क अधिकारी | श्री लक्ष्मी कुमारी बस्नेत | राष्ट्रिय तथ्याङ्क कार्यालय |

**सम्पादक मण्डल**

| | | |
|---|---|---|
| संयोजक | श्री केशवराज सुवेदी (सहसचिव) | प्रशासन तथा योजना महाशाखा |
| सदस्य | श्री हरि प्रसाद अर्याल (उपसचिव) | प्रशासन शाखा |
| सदस्य | डा. अनिल श्रेष्ठ (उपसचिव) | आर्थिक प्रशासन शाखा |
| सदस्य-सचिव | श्री ज्योति के.सी. (निर्देशक) | नीति, योजना तथा समन्वय शाखा |

**सल्लाहकार समूह**

| | | |
|---|---|---|
| सहसचिव | डा. हेम राज रेग्मी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| उप-प्रमुख तथ्याङ्क अधिकारी | डा. शरद कुमार शर्मा | सामाजिक तथ्याङ्क महाशाखा |
| उप-प्रमुख तथ्याङ्क अधिकारी | श्री ढुण्डीराज लामिछाने | आर्थिक तथ्याङ्क महाशाखा र राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्क महाशाखा |

**मार्गदर्शन तयारीमा संलग्न कर्मचारीहरू**

राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक तथा उपसचिवहरू

तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारीहरू

# अनुक्रमणिका

संक्षिप्त रूप
भाग १ः परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ उद्देश्य ........ १
१.३ दायरा ........ १
१.४ कार्यक्रम वर्गीकरण खाका ........ २
१.५ मार्गदर्शन ढाँचा ........ ३
१.५.१ पृष्ठभूमि ........ ३
१.५.२ उद्देश्य ........ ४
१.५.३ कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ४
१.५.४ सङ्घ, प्रदेश र स्थानीय तहमा दोहोरोपना नहुने सुनिश्चितता ........ ४
१.५.५ कार्ययोजना ........ ४
१.५.६ लागत अनुमान ........ ४
१.५.७ नतिजा खाका ........ ५
१.६ लागत अनुमान तथा बजेट सञ्चालनसम्बन्धी सामान्य व्यवस्था ........ ५
१.७ जोखिम विश्लेषण ........ ५
भाग २ः कार्यक्रमगत अवधारणा तथा कार्यढाँचा ........ ६
२.१ गणना ........ ६
२.१.१ राष्ट्रिय आर्थिक गणना, २०८२ ........ ६
१. पृष्ठभूमि ........ ६
२. उद्देश्य ........ ७
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ७
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ८
५. कार्ययोजना ........ ८
६. लागत अनुमान ........ ९
७. नतिजा खाका ........ ११
२.१.२ राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३ ........ ११
१. पृष्ठभूमि ........ ११
२. उद्देश्य ........ १२

३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ १२
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ १२
५. कार्ययोजना ........ १३
६. लागत अनुमान ........ १३
७. नतिजा खाका ........ १४
२.१.३ राष्ट्रिय जनगणना, २०८८ ........ १४
१. पृष्ठभूमि ........ १४
२. उद्देश्य ........ १५
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ १५
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ १५
५. कार्ययोजना ........ १५
६. लागत अनुमान ........ १६
७. नतिजा खाका ........ १६
२.२ सर्वेक्षण ........ १६
२.२.१ नेपाल श्रमशक्ति सर्वेक्षण, चौथो ........ १६
१. पृष्ठभूमि ........ १६
२. उद्देश्य ........ १७
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ १७
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ १७
५. कार्ययोजना ........ १८
६. लागत अनुमान ........ १८
७. नतिजा खाका ........ १९
२.२.२ व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण, २०८३ ........ १९
१. पृष्ठभूमि ........ १९
२. उद्देश्य ........ २०
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ २०
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चतता ........ २०
५. कार्ययोजना ........ २०
६. लागत अनुमान ........ २१
७. नतिजा खाका ........ २२
२.२.३ मत्स्यपालन सर्वेक्षण, २०८३ ........ २३

१. पृष्ठभूमि ........ २३
२. उद्देश्य ........ २३
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ २४
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चतता ........ २४
५. कार्ययोजना ........ २४
६. लागत अनुमान ........ २५
७. नतिजा खाका ........ २५
२.२.४ विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण, २०८३/८४ ........ २६
१. पृष्ठभूमि ........ २६
२. उद्देश्य ........ २७
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ २७
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ २७
५. कार्ययोजना ........ २७
६. लागत अनुमान ........ २८
७. नतिजा खाका ........ २८
२.२.५ NMICS तथा NMICS Plus सम्बन्धी कार्यक्रम ........ २८
१. पृष्ठभूमि ........ २८
२. उद्देश्य ........ २९
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ २९
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ३०
५. कार्ययोजना ........ ३०
६. लागत अनुमान ........ ३०
७. नतिजा खाका ........ ३१
२.२.६ वार्षिक घरपरिवार सर्वेक्षण, २०८४ ........ ३१
१. पृष्ठभूमि ........ ३१
२. उद्देश्य ........ ३२
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ३२
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ३२
५. कार्ययोजना ........ ३२
६. लागत अनुमान ........ ३३
७. नतिजा खाका ........ ३३

२.२.७ अन्तरजनगणना जनसाङ्ख्यिकीय तथा समावेशीकरण सर्वेक्षण..................................३३
१. पृष्ठभूमि ........................................................................................ ३३
२. उद्देश्य ........................................................................................ ३४
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................ ३४
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .................................. ३४
५. कार्ययोजना.................................................................................... ३५
६. लागत अनुमान.................................................................................. ३५
७. नतिजा खाका .................................................................................. ३५
२.२.८ स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ ..................................................३६
१. पृष्ठभूमि ........................................................................................ ३६
२. उद्देश्य ........................................................................................ ३६
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................ ३७
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .................................. ३७
५. कार्ययोजना.................................................................................... ३७
६. लागत अनुमान.................................................................................. ३८
७. नतिजा खाका .................................................................................. ३८
२.२.९ व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२ .......................................................३९
१. पृष्ठभूमि ........................................................................................ ३९
२. उद्देश्य ........................................................................................ ३९
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................ ३९
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .................................. ४०
५. कार्ययोजना.................................................................................... ४०
६. लागत अनुमान.................................................................................. ४०
७. नतिजा खाका .................................................................................. ४०
२.२.१० स्थल यातायात सर्वेक्षण, २०८२...........................................................................४१
१. पृष्ठभूमि ........................................................................................ ४१
२. उद्देश्य ........................................................................................ ४१
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................ ४२
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .................................. ४२
५. कार्ययोजना.................................................................................... ४२
६. लागत अनुमान.................................................................................. ४२

७. नतिजा खाका ........................................................................ ४३
२.२.११ सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण ........................................................................ ४३
१. पृष्ठभूमि ........................................................................ ४३
२. उद्देश्य ........................................................................ ४३
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........................................................................ ४४
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................................................ ४४
५. कार्ययोजना ........................................................................ ४४
६. लागत अनुमान ........................................................................ ४५
७. नतिजा खाका ........................................................................ ४५
२.२.१२ नेपाल जीवनस्तर सर्वेक्षण, पाँचौं ........................................................................ ४५
१. पृष्ठभूमि ........................................................................ ४५
२. उद्देश्य ........................................................................ ४६
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........................................................................ ४६
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................................................ ४६
५. कार्ययोजना ........................................................................ ४६
६. लागत अनुमान ........................................................................ ४७
७. नतिजा खाका ........................................................................ ४७
२.२.१३ लैङ्गिक हिंसासम्बन्धी सर्वेक्षण ........................................................................ ४७
१. पृष्ठभूमि ........................................................................ ४७
२. उद्देश्य ........................................................................ ४७
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........................................................................ ४८
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................................................ ४८
५. कार्ययोजना ........................................................................ ४८
६. लागत अनुमान ........................................................................ ४८
७. नतिजा खाका ........................................................................ ४९
२.२.१४ आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ ........................................................................ ४९
१. पृष्ठभूमि ........................................................................ ४९
२. उद्देश्य ........................................................................ ४९
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........................................................................ ५०
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................................................ ५०
५. कार्ययोजना ........................................................................ ५०

६. लागत अनुमान........................................................................................................ ५०
७. नतिजा खाका ........................................................................................................ ५०
२.२.१५ लागू औषध प्रयोग सम्बन्धी सर्वेक्षण........................................................................५१
१. पृष्ठभूमि ............................................................................................................. ५१
२. उद्देश्य ............................................................................................................... ५१
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................... ५१
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ............................................ ५२
५. कार्ययोजना.......................................................................................................... ५२
६. लागत अनुमान........................................................................................................ ५२
७. नतिजा खाका ........................................................................................................ ५२
२.३ अध्ययन................................................................................................................ ५२
२.३.१ उखु खेती सम्बन्धी अध्ययन ..................................................................................५२
१. पृष्ठभूमि ............................................................................................................. ५२
२. उद्देश्य ............................................................................................................... ५३
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................... ५३
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ............................................ ५३
५. कार्ययोजना.......................................................................................................... ५४
६. लागत अनुमान........................................................................................................ ५४
७. नतिजा खाका ........................................................................................................ ५४
२.३.२ SEEA Accounts ...............................................................................................५५
१. पृष्ठभूमि ............................................................................................................. ५५
२. उद्देश्य ............................................................................................................... ५५
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................... ५६
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ............................................ ५६
५. कार्ययोजना.......................................................................................................... ५६
६. लागत अनुमान........................................................................................................ ५७
७. नतिजा खाका ........................................................................................................ ५७
२.३.३ नेपालको सहरी क्षेत्र केन्द्रित अस्थायी जनसङ्ख्या (Floating Population) को अध्ययन...५८
१. पृष्ठभूमि ............................................................................................................. ५८
२. उद्देश्य ............................................................................................................... ५८
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................... ५९

४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ५९
५. कार्ययोजना ........ ५९
६. लागत अनुमान........ ६०
७. नतिजा खाका ........ ६०
२.३.४ सुन्तलाबाली अध्ययन/सर्वेक्षण ........ ६१
१. पृष्ठभूमि ........ ६१
२. उद्देश्य ........ ६१
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........ ६१
४. सङ्घ, प्रदेश तथा स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ६२
५. कार्ययोजना ........ ६२
६. लागत अनुमान........ ६२
७. नतिजा खाका ........ ६३
२.४ नियमित कार्यक्रम........ ६३
२.४.१ मूल्य तथा उत्पादन सूचकाङ्क तयारी कार्यक्रम........ ६३
१. पृष्ठभूमि ........ ६३
२. उद्देश्य ........ ६३
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........ ६४
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ६४
५. कार्ययोजना ........ ६४
६. लागत अनुमान........ ६६
७. नतिजा खाका ........ ६६
२.४.२ नियमित राष्ट्रिय लेखा कार्यक्रम ........ ६७
१. पृष्ठभूमि ........ ६७
२. उद्देश्य ........ ६८
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........ ६८
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ६८
५. कार्ययोजना ........ ६९
६. लागत अनुमान........ ६९
७. नतिजा खाका ........ ७०
२.४.३ NDP अद्यावधिक तथा सुदृढीकरण कार्यक्रम........ ७०
१. पृष्ठभूमि ........ ७०

२. उद्देश्य ........................................................................................................ ७१
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ ७१
४. सङ्घ, प्रदेश र स्थनीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ................................................ ७२
५. कार्ययोजना...................................................................................................... ७२
६. लागत अनुमान................................................................................................... ७२
७. नतिजा खाका .................................................................................................. ७३
२.४.४ तथ्याङ्कीय क्षमता अभिवृद्धि कार्यक्रम ..........................................................................७३
१. पृष्ठभूमि .......................................................................................................... ७३
२. उद्देश्य ........................................................................................................ ७४
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ ७४
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ............................................... ७५
५. कार्ययोजना...................................................................................................... ७५
६. लगत अनुमान ................................................................................................... ७६
७. नतिजा खाका .................................................................................................. ७६
२.४.५ स्थानीय तह तथ्याङ्कीय साक्षरता तथा पैरवी कार्यक्रम.........................................................७६
१. पृष्ठभूमि .......................................................................................................... ७६
२. उद्देश्य ........................................................................................................ ७७
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ ७७
४. समन्वय / दोहोरोपना नियन्त्रण (सङ्घ, प्रदेश र स्थानीय तह)............................................... ७७
५. कार्ययोजना...................................................................................................... ७७
६. लागत अनुमान................................................................................................... ७८
७. नतिजा खाका .................................................................................................. ७८
२.४.६ स्थानीय तहको वस्तुगत विवरण (पालिका प्रोफाइल) तयारी तथा अद्यावधिक कार्यक्रम ....७८
१. पृष्ठभूमि .......................................................................................................... ७८
२. उद्देश्य ........................................................................................................ ७८
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ ७९
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ............................................... ७९
५. कार्ययोजना...................................................................................................... ७९
६. लागत अनुमान................................................................................................... ७९
७. नतिजा खाका .................................................................................................. ८०
२.४.७ नीतिगत कार्यान्वयन तथा सुधार सम्बन्धी कार्यक्रम...........................................................८०

१. पृष्ठभूमि ........ ८०
२. उद्देश्य ........ ८०
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ८१
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ८१
५. कार्ययोजना ........ ८१
६. लागत अनुमान ........ ८२
७. नतिजा खाका ........ ८३
२.४.८ लगत प्रशोधन तथा सूचना प्रविधि सम्बन्धी कार्यक्रम ........ ८४
१. पृष्ठभूमि ........ ८४
२. उद्देश्य ........ ८४
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ८५
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ८५
५. कार्ययोजना ........ ८५
६. लागत अनुमान ........ ८६
७. नतिजा खाका ........ ८७
२.४.९ गणना क्षेत्र नक्शाङ्कन कार्यक्रम ........ ८७
१. पृष्ठभूमि ........ ८७
२. उद्देश्य ........ ८८
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ८८
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ८९
५. कार्ययोजना ........ ८९
६. लागत अनुमान ........ ८९
७. नतिजा खाका ........ ८९
२.४.१० तथ्याङ्क वितरण तथा प्रसारण कार्यक्रम ........ ९०
१. पृष्ठभूमि ........ ९०
२. उद्देश्य ........ ९०
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ९०
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ९१
५. कार्ययोजना ........ ९१
६. लागत अनुमान ........ ९२
७. नतिजा खाका ........ ९२

२.४.११ तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया कार्यक्रम ........ ९३
१. पृष्ठभूमि ........ ९३
२. उद्देश्य ........ ९३
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ९३
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ९४
५. कार्ययोजना ........ ९४
६. लागत अनुमान ........ ९४
७. नतिजा खाका ........ ९४
२.४.१२ मानक तथा गुणस्तर निर्धारण कार्यक्रम ........ ९४
१. पृष्ठभूमि ........ ९४
२. उद्देश्य ........ ९५
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ९६
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ९६
५. कार्ययोजना ........ ९६
६. लागत अनुमान ........ ९७
७. नतिजा खाका ........ ९७
२.४.१३ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP) ........ ९८
१. पृष्ठभूमि ........ ९८
२. उद्देश्य ........ ९८
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ ९८
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ ९९
५. कार्ययोजना ........ ९९
६. लागत अनुमान ........ ९९
७. नतिजा खाका ........ ९९
२.४.१४ तथ्याङ्क दिवस कार्यक्रम ........ ९९
१. पृष्ठभूमि ........ ९९
२. उद्देश्य ........ १००
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया ........ १००
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........ १०१
५. कार्ययोजना ........ १०१
६. लागत अनुमान ........ १०१

७. नतिजा खाका ........................................................................................................ १०१
२.४.१५ सर्वेक्षण अनुमति तथा नमुना विधि व्यवस्थापन कार्यक्रम...................................१०१
१. पृष्ठभूमि ........................................................................................................ १०१
२. उद्देश्य ........................................................................................................ १०२
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ १०२
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................ १०३
५. कार्ययोजना........................................................................................................ १०३
६. लागत अनुमान........................................................................................................ १०४
७. नतिजा खाका ........................................................................................................ १०४
२.४.१६ वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम........................................................................१०५
१. पृष्ठभूमि ........................................................................................................ १०५
२. उद्देश्य ........................................................................................................ १०५
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ १०५
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................ १०६
५. कार्ययोजना........................................................................................................ १०६
६. लागत अनुमान........................................................................................................ १०६
७. नतिजा खाका ........................................................................................................ १०६
२.४.१७ सामाजिक तथा लैङ्गिक तथ्याङ्क कार्यक्रम........................................................१०६
१. पृष्ठभूमि ........................................................................................................ १०६
२. उद्देश्य ........................................................................................................ १०७
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ १०७
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................ १०७
५. कार्ययोजना........................................................................................................ १०७
६. लागत अनुमान........................................................................................................ १०८
७. नतिजा खाका ........................................................................................................ १०८
२.४.१८ राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन (Rebasing) कार्यक्रम..................................१०८
१. पृष्ठभूमि ........................................................................................................ १०८
२. उद्देश्य ........................................................................................................ १०९
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया........................................................................ १०९
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता ........................................ १०९
५. कार्ययोजना........................................................................................................ १०९

६. लागत अनुमान.......................................................................................११०
७. नतिजा खाका .......................................................................................११०
२.४.१९ वातावरण तथ्याङ्क कार्यक्रम .......................................................................११०
१. पृष्ठभूमि .......................................................................................११०
२. उद्देश्य .......................................................................................१११
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................१११
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .......................................१११
५. कार्ययोजना.......................................................................................१११
६. लागत अनुमान.......................................................................................११२
७. नतिजा खाका .......................................................................................११२
२.४.२० Tourism Satellite Account (TSA) तयारी कार्यक्रम.......................................११२
१. पृष्ठभूमि .......................................................................................११२
२. उद्देश्य .......................................................................................११३
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................११३
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .......................................११३
५. कार्ययोजना.......................................................................................११४
६. लागत अनुमान.......................................................................................११४
७. नतिजा खाका .......................................................................................११४
२.४.२१ मासिक, त्रैमासिक, अर्धवार्षिक एवम् वार्षिक प्रगति समीक्षा कार्यक्रम.......................११४
१. पृष्ठभूमि .......................................................................................११४
२. उद्देश्य .......................................................................................११४
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................११५
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .......................................११५
५. कार्ययोजना.......................................................................................११५
६. लागत अनुमान.......................................................................................११६
७. नतिजा खाका .......................................................................................११६
२.४.२२ National Transfer Accounts (NTA) कार्यक्रम .......................................११६
१. पृष्ठभूमि .......................................................................................११६
२. उद्देश्य .......................................................................................११६
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया.......................................................................११७
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता .......................................११७

५. कार्ययोजना ........................................................................................................ ११७
६. लागत अनुमान..................................................................................................... ११७
७. नतिजा खाका ...................................................................................................... ११८
२.४.२३ उपभोक्ता मूल्य सूचकाङ्क (CPI) कार्यक्रम ............................................................ ११८
१. पृष्ठभूमि ............................................................................................................ ११८
२. उद्देश्य .............................................................................................................. ११८
३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया............................................................................ ११८
४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चतता ................................................. ११९
५. कार्ययोजना ........................................................................................................ ११९
६. लागत अनुमान..................................................................................................... ११९
७. नतिजा खाका ...................................................................................................... ११९
भाग ३: अनुसूचीहरू................................................................................................ १२०
अनुसूची-१: बैठक भत्ता ............................................................................................ १२०
अनुसूची-२: छपाई ................................................................................................... १२१
अनुसूची-३: SCO अनुसार NDP अद्यावधिकसम्बन्धी कार्यान्वयन कार्यतालिका ........................ १२२
अनुसूची-४: SCO अनुसार क्षमता अभिवृद्धि तालिमसम्बन्धी कार्यान्वयन कार्यतालिका.............. १२२
अनुसूची-५: SCO अनुसार तथ्याङ्कीय साक्षरता कार्यक्रमसम्बन्धी कार्यान्वयन कार्यतालिका......... १२२
अनुसूची-६: स्थानीय तहको वस्तुगत विवरण (पालिका प्रोफाइल) को संरचना तथा विषयवस्तु.... १२३
अनुसूची-७: SCO अनुसार पालिका प्रोफाइल तयारीसम्बन्धी कार्यान्वयन कार्यतालिका............. १२४
अनुसूची-८: SCO अनुसार तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया कार्यक्रमसम्बन्धी कार्यान्वयन कार्यतालिका ........................................................................................................ १२५
अनुसूची-९: वार्षिक प्रतिवेदन ढाँचा ........................................................................... १२६

# संक्षेप/शब्दावली

| | |
|---|---|
| ADB: | Asian Development Bank |
| CAPI: | Computer-Assisted Personal Interviewing |
| CPI: | Consumer Price Index (उपभोक्ता मूल्य सूचकाङ्क) |
| FDES: | Framework for the Development of Environment Statistics |
| GDP: | Gross Domestic Product (कुल गार्हस्थ्य उत्पादन) |
| GIS: | Geographic Information System (भौगोलिक सूचना प्रणाली) |
| ICP: | International Comparison Program (अन्तर्राष्ट्रिय तुलना कार्यक्रम) |
| ICT: | Information and Communication Technology |
| IDIS: | Intercensal Demographic and Social Inclusion Survey (अन्तरजनगणना जनसाङ्ख्यिकीय तथा समावेशीकरण सर्वेक्षण) |
| IOM: | International Organization for Migration |
| IRTS: | International Recommendations for Tourism Statistics |
| ISIC: | International Standard Industrial Classification |
| LGBTIQ: | Lesbian, Gay, Bisexual, Transgender, Intersex, Queer |
| LMBIS: | Line Ministry Budget Information System |
| MTOT: | Master Training of Trainers |
| NBSAP: | National Biodiversity Strategy and Action Plan |
| NDC: | Nationally Determined Contribution |
| NDP: | National Data Profile (राष्ट्रिय तथ्यगत विवरण) |
| NLFS: | Nepal Labour Force Survey (नेपाल श्रमशक्ति सर्वेक्षण) |
| NLSS: | Nepal Living Standards Survey (नेपाल जीवनस्तर सर्वेक्षण) |
| NMICS: | Nepal Multiple Indicator Cluster Survey (नेपाल बहुसूचक सर्वेक्षण) |
| NRB: | Nepal Rastriya Bank (नेपाल राष्ट्र बैंक) |
| NSDS-II: | National Strategy for the Development of Statistics, Second (तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) |
| NSIC: | Nepal Standard Industrial Classification |
| NSO: | National Statistics Office (राष्ट्रिय तथ्याङ्क कार्यालय) |
| NTA: | National Transfer Accounts |
| OECD: | Organisation for Economic Co-operation and Development |
| PPP: | Purchasing Power Parity (क्रयशक्ति समता) |
| RMF: | Recommended Methodological Framework |
| SBR: | Statistical Business Register (व्यावसायिक तथ्याङ्कीय रजिस्टर) |
| SCO: | Statistics Coordination Office (तथ्याङ्क समन्वय कार्यालय) |
| SDG: | Sustainable Development Goal (दिगो विकास लक्ष्य) |
| SEEA: | System of Environmental-Economic Accounting |
| SNA: | System of National Accounts |
| SUT: | Supply and Use Table |
| TSA: | Tourism Satellite Account |
| UNFPA: | United Nations Population Fund |
| UNHABITAT: | United Nations Human Settlements Programme |
| UNICEF: | United Nations Children's Fund |
| प्र.श.: | प्रतिशत |
| सर्वेक्षण सामग्री: | स्याम्पल डिजाइन, प्रश्नावली तथा गणना पुस्तिका निर्माण |
| आ.व.: | आर्थिक वर्ष |

# भाग १: परिचय

## १.१ पृष्ठभूमि

**"कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३/८४"** राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO) र मातहतका तथ्याङ्क समन्वय कार्यालयहरू (SCOs) बाट सञ्चालन हुने सम्पूर्ण कार्यक्रमहरूमा मानकीकरण, एकरूपता र सुशासन कायम गर्न तथ्याङ्क ऐन, २०७९ को दफा २४(ग) ले दिएको अधिकार प्रयोग गरी तयार पारिएको हो।

नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ५ मा उल्लिखित सङ्घको अधिकार क्षेत्र –"केन्द्रीय तथ्याङ्क" लाई मूल आधार मान्दै विषयगत आवश्यकता अनुसार अनुसूची ६ (प्रदेश तथ्याङ्क), अनुसूची ७ (सङ्घ र प्रदेशको साझा अधिकार – सहकारी, यातायात), अनुसूची ८ (स्थानीय तथ्याङ्क) र अनुसूची ९ (सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार – कृषि, स्वास्थ्य, वातावरण, पर्यटन, जल उपयोग) मा रहेका संवैधानिक अधिकार एवम् कार्यक्षेत्र अनुकूल हुने गरी स्वीकृत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि यो मार्गदर्शन तयार गरिएको छ।

यस्तै, तथ्याङ्क ऐन, २०७९ (विशेष गरी दफा ४–तथ्याङ्कीय मापदण्ड, दफा २४–गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्क सञ्चालन, दफा ३३–वार्षिक प्रगति प्रतिवेदन पेस गर्ने दायित्व, दफा ३६(२)(ग)–कार्यविधि निर्माण, खुला तथ्याङ्क एवम् गोपनीयतासम्बन्धी व्यवस्था), तथ्याङ्क नियमावली, २०८० (नियम ८ र ९) तथा तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति दोस्रो (२०८१/८२-२०८५/८६) लाई मुख्य आधार मानी कार्यक्रमहरू छनोट एवम् स्वीकृत गरिएका छन्।

## १.२ उद्देश्य

यस मार्गदर्शनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- संवैधानिक र कानुनी दायित्व अनुकूल छनोट गरिएका प्रत्येक कार्यक्रमको बजेट, समयतालिका, जनशक्ति, कार्यविधि स्पष्ट पारी कार्यान्वयनलाई सहज, गुणस्तरीय, समयबद्ध र नतिजामुखी बनाउनु।
- तथ्याङ्क सङ्कलन, प्रशोधन, गोपनीयताको संरक्षण, खुला तथ्याङ्कमा पहुँच, अनुगमन र प्रतिवेदन प्रणालीलाई पारदर्शी एवम् प्रभावकारी बनाउनु।
- NSO का विषयगत शाखाहरू र मातहतका कार्यालयहरूको भूमिका र जिम्मेवारी स्पष्ट पार्दै सार्वजनिक स्रोत–साधनको मितव्ययी, कुशल र पारदर्शी उपयोग सुनिश्चित गरी शासकीय जवाफदेहिता अभिवृद्धि गर्नु।

## १.३ दायरा

यस मार्गदर्शनको प्रयोग तथा कार्यान्वयनको दायरा निम्नानुसार रहनेछः

- यो मार्गदर्शन NSO का सबै विषयगत शाखाहरू र मातहतका १८ वटै SCOs का लागि मुख्य सन्दर्भ सामग्री एवम् कार्यक्रम कार्यान्वयनको मूल आधार हुनेछ।

- कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन तथा प्रतिवेदन प्रणालीमा प्रत्यक्ष संलग्न हुने सबै तहका संरचना, संगठन र पदाधिकारीहरूले यसलाई मार्गदर्शनका रूपमा अनिवार्य पालना गर्नुपर्नेछ।
- यो मार्गदर्शन स्वीकृत भएको मितिदेखि लागू भई आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनमा पूर्ण रूपमा लागू रहनेछ।

## १.४ कार्यक्रम वर्गीकरण खाका

आ.व. २०८३/८४ मा सञ्चालन हुने ४० वटा कार्यक्रमहरूलाई चार समूहमा तल तालिकाबमोजिम वर्गीकरण गरिएको छ।

| समूह | कार्यक्रम | चालु आ.व.का कार्य | स्वीकृत बजेट (रू. लाखमा) |
|---|---|---|---|
| १. गणना | राष्ट्रिय आर्थिक गणना, २०८२ | तथ्याङ्क प्रशोधन, विश्लेषण तथा नतिजा प्रकाशन | ५७७.६३ |
| | राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३ | सामग्री निर्माण तथा तथ्याङ्क सङ्कलन | १५८.९७ |
| | राष्ट्रिय जनगणना, २०८८ | दस्तावेज तयारी | ९.२५ |
| २. सर्वेक्षण | आन्तरिक पर्यटन सर्वेक्षण | प्रदेशस्तरीय नतिजा सार्वजनीकरण | ०.९० |
| | स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२<br>व्यावसायिक तरकारीबाली सर्वेक्षण, २०८२<br>स्थल यातायात सर्वेक्षण, २०८२<br>सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण २०८२ | तथ्याङ्क प्रशोधन, विश्लेषण तथा नतिजा प्रकाशन | ११.३५<br>८.६८<br>७.६०<br>२.३० |
| | NMICS तथा NMICS Plus | तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा नतिजा प्रकाशन, अन्तरक्रिया | ३०.७१ |
| | नेपाल श्रमशक्ति सर्वेक्षण, चौथो | तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण | ५३२.९३ |
| | व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण, २०८३<br>मत्स्यपालन सर्वेक्षण, २०८३<br>विदेशी पर्यटकले नेपालमा गरेको खर्चसम्बन्धी सर्वेक्षण, २०८३/८४ | सामग्री तयारी तथा तथ्याङ्क सङ्कलन | ९५.८५<br>८१.४१<br>३८.१० |
| | वार्षिक घरपरिवार सर्वेक्षण, २०८४<br>अन्तर-जनगणना जनसाङ्ख्यिकीय तथा समावेशीकरण सर्वेक्षण, २०८४<br>नेपाल जीवस्तर सर्वेक्षण, पाँचौ | सर्वेक्षण सामग्री तयारी | १४.००<br>१२.२०<br>२.१० |
| | लैङ्गिक हिंसासम्बन्धी सर्वेक्षण<br>लागू औषध प्रयोग सम्बन्धी सर्वेक्षण | अन्तरक्रिया | १.५८<br>०.७० |
| ३. अध्ययन | उखुखेती सम्बन्धी अध्ययन<br>SEEA-Forest Ecosystem Accounting<br>सहरीक्षेत्र केन्द्रित अस्थायी जनसङ्ख्यासम्बन्धी अध्ययन | सामग्री तयारीदेखि नतिजासम्म (विभिन्न चरण) | ३०.८०<br>२०.४२<br>१८.५५ |

| समूह | कार्यक्रम | चालु आ.व.का कार्य | स्वीकृत बजेट (रू. लाखमा) |
|---|---|---|---|
| | सुन्तला बाली सर्वेक्षण/अध्ययन | | ५.२४ |
| ४. नियमित कार्यक्रम | राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन | आवधिक कार्यक्रम | ७.५५ |
| | Tourism Satellite Account (TSA) | | ३.५० |
| | National Transfer Accounts (NTA) | | ०.७० |
| | मूल्य तथा उत्पादन सूचकाङ्क | सालबसाली कार्यक्रम | १०६.३२ |
| | राष्ट्रिय लेखा अनुमान | | ९९.५१ |
| | राष्ट्रिय तथ्यगत विवरण (NDP) अद्यावधिक | | ७७.३१ |
| | क्षमता अभिवृद्धि | | ६९.७१ |
| | तथ्याङ्कीय साक्षरता | | ४५.३३ |
| | पालिका प्रोफाइल | | ३५.९८ |
| | नीतिगत कार्यान्वयन तथा सुधार | | ३१.५० |
| | लगत प्रशोधन तथा सूचना प्रविधि | | २२.९५ |
| | गणना क्षेत्र नक्शाङ्कन | | २०.६० |
| | तथ्याङ्क वितरण तथा प्रसारण | | १७.८९ |
| | तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया | | १७.७१ |
| | मानक तथा गुणस्तर निर्धारण | | १६.२० |
| | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP) | | १३.६० |
| | तथ्याङ्क दिवस | | १०.२४ |
| | सर्वेक्षण अनुमति तथा नमुना विधि व्यवस्थापन | | १०.०४ |
| | वार्षिक प्रतिवेदन | | ६.३६ |
| | सामाजिक तथा लैङ्गिक तथ्याङ्क | | ५.६३ |
| | वातावरण तथ्याङ्क | | ३.६५ |
| | मासिक, त्रैमासिक, अर्धवार्षिक एवम् वार्षिक प्रगति समीक्षा | | २.७० |
| | उपभोक्ता मूल्य सूचकाङ्क (CPI) | | ०.७० |

## १.५ मार्गदर्शन ढाँचा

नेपाल सरकारबाट स्वीकृत अवधारणा पत्रमा निर्दिष्ट प्रावधानहरूका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सरल, व्यवस्थित र एकरूपता कायम गर्न यो मार्गदर्शन देहाय बमोजिमको सात-बुँदे ढाँचामा तयार गरिएको छ।

### १.५.१ पृष्ठभूमि

#### (क) नीतिगत एवम् कानुनी प्रावधान

नेपालको संविधानका अनुसूचीहरू (अनुसूची ५, ६, ७, ८ र ९), तथ्याङ्क ऐन, २०७९ का सम्बन्धित दफाहरू, तथ्याङ्क नियमावली, २०८० का नियमहरू तथा तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२—२०८५/८६) का सम्बन्धित बुँदा/परिच्छेदमा भएको नीतिगत एवम् कानुनी व्यवस्था।

**(ख) कार्यक्रमको आवश्यकता पुष्टि गर्ने आधार**

कार्यक्रम सञ्चालन गर्नुपर्ने औचित्य र प्राविधिक/प्रशासनिक आवश्यकता।

**(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत, साधन तथा अन्य पक्ष**

चालु आ.व. मा सम्पादन हुने प्रमुख कार्यहरू, विनियोजित बजेट (वित्तीय स्रोत) र परिचालन हुने जनशक्ति स्रोतको विवरण।

### १.५.२ उद्देश्य

उद्देश्यलाई दायरा र समयसीमाका आधारमा दुई तहमा विभाजन गरिएको छ।

**(क) कार्यक्रमको समग्र उद्देश्यः**

कार्यक्रमका माध्यमबाट हासिल हुने दीर्घकालीन, संस्थागत एवम् नीतिगत लक्ष्यहरूसँग सम्बन्धित उद्देश्य।

**(ख) चालु आ.व. को उद्देश्यः**

चालु आ.व. भित्र सम्पन्न गरिने भौतिक तथा प्रत्यक्ष कार्यक्रमगत उपलब्धिसँग सम्बन्धित उद्देश्य।

### १.५.३ कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

**(क) कार्यक्रम सञ्चालन प्रक्रिया**

योजना तयारीदेखि कार्यान्वयन, तथ्याङ्क सङ्कलन, प्रशोधन, प्रतिवेदन तयारी तथा प्रेषणसम्मका चरणबद्ध प्रक्रियाहरू।

**(ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था**

कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बद्ध हुने सरकारी, गैरसरकारी तथा विकास साझेदार लगायतका सम्पूर्ण सरोकारवाला निकाय।

### १.५.४ सङ्घ, प्रदेश र स्थानीय तहमा दोहोरोपना नहुने सुनिश्चितता

सङ्घ, प्रदेश र स्थानीय तहबिच कार्यक्रमहरू दोहोरिन नदिनका लागि अवलम्बन गरिने पूर्व-समन्वय प्रणाली, सूचना आदानप्रदानका उपाय र अन्तर-तहगत कार्यगत समन्वय विधि।

### १.५.५ कार्ययोजना

कार्यक्रमको चरणबद्ध क्रियाकलाप, वार्षिक लक्ष्य, स्रोत-साधन, जिम्मेवार निकाय/शाखा, स्पष्ट समयसीमा, सम्भावित जोखिम तथा समाधानका उपाय र अनुगमन तथा मूल्याङ्कन सहितको कार्यान्वयन खाका।

### १.५.६ लागत अनुमान

स्वीकृत वार्षिक बजेट सीमाको परिधिभित्र रही प्रत्येक क्रियाकलापका लागि आवश्यक पर्ने परिमाण, आधारित दर र अनुमानित बजेट सहितको विस्तृत विवरण।

### १.५.७ नतिजा खाका

Output/Outcome सूचक, आधारभूत मान, लक्ष्य, प्रगति मापन गर्ने विधि र प्रतिवेदन गर्ने बारम्बारता।

## १.६ लागत अनुमान तथा बजेट सञ्चालनसम्बन्धी सामान्य व्यवस्था

**(क) कानुनी आधारः**

बजेट कार्यान्वयन तथा कार्यक्रम सञ्चालन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली एवम् प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम हुनेछ।

**(ख) दरको स्वरूप**

मार्गदर्शनमा उल्लिखित कार्यक्रमगत लागत अनुमानका दरहरू सांकेतिक मात्र भएकाले स्वीकृत कुल बजेटको सीमाभित्र रही कार्यक्रम सञ्चालन हुने स्थान (उपत्यकाभित्र/बाहिर), परिस्थिति र आवश्यकता अनुसार दरहरू फरक पर्न सक्नेछन्।

**(ग) बैठक तथा छपाई खर्च**

गणना, सर्वेक्षण तथा अन्य कार्यक्रमका लागि आवश्यक बैठक तथा छपाइसम्बन्धी खर्च अनुसूची-१ र अनुसूची-२ मा तोकिएको सीमा तथा मापदण्डको अधीनमा रही नियमानुसार भुक्तानी/खर्च गरिनेछ ।

## १.७ जोखिम विश्लेषण

यस मार्गदर्शन अन्तर्गतका अधिकांश कार्यक्रमहरू नियमित एवम् संस्थागत प्रकृतिका भई सम्भावित जोखिमको स्तर नगण्य रहेकाले आवश्यकता अनुसार सम्बन्धित विषयगत अध्यायमा मात्र 'जोखिम तथा समाधानका उपायहरू' समावेश गरिएको छ।

# भाग २: कार्यक्रमगत अवधारणा तथा कार्यढाँचा

यस भागमा राष्ट्रिय तथ्याङ्क कार्यालय (NSO) र मातहतका तथ्याङ्क समन्वय कार्यालय (SCO) बाट सञ्चालन गरिने कार्यक्रमहरूको कार्यक्रमगत अवधारणा तथा कार्यढाँचालाई निम्न चार मुख्य समूहमा विभाजन गरिएको छ।

२.१. गणना

२.२ सर्वेक्षण

२.३ अध्ययन

२.४ नियमित कार्यक्रम

प्रत्येक समूहभित्रका कार्यक्रमहरूलाई स्वीकृत बजेट (उच्चदेखि न्यूनतर्फ) का आधारमा क्रमबद्ध गरिएको छ। हरेक कार्यक्रम उल्लिखित सात-बुँदे ढाँचामा तयार गरिएको छ।

## २.१ गणना

### २.१.१ राष्ट्रिय आर्थिक गणना, २०८२

| | | | |
|---|---|---|---|
| कार्यक्रमको नाम | राष्ट्रिय आर्थिक गणना, २०८२ | कम्पोनेन्ट कोड | NSO- ३ |
| सञ्चालन गर्ने निकाय | आर्थिक गणना शाखा (NSO) | आर्थिक वर्ष | २०८३/८४ |

**१. पृष्ठभूमि**

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २३ (गणना सञ्चालन), "तथ्याङ्क सङ्कलन, नमुना छनोट, विश्लेषण तथा सम्परीक्षण सम्बन्धी कार्यविधि, २०८३" (परिभाषा, विधि र प्रक्रिया) एवम् NSDS-II को रणनीति ३.५.९(१) र ४.२.२(१३) (राष्ट्रिय आर्थिक गणना सञ्चालन), आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको बुँदा नं. १४८ एवम् बजेट वक्तव्यको बुँदा नं. ३०६ (राष्ट्रिय आर्थिक गणनाको तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने) मा भएको नीतिगत तथा कानुनी प्रावधान बमोजिम यो कार्यक्रम सञ्चालन गरिएको हो।

राष्ट्रिय अर्थतन्त्रको यथार्थ संरचना एवम् अनौपचारिक क्षेत्रको अद्यावधिक तथ्याङ्कको अभावमा वस्तुनिष्ठ नीति निर्माणमा चुनौती रहनुका साथै राष्ट्रिय लेखा अनुमानको आधारवर्ष परिवर्तनका लागि अद्यावधिक तथ्याङ्कीय आधार उपलब्ध नभएकाले यो कार्यक्रम सञ्चालन गर्न अत्यावश्यक देखिएको छ।

गत आर्थिक वर्षमा स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भई हाल डेटा इन्ट्री अपरेटर तथा कोडरको छनोट र तालिम कार्य सम्पन्न भई डेटा कोडिङ/इडिटिङ र डेटा इन्ट्री कार्य सुरू भएको छ। चालु आर्थिक वर्षमा तथ्याङ्क प्रशोधन, विश्लेषण तथा नतिजा प्रकाशनसम्बन्धी कार्यहरू सम्पन्न गरिनेछ।

कार्यक्रम सञ्चालनका लागि NSO पुँजीगत खर्चतर्फ रू. ३५.३० लाख (सर्भर, नेटवर्किङ, ब्याकअप प्रणाली लगायत) र चालु खर्चतर्फ रू. ५४२.३३ लाख (बैठक, सञ्चार, कार्यालय सामग्री, करार जनशक्ति, तालिम, कार्यशाला लगायत) गरी कुल रू. ५७७.६३ बजेट विनियोजन भएको छ। कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न

आर्थिक गणना शाखाको मौजुदा जनशक्तिका अतिरिक्त आवश्यकता अनुसार नेटवर्किङ विशेषज्ञ, तथ्याङ्क प्राविधिक, ड्यासबोर्ड निर्माण विशेषज्ञ, कोडर, डेटा इन्ट्री अपरेटर र सुपरभाइजर लगायत कुल २५४ जना करार जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- मुलुकभर सञ्चालनमा रहेका औपचारिक तथा अनौपचारिक प्रतिष्ठानहरूको यथार्थ व्यावसायिक तथ्याङ्कीय रजिस्टर तयार गर्ने।
- मुलुकमा विद्यमान रोजगारी, खर्च, लगानी र आम्दानी लगायतको भरपर्दो तथा विश्वसनीय तथ्याङ्क उत्पादन गर्ने।
- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन र अन्य समष्टिगत आर्थिक सूचक निर्माणका लागि आधारभूत तथ्याङ्क उपलब्ध गराउने।
- तीनवटै तहका सरकार (सङ्घ, प्रदेश र स्थानीय) को आर्थिक संरचना विश्लेषणका लागि आवश्यक आधारभूत तथ्याङ्क उत्पादन गर्ने।

### (ख) चालु आ.व. को उद्देश्य

- डेटा इन्ट्री, सम्पादन र भ्यालिडेशन मार्फत तथ्याङ्कको शुद्धता र गुणस्तर सुनिश्चित गर्नु।
- प्राप्त डेटालाई व्यवस्थित डेटाबेसमा रूपान्तरण गरी आधिकारिक प्रतिवेदन प्रकाशन गर्नु।
- नतिजा पोर्टल तथा अन्य माध्यममार्फत प्रशोधित नतिजाहरू पारदर्शी रूपमा प्रसारण गर्नु।
- NSIC को मस्यौदा अनुसार व्यावसायिक तथ्याङ्कीय रजिस्टर अद्यावधिक गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम रहेको छ।

पूर्वाधार निर्माण (प्रश्नावली भण्डारण, कोडिङ तथा डेटा इन्ट्री कक्ष, डेटा इन्ट्री एप्लिकेसन कार्य) → डेटा कोडिङ, डेटा इन्ट्री, सम्पादन तथा प्रशोधन कार्य → गुणस्तर परीक्षण र भ्यालिडेशन कार्य → तालिकीकरण तथा विश्लेषण कार्य → प्रारम्भिक नतिजा प्रतिवेदन तयारी कार्य → प्रारम्भिक नतिजा प्रतिवेदन सार्वजनिकीकरण → राष्ट्रिय नतिजा प्रतिवेदन तयारी → राष्ट्रिय नतिजा प्रतिवेदन सार्वजनिकीकरण।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

कार्यक्रम कार्यान्वयनमा सम्बन्धित विषयगत मन्त्रालय/कार्यालय/आयोग, अर्थतन्त्रका विभिन्न क्षेत्रसँग सम्बद्ध उद्योग वाणिज्य महासङ्घ, चेम्बर अफ कमर्स, विषयगत व्यावसायिक सङ्घ/महासङ्घहरू, गैर-सरकारी संस्थाहरू, गैर-नाफामूलक सेवा प्रदायक संस्थाहरू, अनुसन्धान प्रतिष्ठानहरू, विकास साझेदार प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सम्बद्ध हुनेछन्।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो कार्यक्रम NSO बाट केन्द्रीय रूपमा सञ्चालन हुने राष्ट्रव्यापी गणना भएकाले सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने अन्य तथ्याङ्कीय कार्यक्रमहरूसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | खर्च शीर्षक/ क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट (रू. लाखमा) | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय आर्थिक गणना, २०८२ | | | | | | | |
| १ | ३११२२, २.१.७.१३ | कोडिङ/इडिटिङ र डेटा इन्ट्री कक्ष तयार गर्ने | १०० प्र.श. | ३५.६० | प्रशासन शाखा | साउन | - |
| २ | २.७.२५.११५४ | कोडर, अपरेटर तथा सुपरभाइजर छनोट कार्य | १०० प्र.श. | १.६८ | आ.ग.शा. | साउन | - |
| ३ | २२४१३, २२४१९ | आवश्यक जनशक्ति नियुक्ति (लोडर, कोडर, अपरेटर, सुपरभाइजर, का.स., ह.स.चा.) | २५१ जना | ३१३.६३ | प्रशासन शाखा | साउन | - |
| ४ | १.२.९.२४ | अतिरिक्त समय काम खाजा/खाना खर्च | २० जना | १७.२० | आ.ग.शा. | साउन-फागुन | - |
| ५ | २.७.२५.१२०१ | आर्थिक गणना निश्चित रकम | ३० जना | ४४.८० | आ.ग.शा. | साउन-फागुन | - |
| ६ | २.४.४.१० | लगत प्रशोधन सामग्री खरिद | २ पटक | १.३५ | आ.ग.शा. | भदौ | - |
| ७ | २.६.२.९३ | तालिम | ४ पटक | ५.४० | आ.ग.शा. | भदौ | - |
| ८ | - | डेटा इन्ट्री एप्लिकेसन तयार गर्ने | १ पटक | ०.०० | भ.सू.प्र.शा. र ल.प्र.सू.प्र.शा. | भदौ | - |
| ९ | २.८.१.१८१ | फिल्ड भेरिफिकेसन/भ्यालिडेशन कार्यशाला र कार्य | १०० प्र.श. | २२.९९ | आ.ग.शा. | भदौ-माघ | - |
| १० | ८.१.६.१२ | गाडी भाडा – स्थलगत डेटा भ्यालिडेशन | १ वटा | १२.०० | आ.ग.शा. | भदौ-फागुन | - |
| ११ | २.५.२.६५ | नेटवर्किङका लागि करार सेवा | १ जना | ३.०० | आ.ग.शा. | असोज | प्रक्रियामा ढिलाइ |
| १२ | २.५.२.६६ | तथ्याङ्क प्राविधिक करार सेवा | १ जना | ७.०० | आ.ग.शा. | असोज | प्रक्रियामा ढिलाइ |

| क्र.सं. | खर्च शीर्षक/ क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट (रू. लाखमा) | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १३ | २.५.२.६९ | ड्यासबोर्ड निर्माण करार | १ जना | ५.०० | आ.ग.शा. | मङ्सिर | - |
| १४ | २.५.५.२७ | नतिजा पोर्टल र वेब पोर्टल निर्माण कार्यशाला | २ वटा | ९.७० | आ.ग.शा. | मङ्सिर | - |
| १५ | २.६.६.१६९ | नतिजा विश्लेषण तथा तालिका तयार | १० पटक | १३.३७ | आ.ग.शा. अ.शा. | फागुन | - |
| १६ | - | राष्ट्रिय प्रतिवेदन तयारी | १ पटक | ०.०० | आ.ग.शा. | फागुन | - |
| १७ | २.७.२५.११६४ | राष्ट्रिय प्रतिवेदन सार्जवनिकीकरण | १ पटक | ३.५० | आ.ग.शा. | वैशाख | - |
| १८ | २.४.१२.११६ | प्रतिवेदनहरू तथा अन्य छपाई | ५ पटक | २५.२२ | आ.ग.शा. | असारसम्म | - |
| १९ | २.५.५.२८ | इन्फोग्राफिक्स, मेडिया कभरेज, डिजिटल कार्ड तयारी | १०० प्र.श. | ७.०० | आ.ग.शा. | असारसम्म | - |
| २० | २.७.२५.११७० | कार्यसमूह छलफल | १०० प्र.श. | २.१० | आ.ग.शा. | आवश्यकता अनुसार | - |
| २१ | १.२.४.४५ | समितिको बैठक | २० सङ्ख्या | ६.४० | आ.ग.शा. | आवश्यकता अनुसार | - |
| २२ | २.१.८.१६ | सञ्चार खर्च | ४० जना | २.४० | आ.ग.शा. | आवश्यकता अनुसार | - |
| २३ | २.४.१.१३८ | कार्यालय सामग्री खरिद | १०० प्र.श. | १९.८० | आ.ग.शा. | आवश्यकता अनुसार | - |
| २४ | २.८.२.४८ | भ्रमण खर्च | १०० प्र.श. | ५.०० | आ.ग.शा. | आवश्यकता अनुसार | - |
| २५ | २.९.८.२५ | विविध खर्च | १०० प्र.श. | ४.३९ | आ.ग.शा. | असार मसान्तसम्म | - |
| **NSIC Rev 5 तयारी** | | | | | | | |
| २६ | २.७.२५.१२०३ | NSIC Rev 5 मस्यौदा तयारी | १ पटक | २.१० | आ.ग.शा. | वैशाख | - |
| **व्यावसायिक तथ्याङ्कीय रजिस्टर (SBR) अद्यावधिक** | | | | | | | |
| २७ | २.७.२५.१२०५ | SBR अद्यावधिक | ५ क्षेत्र | ७.०० | आ.ग.शा. | जेठ | - |

*अ.शा.= अनुसन्धान शाखा, आ.ग.शा. = आर्थिक गणना शाखा, भ.सू.प्र.शा. = भौगोलिक सूचना प्रणाली शाखा, ल.प्र.सू.प्र.शा=लगत प्रशोधन तथा सूचना प्रविधि शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | डेस्कटप खरिद | १ वटा | २.५० | २.५० |
| २ | सर्भर खरिद/मर्मत/Upgradation | १०० प्र.श. | ०.२० | १९.८० |
| ३ | इलेक्ट्रिक/नेटवर्किङ उपकरण | १०० प्र.श. | ०.०२ | २.०० |
| ४ | सर्भर सेक्युरिटी | १०० प्र.श. | ०.०१ | १.०० |

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| ५ | ब्याकअप प्रणाली | ४ वटा | ०.५० | २.०० |
| ६ | पावर ब्याकअप | २ वटा | ४.०० | ८.०० |
| ७ | समितिहरूको बैठक खर्च | २० वटा | ०.३२ | ६.४० |
| ८ | अतिरिक्त समय खाजा/खाना खर्च | २० जना | ०.८६ | १७.२० |
| ९ | हाई स्पिड इन्टरनेट | १ पटक | ०.३० | ०.३० |
| १० | सञ्चार खर्च | ४० जना | ०.०६ | २.४० |
| ११ | कार्यालय सामग्री खरिद | १०० प्र.श. | ०.२० | १९.८० |
| १२ | लगत प्रशोधन सामग्री | २ पटक | ०.६८ | १.३५ |
| १३ | प्रतिवेदनहरू तथा अन्य छपाई | ५ पटक | ५.०४ | २५.२२ |
| १४ | विशेषज्ञ करार (नेटवर्किङ) | १जना | ३.०० | ३.०० |
| १५ | विषय विज्ञ करार (तथ्याङ्क प्राविधिक) | १जना | ७.०० | ७.०० |
| १६ | ड्यासबोर्ड निर्माण करार | १जना | ५.०० | ५.०० |
| १७ | नतिजा पोर्टल र वेब पोर्टल निर्माण कार्यशाला | २ पटक | ४.८५ | ९.७० |
| १८ | इन्फोग्राफिक्स/मेडिया कभरेज कार्यशाला | २ पटक | ०.०७ | ७.०० |
| १९ | लोडर करार | २ जना | २.२७ | ४.५३ |
| २० | कोडर करार | ८० जना | ०.७५ | ६०.०० |
| २१ | डेटा इन्ट्री अपरेटर करार | १६० जना | १.३८ | २२१.२९ |
| २२ | डेटा इन्ट्री/कोडर सुपरभाइजर करार | ५ जना | ३.०० | १५.०० |
| २३ | कार्यालय सहयोगी/चालक करार | ४ जना | ३.२० | १२.८१ |
| २४ | तालिम (कोडर/इन्ट्री/प्रशिक्षक) | ४ पटक | १.३५ | ५.४० |
| २५ | कार्यशाला (Dummy/क्लिनिङ/तालिकीकरण) | १० पटक | १.३४ | १३.३७ |
| २६ | भ्यालिडेशन कार्यशाला | ३ पटक | ३.६० | १०.८० |
| २७ | कोडर/अपरेटर छनोट खर्च | १०० प्र.श. | ०.०२ | १.६८ |
| २८ | नतिजा सार्वजनिकीकरण (केन्द्र) | १ पटक | ३.५० | ३.५० |
| २९ | कार्यसमूह छलफल | १०० प्र.श. | ०.०२ | २.१० |
| ३० | NSIC Rev 5 प्रारम्भिक मस्यौदा तयारी कार्यशाला | १ पटक | २.१० | २.१० |
| ३१ | आर्थिक गणना निश्चित रकम | ३० जना | १.४९ | ४४.८० |
| ३२ | फिल्ड भेरिफिकेसन/अनुगमन | १०० प्र.श. | ०.१२ | १२.१९ |
| ३३ | भ्रमण खर्च | १०० प्र.श. | ०.०५ | ५.०० |
| ३४ | विविध खर्च | १०० प्र.श. | ०.०४ | ४.३९ |
| ३५ | गाडी भाडा – डेटा भ्यालिडेशन | १ वटा | १२.०० | १२.०० |
| ३६ | SBR अद्यावधिक | ५ क्षेत्र | १.४० | ७.०० |
| **जम्मा** | | | | **५७७.६३** |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| डेटा प्रशोधन जनशक्ति | नियुक्ति | जना | ० | २४५ | वेबसाइट |
| डेटा इन्ट्री तथा सम्पादन | कोडिङ, इन्ट्री सम्पन्न | प्र.श. | ० | १०० | इन्ट्री सर्फटवेर |
| डेटा भ्यालिडेशन | स्थलगत भ्यालिडेशन सम्पन्न | प्र.श. | | १०० | भ्रमण प्रतिवेदन |
| डेटाबेस तयारी | अन्तिम डेटाबेस तयार | सङ्ख्या | ० | १ | प्रतिवेदन |
| प्रतिवेदन प्रकाशन | आर्थिक गणनाको प्रतिवेदन प्रकाशन | सङ्ख्या | १ | १ | वेबसाइट |
| नतिजा पोर्टल | नतिजा पोर्टल तथा ड्यासबोर्ड सञ्चालन | सङ्ख्या | ० | २ | वेबसाइट |
| नतिजा प्रसारण | इन्फोग्राफिक्स/डिजिटल कार्डमार्फत प्रसारण | प्र.श. | ० | १०० | वेबसाइट |
| NSIC Rev. 5 मस्यौदा | NSIC Rev. 5 प्रारम्भिक मस्यौदा तयार | सङ्ख्या | ० | १ | प्रतिवेदन |
| SBR अद्यावधिक | अद्यावधिक SBR डिजिटल प्रति | वटा | ० | ५ | वेबसाइट |

## २.१.२ राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३

| | | | |
|---|---|---|---|
| आयोजना/कार्यक्रमको नाम | राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३ | कम्पोनेन्ट कोड | NSO-२०, SCO-५९ |
| सञ्चालन गर्ने निकाय | औद्योगिक तथ्याङ्क शाखा (NSO) र SCOs | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधान अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (गणना तथा सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ३.५.९(१) र ४.२.२(११) (राष्ट्रिय औद्योगिक सर्वेक्षण सञ्चालनसम्बन्धी) मा भएको प्रावधानबमोजिम यो सर्वेक्षण दोस्रो पटक सञ्चालन गर्न लागिएको हो। अद्यावधिक औद्योगिक तथ्याङ्क उपलब्ध गराई औद्योगिक नीति तथा राष्ट्रिय लेखालाई सुदृढ बनाउन यो कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ।

गत आ.व.मा पूर्वतयारीका कार्यहरू तय गरिए तापनि राष्ट्रिय आर्थिक गणना, २०८२ मा जनशक्ति परिचालन भएका कारण प्राविधिक समितिको गठन र बैठक मात्र सम्पन्न हुन सकेको थियो। चालु आ.व.मा सर्वेक्षण सामग्री तयारी एवम् तथ्याङ्क सङ्कलन, र आगामी आ.व.मा तथ्याङ्क प्रशोधन, विश्लेषण तथा नतिजा प्रकाशन गर्ने कार्ययोजना रहेको छ।

चालु आ.व.का लागि NSO चालु खर्चतर्फ स्याम्पल डिजाइन, डेटा इन्ट्री प्रोग्राम तयारी, प्रश्नावली तथा गणना पुस्तिका तयारी, तालिम, गणना सामग्री खरिद तथा फिल्ड अनुगमनका लागि रू. ७१.३९ लाख र SCO चालु खर्चतर्फ तथ्याङ्क सङ्कलन, सुपरीवेक्षण र अनुगमनका लागि रू. ८७.५८ लाख गरी कुल रू. १५८.९७ लाख बजेट विनियोजन गरिएको छ। कार्यक्रम कार्यान्वयनका लागि औद्योगिक तथ्याङ्क शाखाको मौजुदा जनशक्तिका अतिरिक्त आवश्यकता अनुसार डेटा इन्ट्री प्रोग्रम तयारी तथा तथ्याङ्क सङ्कलन कार्यका लागि करार जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- अद्यावधिक संरचनागत औद्योगिक तथ्याङ्क उपलब्ध गराउनुका साथै अघिल्ला सर्वेक्षणहरूबाट प्राप्त तथ्याङ्कसँग तुलनायोग्य तथ्याङ्क उत्पादन गर्नु।
- तथ्यमा आधारित योजना तर्जुमा, नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन कार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउनु।

### (ख) चालु आ.व.को उद्देश्य

- राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३ को प्रश्नावली तयारी एवम् पूर्व-परीक्षण सम्पन्न गरी गणना पुस्तिका तयार गर्नु।
- तथ्याङ्क सङ्कलनका लागि डेटा इन्ट्री प्रोग्राम निर्माण गरी गणक/सुपरिवेक्षकहरूलाई आवश्यक तालिम प्रदान गर्नु।
- स्थलगत तथ्याङ्क सङ्कलनमार्फत गुणस्तरीय तथ्याङ्क सङ्कलन गरी प्रभावकारी सुपरीवेक्षण तथा अनुगमन सम्पन्न गर्नु।
- तथ्याङ्क प्रशोधनको लागि कोरा तथ्याङ्क तयार गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

स्याम्पल डिजाइन → प्रश्नावली तयारी र परीक्षण → गणना पुस्तिका तयारी → डेटा इन्ट्री प्रोग्राम → तालिम सञ्चालन (MTOT, प्रमुख/अधिकृतस्तर, सहायकस्तर) → तथ्याङ्क सङ्कलन, सुपरीवेक्षण तथा अनुगमन

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

विषयगत मन्त्रालयहरू तथा निजी क्षेत्रका पेसागत महासंघ तथा संघहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो राष्ट्रिय स्तरको तथ्याङ्कीय कार्य अन्य कुनै पनि निकायबाट सञ्चालन नहुने भएकाले कार्यक्षेत्र र तथ्याङ्क सङ्कलनमा कुनै दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.५५ | प्रश्नावली तयारी | १ पटक | २.७० | औ.त.शा. | असोज | - |
| २ | २.७.२५.११५२ | प्रश्नावली परीक्षण | १०० प्र.श. | २.८० | औ.त.शा. | कात्तिक | - |
| ३ | २.६.६.५५ | स्याम्पल डिजाइन | १ पटक | २.७० | औ.त.शा. | मङ्सिर | - |
| ४ | २.५.२.६७ | डेटा इन्ट्री प्रोग्रामर नियुक्ति | १ जना | ५.०० | प्र.शा. | मङ्सिर | - |
| ५ | २.६.६.५५ | गणना पुस्तिका तयारी | १ पटक | २.७० | औ.त.शा. | पुस | - |
| ६ | २.७.२५.११७७ | गणना सामग्री खरिद | १०० प्र.श. | ४.९० | प्र.शा. | पुस | - |
| ७ | २.६.३.३५ | MTOT | १ पटक | २.७० | औ.त.शा. | पुस | - |
| ८ | २.६.३.३५ | प्रमुख/अधिकृतस्तर तालिम | १ पटक | २.७० | औ.त.शा. | माघ | - |
| ९ | - | सुपरिवेक्षक/गणक छनोट | १ पटक | ०.०० | औ.त.शा. | माघ | - |
| १० | २.६.३.३५ | सहयाकस्तर तालिम | ३ पटक | ८.२९ | औ.त.शा. | फागुन | - |
| ११ | २.७.२५.११७९ | गणना सामग्री ढुवानी | १०० प्र.श. | २.१० | प्र.शा., SCOs | फागुन, असार | - |
| १२ | २.७.२५.११७५ | तथ्याङ्क सङ्कलन | १०० प्र.श. | ९२.६२ | SCOs | चैत-असार | अनुत्तर/पैरवी |
| १३ | २.८.१.१८४<br>२.८.१.१८५ | सुपरीवेक्षण तथा अनुगमन | १०० प्र.श. | २९.७६ | औ.त.शा.<br>SCOs | चैत-असार | - |

*औ.त.शा. = औद्योगिक तथ्याङ्क शाखा, प्र.शा. = प्रशासन शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | प्रश्नावली तयारी | १ पटक | २.७० | २.७० |
| २ | प्रश्नावली परीक्षण | १०० प्र.श. | ०.०२८ | २.८० |
| ३ | स्याम्पल डिजाइन | १ पटक | २.७० | २.७० |
| ४ | डेटा इन्ट्री प्रोग्रामर नियुक्ति | १ जना | ५.०० | ५.०० |
| ५ | गणना पुस्तिका तयारी | १ पटक | २.७० | २.७० |
| ६ | गणना सामग्री खरिद | १०० प्र.श. | ०.०४९ | ४.९० |
| ७ | MTOT | १ पटक | २.७० | २.७० |
| ८ | प्रमुख/अधिकृतस्तर तालिम | १ पटक | २.७० | २.७० |
| ९ | सुपरिवेक्षक/गणक छनोट | १ पटक | ०.०० | ०.०० |
| १० | सहयाकस्तर तालिम | ३ पटक | २.७६ | ८.२९ |
| ११ | गणना सामग्री ढुवानी | १०० प्र.श. | ०.०२१ | २.१० |
| १२ | तथ्याङ्क सङ्कलन | १०० प्र.श. | ०.०९२ | ९२.६२ |
| १३ | सुपरीवेक्षण तथा अनुगमन | १०० प्र.श. | ०.०२९ | २९.७६ |
| **जम्मा** | | | | **१५८.९७** |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| प्रश्नावली तयारी | प्रश्नावली फाराम | पटक | ० | १ | प्रकाशित प्रश्नावली |
| प्रश्नावली परीक्षण | भरिएका फाराम | प्र.श. | ० | १०० | भ्रमण प्रतिवेदन |
| स्याम्पल डिजाइन | स्याम्पल छनोट सङ्ख्या | पटक | ० | १ | प्रतिवेदन |
| डेटा इन्ट्री प्रोग्रामर नियुक्ति | नियुक्ति | जना | ० | १ | करारनामा |
| गणना पुस्तिका तयारी | गणना पुस्तिका | पटक | ० | १ | प्रकाशित गणना पुस्तिका |
| गणना सामग्री खरिद | गणना सामग्री | प्र.श. | ० | १०० | खर्च फाँटवारी |
| MTOT, प्रमुख/अधिकृतस्तर, सहायकस्तर तालिम | तालिम सञ्चलन सङ्ख्या | पटक | ० | ५ | कार्यक्रम प्रतिवेदन |
| सुपरिवेक्षक/गणक छनोट | छनोट नामावली | पटक | ० | १ | वेबसाइट |
| गणना सामग्री ढुवानी | ढुवानी भएको सामग्री | प्र.श. | ० | १०० | केन्द्रमा सङ्कलित फाराम |
| तथ्याङ्क सङ्कलन | स्थलगत विवरण प्रतिवेदन | प्र.श. | ० | १०० | कार्यालय प्रतिवेदन |
| सुपरीवेक्षण तथा अनुगमन | स्थलगत विवरण प्रतिवेदन | प्र.श. | ० | १०० | भ्रमण प्रतिवेदन |

## २.१.३ राष्ट्रिय जनगणना, २०८८

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | राष्ट्रिय जनगणना, २०८८ | **कम्पोनेन्ट कोड** | NSO-३६ |
| **सञ्चालन गर्ने निकाय** | जनसङ्ख्या शाखा (NSO) | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ८ (स्थानीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (गणना सञ्चालन), NSDS-II को रणनीति नं. ४.२.२(६) (राष्ट्रिय जनगणना २०८८ को तयारी कार्य प्रारम्भ गर्ने) मा भएको नीतिगत प्रावधानबमोजिम वि.सं. २०८८ मा सञ्चालन हुने तेह्रौं राष्ट्रिय जनगणनाको पूर्व-तयारी कार्य चालु आर्थिक वर्षबाटै प्रारम्भ गर्न लागिएको हो। राष्ट्रिय महत्त्वको यस जनगणनालाई व्यवस्थित, प्रविधिमैत्री र गुणस्तरीय बनाउन प्रारम्भिक तयारी समयमै सुरू गर्नु आवश्यक देखिएको छ।

चालु आ.व.मा जनसाङ्ख्यिक सूचक तथा अनुसन्धान विधि निर्धारण, परियोजना दस्तावेज तयारी, ऐतिहासिक दस्तावेज सङ्कलन तथा प्रकाशन र Census Nepal वेबसाइट सुदृढीकरण जस्ता प्रारम्भिक कार्यहरू सम्पादन गरिनेछन्। कार्यक्रम सञ्चालनका लागि NSO चालु खर्चतर्फ कुल रू. ९.२५ लाख बजेट विनियोजन गरिएको छ। जनसङ्ख्या शाखाका मौजुदा जनशक्तिका अतिरिक्त, आवश्यकता अनुसार जनसाङ्ख्यिकीविद्, अनुसन्धानकर्ता र प्राविधिक विषय विज्ञहरूबाट परामर्श लिइनेछ।

## २. उद्देश्य

- राष्ट्रिय जनगणना २०८८ को लागि जनसाङ्ख्यिक सूचक तथा अनुसन्धान विधिसम्बन्धी प्रारम्भिक निक्यौंल गर्नु।
- जनगणनासम्बन्धी परियोजना दस्तावेज लगायत आवश्यक पूर्व-तयारी कार्य सम्पन्न गर्नु।
- जनसङ्ख्या तथा जनगणनासम्बन्धी ऐतिहासिक दस्तावेजहरू सङ्कलन तथा प्रकाशन गर्नु।
- Census Nepal Website सुदृढीकरण तथा अद्यावधिक गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

Census Nepal Website सुदृढीकरण तथा अद्यावधिक → जनसाङ्ख्यिक सूचक तथा अनुसन्धान विधिसम्बन्धी विषय विज्ञ/सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया → परियोजना दस्तावेज तयारी → ऐतिहासिक दस्तावेज सङ्कलन → ऐतिहासिक दस्तावेज प्रकाशन।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

जनसांख्यिकीविद्, अनुसन्धान संस्थाहरू तथा विकास साझेदार निकायहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

राष्ट्रिय जनगणना NSO बाट केन्द्रीय रूपमा सञ्चालन हुने राष्ट्रव्यापी गणना भएकाले सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने अन्य कार्यक्रमसँग दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.२५.११९८ | Census Website सुदृढीकरण तथा अध्यावधिक | १०० प्र.श. | १.०५ | जनसङ्ख्या शाखा | असोज | |
| २ | २.७.२५.११९६ | परियोजना दस्तावेज तयारी कार्यशाला | २ पटक | ०.७० | जनसङ्ख्या शाखा | असोज जेठ | |
| ३ | २.७.२५.११९७ | ऐतिहासिक दस्तावेज तयारी कार्यशाला | ३ पटक | ३.५० | जनसङ्ख्या शाखा | असोज, पुस, चैत | |
| ४ | २.६.६.८१ | सूचक तथा अनुसन्धान विधिसम्बन्धी अन्तरक्रिया | १ पटक | २.७० | जनसङ्ख्या शाखा | चैत | |
| ५ | २.९.८.२४ | विविध खर्च | १०० प्र.श. | १.३० | जनसङ्ख्या शाखा | आवश्यकता अनुसार | |

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | Census Website सुदृढीकरण तथा अध्यावधिक | १०० प्र.श. | ०.०१०५ | १.०५ |
| २ | परियोजना दस्तावेज तयारी कार्यशाला | २ पटक | ०.३५ | ०.७० |
| ३ | ऐतिहासिक दस्तावेज तयारी कार्यशाला | ३ पटक | ०.८७५ | ३.५० |
| ४ | सूचक तथा अनुसन्धान विधिसम्बन्धी अन्तरक्रिया | १ पटक | २.७० | २.७० |
| ५ | विविध खर्च | १०० प्र.श. | ०.०१३ | १.३० |
| जम्मा | | | | ९.२५ |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| Census Website सुदृढीकरण/अध्यावधिक | वेबसाइट अद्यावधिक भएको | प्र.श. | ० | १०० | वेबसाइट |
| परियोजना दस्तावेज तयारी कार्यशाला | परियोजना दस्तावेज तयार भएको | पटक | ० | २ | परियोजना दस्तावेज |
| ऐतिहासिक दस्तावेज तयारी कार्यशाला | ऐतिहासिक दस्तावेज सङ्कलन/प्रकाशन सम्पन्न | पटक | ० | ३ | ऐतिहासिक दस्तावेज |
| सूचक तथा अनुसन्धान विधिसम्बन्धी अन्तरक्रिया | अन्तरक्रिया/कार्यशाला सम्पन्न सङ्ख्या | पटक | ० | १ | कार्यक्रम प्रतिवेदन |

## २.२ सर्वेक्षण

### २.२.१ नेपाल श्रमशक्ति सर्वेक्षण, चौथो

| आयोजना/कार्यक्रमको नाम | नेपाल श्रमशक्ति सर्वेक्षण, चौथो (NLFS) | कम्पोनेन्ट कोड | NSO-११, SCO-६१ |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | श्रम तथ्याङ्क शाखा (NSO) र SCOs | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (गणना सञ्चालन) एवम् NSDS-II को रणनीति ३.५.९(२) र ४.२.२(५) (श्रमशक्ति सर्वेक्षण सञ्चालन) मा भएको प्रावधान बमोजिम श्रम तथ्याङ्कको आपूर्तिको लागि चौथो पटक यो सर्वेक्षण सञ्चालन आवश्यक देखिएको छ।

छनोट भएका ९२० गणना क्षेत्रहरूमध्ये गत आ.व. मा ३०४ वटाको स्थलगत तथ्याङ्क सङ्कलन सम्पन्न भईसकेको छ। चालु आ.व. मा बाँकी ६१६ गणना क्षेत्रहरूको स्थलगत तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण, नतिजा तयारी तथा प्रतिवेदन लेखनका कार्यहरू गरिनेछन्। चालु आ.व. का लागि NSO चालु खर्चतर्फ रू. ५०२.७४ लाख र SCO मा रू. ३०.१९ लाख गरी कुल रू. ५३२.९३ लाख बजेट विनियोजन गरिएको छ।स्थलगत तथ्याङ्क सङ्कलनका लागि २० जना सुपरिवेक्षक र ६० जना गणकसमेत गरी ८० जना करार जनशक्ति खटाइनेछ भने NSO को श्रम तथ्याङ्क शाखाका मौजुदा जनशक्ति तथा SCO का जनशक्तिहरू अनुगमन र व्यवस्थापनमा रहनेछन्।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- देशमा रहेको रोजगारी, बेरोजगारी, श्रमिकहरूको अवस्था, काम गर्ने समय, कामको प्रकृति, शिक्षा, सिप आदिको अवस्थाबारे अद्यावधिक तथ्याङ्क उपलब्ध गराउनु।
- स्वयंसेवाको काम, बाध्यकारी श्रम, बालश्रम तथा जोखिमयुक्त काम र समय उपयोगसम्बन्धी विस्तृत तथ्याङ्क उपलब्ध गर्नु।
- अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य श्रम तथ्याङ्क उपलब्ध गराउनुका साथै दिगो विकास लक्ष्यका श्रम सूचकहरू उत्पादन गर्नु।
- सोह्रौं योजनाले लिएका श्रमसम्बन्धी लक्ष्यहरूको अनुगमनका लागि तथ्याङ्क आपूर्ति गर्नु।
- मानव स्रोत नीति/योजना तर्जुमा, अनुगमन तथा प्रभाव मापनका लागि आधार प्रदान गर्नु।

### (ख) चालु आ.व. को उद्देश्य

- बाँकी गणना क्षेत्रको स्थलगत तथ्याङ्क सङ्कलन सम्पन्न गर्नु।
- सङ्कलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषण गरी नतिजा तयारी गरी प्रतिवेदन लेखन सम्पन्न गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

करार जनशक्ति व्यवस्थापन (पुराना जनशक्तिको सम्झौता नवीकरण र काम छोडेका स्थानमा नयाँ नियुक्ति) → मोरङ, धनुषा, काठमाडौं, कास्की, दाङ, सुर्खेत र कैलालीस्थित SCO मार्फत फिल्ड खटनपटन → स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण → तथ्याङ्क प्रशोधन तथा विश्लेषण → मस्यौदा प्रतिवेदन तयारी।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

युवा, श्रम तथा रोजगार मन्त्रालय, ILO।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

NSO ले करार जनशक्ति नियुक्ति, तथ्याङ्क विश्लेषण, नतिजा तयारी एवम् प्रतिवेदन लेखनको कार्य गर्नेछ भने SCO ले करार जनशक्तिको परिचालन, तथ्याङ्क सङ्कलन र सुपरीवेक्षणको दायित्व सम्हाल्नेछ। अनुगमनको कार्य NSO र SCO बाट स्वीकृत कार्यतालिका बमोजिम संयुक्त रूपमा हुनेछ भने आवश्यक परेमा SCO मार्फत स्थानीय तहसँग समन्वय गरी सम्भावित दोहोरोपना पूर्ण रूपमा नियन्त्रण गरिनेछ। यो सर्वेक्षण अन्य कुनै निकायबाट सञ्चालन नहुने भएकाले दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | खर्च शीर्षक/ क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.४.१.१४३ | गणना सामग्री खरिद | १०० प्र.श. | १०.३५ | श्र.त.शा., SCOs | साउन | - |
| २ | २.१.८.१८ | संचार खर्च | १०० प्र.श. | ५.१० | श्र.त.शा., SCOs | साउन-फागुन | - |
| ३ | २.५.१०.२७ | सहयोगी कर्मचारी करार | २ जना | ५.९३ | प्रशासन शाखा | साउन | - |
| ४ | २.२.२.४५ | इन्धन | ३५१६ लिटर | ५.७० | SCOs | साउन-फागुन | - |
| ५ | २.५.७.१५७ २.५.७.१५८ | स्थलगत तथ्याङ्क सङ्कलन | ८० जना | २१३.५० | SCOs | साउन-फागुन | रजिनामा/ वैकल्पिक सूची |
| ६ | २.७.२५.१२४३ २.८.१.१९८ | स्थलगत तथ्याङ्क अनुगमन | १०० प्र.श. | २७८.५३ | श्र.त.शा., SCOs | साउन-फागुन | - |
| ७ | २.६.६.१२५ | सङ्कलन समीक्षा तथा समापन | २ पटक | ५.४० | श्र.त.शा., SCOs | पुस चैत | - |
| ८ | २.६.६.१२२ | तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी कार्यशाला | ४ पटक | ७.२० | श्र.त.शा. अ.शा. | पुस, माघ फागुन, चैत | - |
| ९ | २.९.६.१५ | छलफल कार्य | १०० प्र.श. | १.२२ | श्र.त.शा. | आवश्यकता अनुसार | - |

*श्र.त.शा.= श्रम तथ्याङ्क शाखा, अ.शा.= अनुसन्धान शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | गणना सामग्री खरिद | १०० प्र.श. | ०.१०५ | १०.३५ |
| २ | संचार खर्च | १०० प्र.श. | ०.०५१ | ५.१० |
| ३ | सहयोगी कर्मचारी करार | २ जना | २.९६५ | ५.९३ |
| ४ | इन्धन | ३५१६ लिटर | ०.००0१६२ | ५.७० |
| ५ | स्थलगत तथ्याङ्क सङ्कलन | ८० जना | २.६७ | २१३.५० |
| ६ | स्थलगत तथ्याङ्क अनुगमन | १०० प्र.श. | २.७८५३ | २७८.५३ |
| ७ | सङ्कलन समीक्षा तथा समापन | २ पटक | २.७० | ५.४० |
| ८ | तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी कार्यशाला | ४ पटक | १.८० | ७.२० |
| ९ | छलफल कार्य | १०० प्र.श. | ०.०१२२ | १.२२ |
| **जम्मा** | | | | **५३२.९३** |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| गणना सामग्री खरिद | गणना सामग्री खरिद सम्पन्न | प्र.श. | ० | १०० | खर्च फाँटवारी |
| संचार खर्च | संचार महसुल भुक्तानी भएको | प्र.श. | ० | १०० | खर्च फाँटवारी |
| सहयोगी कर्मचारी करार | करार कर्मचारी नियुक्त | जना | ० | २ | करारनामा |
| स्थलगत तथ्याङ्क सङ्कलन | परिचालित करार जनशक्ति सङ्ख्या | जना | ० | ८० | भ्रमण प्रतिवेदन |
| स्थलगत तथ्याङ्क अनुगमन | अनुगमन सम्पन्न गणना क्षेत्र | प्र.श. | ० | १०० | भ्रमण प्रतिवेदन |
| सङ्कलन समीक्षा तथा समापन | समीक्षा सङ्ख्या | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी कार्यशाला | कार्यशाला सङ्ख्या | पटक | ० | ४ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| छलफल कार्य | छलफल सङ्ख्या | प्र.श. | ० | १०० | छलफल प्रतिवेदन |

## २.२.२ व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण, २०८३

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण, २०८३ | **कम्पोनेन्ट कोड** | NSO-३३, SCO-५६ |
| **सञ्चालन गर्ने निकाय** | कृषि तथ्याङ्क शाखा (NSO) र SCOs | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ९ (कृषि), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (गणना सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(१०) (चिया कफी खेती सर्वेक्षण सञ्चालन) मा भएको प्रावधानबमोजिम नेपालको अर्थतन्त्रमा मुख्य योगदान रहेको कृषि क्षेत्रको तथ्याङ्कलाई व्यवस्थित र वैज्ञानिक बनाउन चालु आ.व.मा यो सर्वेक्षण सञ्चालन गर्न लागिएको हो।

मुख्यतः पूर्वी पहाडी जिल्लामा तीव्र गतिमा भईरहेको चिया खेती र मध्य पहाडी जिल्लामा फस्टाउँदै गएको कफी खेतीको व्यावसायिकता, उत्पादन, रोजगारी, बजार व्यवस्थापन तथा निर्यात क्षमतासम्बन्धी अद्यावधिक तथ्याङ्कको आपूर्तिका लागि यो कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ। चालु आ.व. मा सूचीकरण, नमुना छनोट, प्रश्नावली तथा गणना पुस्तिका तयारी, तालिम एवम् स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पादन गरिनेछन्। कार्यक्रम सञ्चालनका लागि कुल रू. ९५.८५ लाख (सामग्री तयारी तथा तालिमको लागि NSO मा रू. ४०.२६ लाख र फिल्ड कार्यको लागि SCO मा रू. ५५.५९ लाख) बजेट विनियोजन भएको छ। कृषि तथ्याङ्क शाखा र SCO का मौजुदा जनशक्तिका अतिरिक्त आवश्यकता अनुसार करार जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- कृषि क्षेत्रको नीति निर्माण र योजना तर्जुमाका लागि सरकारलाई भरपर्दो, वस्तुनिष्ठ र अद्यावधिक व्यावसायिक कृषि तथ्याङ्क उपलब्ध गराउनु।

### (ख) चालु आ.व.को उद्देश्य

- व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण, २०८३ को प्रारम्भिक खाका तयार गरी सूचीकरण, नमुना छनोट, प्रश्नावली स्वीकृत, र स्थलगत तथ्याङ्क सङ्कलन कार्य सफलतापूर्वक सम्पन्न गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

सरोकारवालाहरूसँग कार्यशाला → प्रश्नावली तथा निर्देशिका निर्माण → नमुना छनोट तथा निर्धारण → केन्द्रीय तथा प्रादेशिक स्तरको तालिम → SCO मार्फत करार जनशक्ति परिचालन गरी सूचीकरण → मुख्य फिल्ड कार्य तथा सुपरीवेक्षण।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रतिनिधि तथा स्थानीय तहका कृषि शाखा हेर्ने कर्मचारी।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चतता

सूचीकरण कार्य SCO मार्फत सम्पादन हुने, NSO ले केन्द्रीय स्तरबाटै एकीकृत रूपमा नमुना छनोट गर्ने र SCO मार्फत प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिने भएकाले दोहोरोपना हुने सम्भावना रहँदैन। स्थानीय तहका कृषि शाखालाई स्थलगत समन्वय र सुपरीवेक्षणमा मात्र सहभागी गराइनेछ।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.५.१०.२९ | सहयोगी कर्मचारी करार | १ जना | २.९७ | प्रशासन शाखा | साउन | - |
| २ | २.६.६.६० | सूचीकरण अभिमुखीकरण | १ पटक | २.७० | कृ.त.शा. | भदौ | - |
| ३ | २.७.२५.११५६<br>२.७.२५.११५७ | सूचीकरण | १०० प्र.श. | १६.८३ | कृ.त.शा., SCOs | भदौ–असोज | - |
| ४ | २.६.६.५९ | सरोकारवालासँग अन्तरक्रिया | १ पटक | ३.१५ | कृ.त.शा. | असोज | - |
| ५ | २.६.६.६१ | स्याम्पल डिजाइन | १ पटक | २.२५ | कृ.त.शा., स.अ.स.डि.शा. | कात्तिक | तेस्रो त्रैमासिक/ |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | संशोधन दोस्रोमा |
| ६ | २.६.६.६२ | प्रश्नावली प्रारम्भिक छलफल | १ पटक | २.२५ | कृ.त.शा. | कात्तिक | - |
| ७ | २.७.२५.११५८ | प्रश्नावली परीक्षण | १०० प्र.श. | १.७५ | कृ.त.शा. | मङ्सिर-पुस | - |
| ८ | २.६.६.६३ | प्रश्नावली अन्तिम रूप | १ पटक | ०.९० | कृ.त.शा. | मङ्सिर-पुस | - |
| ९ | २.६.६.६४ | गणना पुस्तिका निर्माण कार्यशाला | २ पटक | ०.९० | कृ.त.शा. | पुस | - |
| १० | २.४.२.१२ | प्रश्नावली ढुवानी | १०० प्र.श. | ०.९० | कृ.त.शा. | पुस | - |
| ११ | २.६.६.६५ | डेटा इन्ट्री एप्लिकेसन निर्माण | १ पटक | २.४८ | कृ.त.शा. | माघ-चैत | - |
| १२ | २.५.७.१४९ | करार जनशक्ति नियुक्ति | ३२ जना | २१.१२ | SCOs | माघ | - |
| १३ | २.६.३.३६ | अधिकृतस्तरीय तालिम | १ पटक | ६.३० | कृ.त.शा. | माघ | - |
| १४ | २.६.२.७० | सहायकस्तरीय तालिम | २ पटक | ४.५० | कृ.त.शा. | माघ | - |
| १५ | २.७.२५.११६०<br>२.७.२५.११६२ | मुख्य फिल्ड सङ्कलन, सुपरीवेक्षण, निरीक्षण | १०० प्र.श. | २५.३४ | SCOs, कृ.त.शा. | माघ-चैत | अनुत्तर/पैरवी |
| १६ | २.४.१.१४१ | सर्वेक्षण सञ्चालन खर्च | १०० प्र.श. | ०.९० | कृ.त.शा. | आवश्यकता अनुसार | - |
| १७ | २.९.६.१३ | विविध खर्च | १०० प्र.श. | ०.६१ | कृ.त.शा. | आवश्यकता अनुसार | - |

*कृ.त.शा.= कृषि तथ्याङ्क शाखा, स.अ.स.डि.शा.= सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | सहयोगी कर्मचारी करार | १ जना | २.९७ | २.९७ |
| २ | सूचीकरण अभिमुखीकरण | १ पटक | २.७० | २.७० |
| ३ | सूचीकरण | १०० प्र.श. | ०.१६८३ | १६.८३ |
| ४ | सरोकारवालासँग अन्तरक्रिया | १ पटक | ३.१५ | ३.१५ |
| ५ | स्याम्पल डिजाइन | १ पटक | २.२५ | २.२५ |
| ६ | प्रश्नावली प्रारम्भिक छलफल | १ पटक | २.२५ | २.२५ |
| ७ | प्रश्नावली परीक्षण | १०० प्र.श. | ०.०१७५ | १.७५ |
| ८ | प्रश्नावली अन्तिम रूप | १ पटक | ०.९० | ०.९० |
| ९ | गणना पुस्तिका निर्माण कार्यशाला | २ पटक | ०.४५ | ०.९० |
| १० | प्रश्नावली ढुवानी | १०० प्र.श. | ०.००९ | ०.९० |

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| ११ | डेटा इन्ट्री एप्लिकेसन निर्माण | १ पटक | २.४८ | २.४८ |
| १२ | करार जनशक्ति नियुक्ति | ३२ जना | ०.६६ | २१.१२ |
| १३ | अधिकृतस्तरीय तालिम | १ पटक | ६.३० | ६.३० |
| १४ | सहायकस्तरीय तालिम | २ पटक | २.२५ | ४.५० |
| १५ | मुख्य फिल्ड सङ्कलन, सुपरीवेक्षण, निरीक्षण | १०० प्र.श. | ०.२५३४ | २५.३४ |
| १६ | सर्वेक्षण सञ्चालन खर्च | १०० प्र.श. | ०.००९ | ०.९० |
| १७ | विविध खर्च | १०० प्र.श. | ०.००६१ | ०.६१ |
| **जम्मा** | | | | **९५.८५** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| सहयोगी कर्मचारी करार | नियुक्त | जना | ० | १ | करारनामा |
| सूचीकरण तालिम | तालिम सङ्ख्या | पटक | ० | १ | तालिम प्रतिवेदन |
| सूचीकरण | सूचीकरण सम्पन्न | प्र.श. | ० | १०० | सूचीकरण प्रतिवेदन |
| सरोकारवालासँग अन्तरक्रिया | अन्तरक्रिया सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| स्याम्पल डिजाइन | स्याम्पल छनोट | पटक | ० | १ | छनोट सूची |
| प्रश्नावली प्रारम्भिक छलफल | मस्यौदा प्रश्नावली | पटक | ० | १ | मस्यौदा प्रश्नावली |
| प्रश्नावली परीक्षण | परीक्षण सङ्ख्या | प्र.श. | ० | १०० | परीक्षण प्रतिवेदन |
| प्रश्नावली अन्तिम रूप | प्रश्नावली फाराम | पटक | ० | १ | प्रश्नावली फाराम |
| गणना पुस्तिका निर्माण कार्यशाला | गणना पुस्तिका निर्माण | पटक | ० | २ | गणना पुस्तिका |
| प्रश्नावली ढुवानी | प्रश्नावली ढुवानी सम्पन्न | प्र.श. | ० | १०० | खर्च फाँटवारी |
| डेटा इन्ट्री एप्लिकेसन निर्माण | डेटा इन्ट्री एप्लिकेसन तयार | पटक | ० | १ | एप्लिकेसन |
| करार जनशक्ति नियुक्ति | नियुक्त | जना | ० | ३२ | करारनामा |
| अधिकृतस्तरीय तालिम | सहभागी सङ्ख्या | पटक | ० | १ | तालिम प्रतिवेदन |
| सहायकस्तरीय तालिम | सहभागी सङ्ख्या | पटक | ० | २ | तालिम प्रतिवेदन |
| मुख्य फिल्ड सङ्कलन, सुपरीवेक्षण, निरीक्षण | तथ्याङ्क सङ्कलन सम्पन्न | प्र.श. | ० | १०० | तथ्याङ्क सङ्कलन प्रतिवेदन |

## २.२.३ मत्स्यपालन सर्वेक्षण, २०८३

| आयोजना/कार्यक्रमको नाम | मत्स्यपालन सर्वेक्षण २०८३ | कम्पोनेन्ट कोड | NSO-२१, SCO-६० |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | कृषि तथ्याङ्क शाखा (NSO) र SCOs | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(१२) (मत्स्य सर्वेक्षण सञ्चालन) मा भएको प्रावधानबमोजिम यो सर्वेक्षण सञ्चालन गर्न लागिएको हो। वि.सं. २०७२ यता मत्स्यपालनसम्बन्धी तथ्याङ्क अद्यावधिक हुन नसकेकाले अर्थतन्त्रमा यस क्षेत्रको यथार्थ योगदान मापन गर्न यो सर्वेक्षण सञ्चालन गर्न आवश्यक देखिएको छ।

चालु आ.व.मा सर्वेक्षण सामग्री तयारी देखि तथ्याङ्क सङ्कलनसम्मको कार्य रहेको छ। स्याम्पल डिजाइन, प्रश्नावली तथा गणना पुस्तिका तयारी, प्रश्नावली परीक्षण, छपाई, डेटा इन्ट्री एप्लिकेसन तयारी तथा परीक्षण, गणना सामग्री खरिद, तालिम, अन्तरक्रिया र फिल्ड अनुगमनका लागि NSO मा ५८.८५ लाख (तथ्याङ्क सङ्कलनको रू. २८ लाख स्याम्पल डिजाइनपछि SCO मा बाँडफाँट समेत गरी) र सूचीकरण एवम् मूल तथ्याङ्क सङ्कलनको फिल्ड कार्यका लागि SCO मा रू. २२.५६ लाख गरी कुल रू. ८१.४१ लाख बजेट विनियोजन गरिएको छ। कृषि तथ्याङ्क शाखा र SCO मा कार्यरत मौजुदा जनशक्तिका अतिरिक्त विषयगत आवश्यकता अनुसार कार्यालयका अन्य शाखाका कर्मचारीहरू तथा स्वीकृत बजेट सीमाभित्र रही करारका जनशक्ति परिचालन गरिनेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- माछापालन व्यवसायले आम्दानी र रोजगारीलगायत अर्थतन्त्रमा गरेको योगदानको मापन गर्नु।
- देशभर सञ्चालनमा रहेका माछापोखरीहरूको सङ्ख्या, माछाको जात र जलाशयको क्षेत्रफलको अद्यावधिक तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्नु।
- नीति निर्माता, अनुसन्धानकर्ता र अन्य प्रयोगकर्ताहरूका लागि आवश्यक भरपर्दो तथ्याङ्क उपलब्ध गराउनु।

#### (ख) चालु आ.व.को उद्देश्य

- सूचीकरण, नमुना छनोट, प्रश्नावली तथा गणना पुस्तिका तयार गरी मूल स्थलगत तथ्याङ्क सङ्कलन कार्य सफलतापूर्वक सम्पन्न गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

सूचीकरण फाराम निर्माण → सूचीकरण तालिम → सूचीकरण → नमुना छनोट → मूल प्रश्नावली तयारी → प्रश्नावली परीक्षण → गणना पुस्तिका निर्माण → डेटा इन्ट्री एप्लिकेसन निर्माण → केन्द्रीय तथा प्रादेशिक स्तरको तालिम → प्रत्यक्ष अन्तर्वार्तामार्फत स्थलगत तथ्याङ्क सङ्कलन, सुपरीवेक्षण तथा अनुगमन।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, पशु सेवा विभागलगायतका सरकारी निकायहरू, प्राज्ञिक क्षेत्र, विश्वविद्यालय, माछापालक कृषक समूह तथा नेपाल मत्स्य समाज।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चतता

यो सर्वेक्षण NSO बाट केन्द्रीय रूपमा सञ्चालन हुने राष्ट्रियस्तरको आधिकारिक तथ्याङ्क उत्पादन कार्यक्रम हो। कृषि मन्त्रालय अन्तर्गतका निकायहरूबाट प्रशासनिक अभिलेखको आधारमा प्रकाशित हुने तथ्याङ्कले यस सर्वेक्षणको विशिष्ट उद्देश्य पूरा नगर्ने भएकाले दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.४.१२.१२९ | सूचीकरण फाराम छपाई | १०० प्र.श. | ०.६८ | प्रशासन शाखा | भदौ | - |
| २ | २.६.२.७७ | सूचीकरण सम्बन्धी तालिम | २ पटक | ३.६० | कृ.त.शा. | असोज | - |
| ३ | २.७.२५.१२३१<br>२.८.१.१९६ | सूचीकरण तथा सूचीकरणको सुपरीवेक्षण | १०० प्र.श. | १३.६५ | SCO | असोज | - |
| ४ | २.६.६.१०५ | नमुना छनोट कार्यशाला | १ पटक | ०.९० | कृ.त.शा., स.अ.स.डि.शा. | मङ्सिर | - |
| ५ | २.६.६.१०३ | प्रश्नावली तयारी कार्यशाला | १ पटक | १.८० | कृ.त.शा. | मङ्सिर | - |
| ६ | २.६.६.१८० | अधिकृतस्तरीय कार्यशाला | १ पटक | १.८० | कृ.त.शा. | पुस | - |
| ७ | २.४.४.१२ | गणना सामाग्री खरिद | १०० प्र.श. | २.७० | प्रशासन शाखा | पुस | - |
| ८ | २.७.२५.१२३३ | डेटा इन्ट्री एप्लिकेसन तयारी | १०० प्र.श. | १.०५ | कृ.त.शा., ल.प्र.सू.प्र.शा. | पुस | - |
| ९ | २.७.२५.१२३३ | डेटा इन्ट्री एप्लिकेसन परीक्षण | १०० प्र.श. | १.०५ | कृ.त.शा., ल.प्र.सू.प्र.शा. | माघ | - |
| १० | २.६.६.१०४ | निर्देशिका तयारी कार्यशाला | १ पटक | ०.४५ | कृ.त.शा. | माघ | - |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| ११ | २.४.१२.१२९ | प्रश्नावली तथा निर्देशिका छपाई | १०० प्र.श. | १.०२ | प्रशासन शाखा | माघ | - |
| १२ | २.६.२.९६ | सहायकस्तरीय मूल तथ्याङ्क सङ्कलन तालिम | १ पटक | ९.०० | कृ.त.शा. | माघ | - |
| १३ | २.७.२५.१२७६ २.८.१.२०८, २०९ | मूल तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण | १०० प्र.श. | ४३.७१ | SCO | फागुन - चैत | अनुत्तर/ पैरवी |

*अ.शा.= अनुसन्धान शाखा, कृ.त.शा.= कृषि तथ्याङ्क शाखा, स.अ.स.डि.शा.= सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा, ल.प्र.सू.प्र.शा.= लगत प्रशोधन तथा सूचना प्रविधि शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | सूचीकरण फाराम छपाई | १०० प्र.श. | ०.००६८ | ०.६८ |
| २ | सूचीकरण सम्बन्धी तालिम | २ पटक | १.८० | ३.६० |
| ३ | सूचीकरण तथा सूचीकरणको सुपरीवेक्षण | १०० प्र.श. | ०.१३६५ | १३.६५ |
| ४ | नमुना छनोट कार्यशाला | १ पटक | ०.९० | ०.९० |
| ५ | प्रश्नावली तयारी कार्यशाला | १ पटक | १.८० | १.८० |
| ६ | अधिकृतस्तरीय कार्यशाला | १ पटक | १.८० | १.८० |
| ७ | गणना सामाग्री खरिद | १०० प्र.श. | ०.०२७ | २.७० |
| ८ | डेटा इन्ट्री एप्लिकेसन तयारी | १०० प्र.श. | ०.०१०५ | १.०५ |
| ९ | डेटा इन्ट्री एप्लिकेसन परीक्षण | १०० प्र.श. | ०.०१०५ | १.०५ |
| १० | निर्देशिका तयारी कार्यशाला | १ पटक | ०.४५ | ०.४५ |
| ११ | प्रश्नावली तथा निर्देशिका छपाई | १०० प्र.श. | ०.०१०२ | १.०२ |
| १२ | सहायकस्तरीय मूल तथ्याङ्क सङ्कलन तालिम | १ पटक | ९.०० | ९.०० |
| १३ | मूल तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण | १०० प्र.श. | ०.४३७१ | ४३.७१ |
| **जम्मा** | | | | **८१.४१** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| सूचीकरण फाराम छपाई | प्रकाशित सूचीकरण फाराम | प्र.श. | ० | १०० | स्टोर दाखिला रिपोर्ट |
| सूचीकरण सम्बन्धी तालिम | तालिम सङ्ख्या | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| सूचीकरण तथा सूचीकरणको सुपरीवेक्षण | सूचीकरण सम्पन्न | प्र.श. | ० | १०० | सूचीकरण प्रतिवेदन |
| नमुना छनोट कार्यशाला | नमुना छनोट सूची | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| प्रश्नावली तयारी कार्यशाला | तयारी प्रश्नावली | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| अधिकृतस्तरीय कार्यशाला | कार्यशाला सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| गणना सामाग्री खरिद | खरिद गरिएका गणना सामग्री | प्र.श. | ० | १०० | स्टोर दाखिला रिपोर्ट |
| डेटा इन्ट्री एप्लिकेसन तयारी तथा परीक्षण | डेटा इन्ट्री एप्लिकेसन | प्र.श. | ० | १०० | डेटा इन्ट्री एप्लिकेसन |
| निर्देशिका तयारी कार्यशाला | तयारी निर्देशिका | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| प्रश्नावली तथा निर्देशिका छपाई | प्रकाशित प्रश्नावली तथा निर्देशिका | प्र.श. | ० | १०० | स्टोर दाखिला रिपोर्ट |
| सहायकस्तरीय मूल तथ्याङ्क सङ्कलन तालिम | तालिम सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| मूल तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण | तथ्याङ्क सङ्कलन प्रतिवेदन | प्र.श. | ० | १०० | तथ्याङ्क सङ्कलन प्रतिवेदन |

## २.२.४ विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण, २०८३/८४

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण, २०८३/८४ | **कम्पोनेन्ट कोड** | NSO-१९<br>SCO-४७ |
| **सञ्चालन गर्ने निकाय** | व्यापार तथा सेवा तथ्याङ्क शाखा (NSO) र SCO: मोरङ, काठमाडौं, रूपन्देही र दाङ | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ९ (पर्यटन), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२ (३) (पर्यटन सेटलाइट लेखा तयारी) मा भएको नीतिगत प्रावधानबमोजिम यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। नेपालको पर्यटन क्षेत्रको आर्थिक योगदानको यथार्थ मापन गरी Tourism Satellite Account (TSA) निर्माणका लागि IRTS 2008 र TSA:RMF 2008 मानकअनुसार विदेशी पर्यटकको खर्च संरचना तथा उपभोग प्रवृत्तिको अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन यो सर्वेक्षण सञ्चालन गर्न आवश्यक देखिएको छ।

चालु आ.व.मा प्रश्नावली तथा गणना पुस्तिका तयारी तथा परीक्षण, डेटा इन्ट्री एप्लिकेसन तयारी तथा परीक्षण, गणक तालिम र आंशिक तथ्याङ्क सङ्कलन कार्यहरू गरिनेछन्। सामग्री तयारी तथा तालिमका लागि NSO मा रू. १२.३५ लाख र सञ्चार खर्च, करार जनशक्ति, तथ्याङ्क सङ्कलनका लागि SCO मा रू. २५.७५ लाख गरी कुल रू. ३८.१० लाख बजेट विनियोजन भएको छ। व्यापार तथा सेवा तथ्याङ्क शाखाका मौजुदा जनशक्तिका अतिरिक्त विदेशी पर्यटकको प्रस्थान हुने प्रमुख अन्तर्राष्ट्रिय हवाई एवम् स्थल नाकामा स्थलगत तथ्याङ्क सङ्कलनका लागि SCO मार्फत आवश्यकता अनुसार करार जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- नेपाल भ्रमण गर्ने विदेशी पर्यटकले गरेको कुल तथा औसत खर्चको अनुमान तयार गरी पर्यटन क्षेत्रको आर्थिक योगदानको मूल्याङ्कन गर्नु।
- आवास, खाना, यातायात, मनोरञ्जन, किनमेल, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य वस्तु/सेवामा भएको खर्चको संरचना तथा उपभोग प्रवृत्तिको विश्लेषण गर्नु।
- IRTS 2008 तथा TSA:RMF 2008 अनुरूप अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य पर्यटन तथ्याङ्क उत्पादन गरी TSA निर्माणका लागि आधारभूत सूचना उपलब्ध गराउनु।

### (ख) चालु आ.व.को उद्देश्य

- सूचीकरण, प्रश्नावली तथा गणना पुस्तिका तयार गरी मूल स्थलगत तथ्याङ्क सङ्कलन कार्य सफलतापूर्वक सम्पन्न गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

प्रश्नावली तथा गणना पुस्तिका तयारी → डिजिटल एप्लिकेसन परीक्षण → गणक तालिम → SCO मार्फत प्रमुख नाकामा प्रत्यक्ष अन्तर्वार्ता तथा अनलाइन विधिद्वारा स्थलगत तथ्याङ्क सङ्कलन कार्य एवम् सुपरीवेक्षण तथा अनुगमन।

### ख. संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

पर्यटन मन्त्रालय, अध्यागमन विभाग तथा सम्बन्धित नाकाका सरोकारवाला निकाय।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

नेपालमा पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदानसम्बन्धी अध्ययन/अनुमान पहिलो पटक हुन लागेको र अन्य कुनै निकायबाट समेत यो कार्य नभएकाले यसमा कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१७८ | प्रश्नावली तथा गणना पुस्तिका तयारी कार्यशाला | ३ पटक | ४.०५ | व्यापार तथा सेवा तथ्याङ्क शाखा | असोज | - |
| २ | २.७.२५.११८३ | प्रश्नावली तथा डेटा इन्ट्री एप्लिकेसन परीक्षण | १०० प्र.श. | ५.६० | व्यापार तथा सेवा तथ्याङ्क शाखा | असोज-कात्तिक | - |
| ३ | २.६.२.९५ | सुपरिवेक्षक गणक तालिम | २ पटक | २.७० | व्यापार तथा सेवा तथ्याङ्क शाखा | असोज, कात्तिक | - |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| ४ | २.१.८.१७ | सञ्चालनका लागि कर्मचारी संचार खर्च (SCO) | ६ जना | ०.६० | SCO | असोज-पुस | - |
| ५ | २.५.७.१५१<br>२.७.२५.१२०४ | तथ्याङ्क सङ्कलन (तलब+भत्ता) | १०० प्र.श. | २५.१५ | SCO | पुस-असार | अनुत्तर/ पैरवी |

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | प्रश्नावली तथा गणना पुस्तिका तयारी कार्यशाला | ३ पटक | १.३५ | ४.०५ |
| २ | प्रश्नावली तथा डेटा इन्ट्री एप्लिकेसन परीक्षण | १०० प्र.श. | ०.०५६० | ५.६० |
| ३ | सुपरिवेक्षक गणक तालिम | २ पटक | १.३५ | २.७० |
| ४ | सञ्चालनका लागि कर्मचारी संचार खर्च (SCO) | ६ जना | ०.१० | ०.६० |
| ५ | तथ्याङ्क सङ्कलन (तलब+भत्ता) | १०० प्र.श. | ०.२५१५ | २५.१५ |
| **जम्मा** | | | | **३८.१०** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| प्रश्नावली तथा गणना पुस्तिका तयारी कार्यशाला | कार्यशाला सङ्ख्या | पटक | ० | ३ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| प्रश्नावली तथा डेटा इन्ट्री एप्लिकेसन परीक्षण | प्रश्नावली र एप्लिकेसन अन्तिम रूप | प्र.श. | ० | १०० | भ्रमण प्रतिवेदन |
| सुपरिवेक्षक/गणक तालिम | तालिम सम्पन्न | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| सञ्चालनका लागि कर्मचारी सञ्चार खर्च | सञ्चार सुविधा प्रदान गरिएको कर्मचारी सङ्ख्या | जना | ० | ६ | खर्च फाँटवारी |
| तथ्याङ्क सङ्कलन (तलब+भत्ता) | तथ्याङ्क सङ्कलन सम्पन्न | प्र.श. | ० | १०० | तथ्याङ्क सङ्कलन प्रतिवेदन |

### २.२.५ NMICS तथा NMICS Plus सम्बन्धी कार्यक्रम

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | NMICS तथा NMICS Plus सम्बन्धी कार्यक्रम | **कम्पोनेन्ट कोड** | NSO- १५, १८ |
| **सञ्चालन गर्ने निकाय** | सामाजिक तथा लैंगिक तथ्याङ्क शाखा (NSO) | **आर्थिक वर्ष** | २०८३/८४ |

## १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(७) (NMICS सञ्चालन, NDHS तथा NMICS एकीकृत सञ्चालन) मा भएको नीतिगत प्रावधानबमोजिम NMICS को प्रादेशिक नतिजा सार्वजनिकीकरण, NMICS Plus को तथ्याङ्क सङ्कलन एवम्

नतिजा प्रकाशन, र NDHS तथा NMICS एकीकृत रूपमा सञ्चालन गर्न सम्भाव्यता अध्ययन तथा पूर्वतयारी कार्यशाला आयोजना गर्न लागिएको हो। दिगो विकास लक्ष्यलगायतका सामाजिक-लैङ्गिक सूचकहरूको अनुगमन तथा नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणसँग दोहोरोपना हटाई एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक रहेकोले यो कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ।

गत आ.व.मा NMICS को राष्ट्रिय प्रतिवेदन सार्वजनिक गरिएको थियो भने NMICS Plus को पूर्व-तयारीका कार्यहरू सम्पन्न गरिएको थियो। चालु आ.व.मा NMICS को विषयगत प्रतिवेदन, NDHS तथा NMICS एकीकृत रूपमा सञ्चालनका लागि सम्भाव्यता अध्ययन पूर्व-तयारी कार्यशाला एवम् NMICS Plus कार्यक्रम सञ्चालन गरिनेछ। NMICS Plus कार्यक्रमअन्तर्गत सरोकारवालासँग अन्तरक्रिया, प्रश्नावली तथा निर्देशिका तयारी, प्रश्नावली परीक्षण, गणक करार, तालिम, तथ्याङ्क प्रशोधन, विश्लेषण तथा नतिजा प्रकाशन कार्यहरू सम्पादन गरिनेछन्। कार्यक्रम सञ्चालनका लागि NSO चालु खर्चतर्फ कुल रू. ३०.७१ लाख बजेट विनियोजन गरिएको छ। सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखाका मौजुदा जनशक्तिका अतिरिक्त, आवश्यकता अनुसार करार जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- तथ्यमा आधारित नीति निर्माण तथा SDGs मापन एवम् अनुगमनका लागि समयमै अद्यावधिक तथ्याङ्क उपलब्ध गराउनु।

### (ख) चालु आ.व.को उद्देश्य

- टेलिफोन माध्यमबाट NMICS का मोड्युलमा सर्वेक्षण सञ्चालन गरी नतिजा प्रतिवेदन सार्वजनिक गर्नु।
- नेपाल बहुसूचक सर्वेक्षणका विभिन्न विषयगत प्रतिवेदनहरू तयार गर्नु।
- NDHS लाई NMICS सँग एकीकृत रूपमा सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययनको पूर्व-तयारी गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

NMICS Plus: टेलिफोनमार्फत Real-time तथ्याङ्क सङ्कलन → NSO, UNICEF तथा प्राविधिक टोलीद्वारा संयुक्त तथ्याङ्क विश्लेषण → नतिजा प्रकाशन तथा राष्ट्रिय प्रणालीमा प्रविष्टी।

बाँकी कार्यक्रम (कार्यशालामार्फत): अन्तरक्रिया → प्रतिवेदन लेखन तथा परिमार्जन → प्रतिवेदन प्रकाशन।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, UNICEF एवम् सम्बन्धित क्षेत्रका विषय विज्ञहरू।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

NMICS Plus केन्द्रीयस्तरमा सञ्चालन हुने कार्यक्रम भएकोले सङ्घका अन्य निकाय, प्रदेश र स्थानीय तहसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

### ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| | **NMICS Plus** | | | | | | |
| १ | २.६.६.८२ | सरोकारवालासँग अन्तरक्रिया | १ पटक | १.८० | सा.लै.त.शा. | असोज | - |
| २ | २.६.६.८३ | प्रश्नावली, CAPI तथा गणना निर्देशिका तयारी कार्यशाला | ४ पटक | ४.५० | सा.लै.त.शा. | भदौ-असोज | - |
| ३ | २.७.२५.१२०८ | प्रश्नावली परीक्षण | १०० प्र.श. | ०.९१ | सा.लै.त.शा. | असोज | - |
| ४ | २.५.७.१५२ | गणक करार | ४ जना | १२.०० | सा.लै.त.शा. | कात्तिक | - |
| ५ | २.६.२.७३ | गणक तालिम | ४ वटा | २.७० | सा.लै.त.शा. | मङ्सिर | - |
| ६ | २.६.६.८४ | तथ्याङ्क प्रशोधन तथा विश्लेषण कार्यशाला | ४ पटक | ३.६० | सा.लै.त.शा. | पुस-वैशाख | - |
| ७ | २.७.२५.१२९३ | नतिजा प्रतिवेदन सार्वजनिक | ४ पटक | ०.७० | सा.लै.त.शा. | असार | - |
| | **NMICS** | | | | | | |
| ८ | २.६.६.९० | NDHS र NMICS एकीकृत रूपमा सञ्चालनको लागि सम्भाव्यता अध्ययन पूर्व-तयारी कार्यशाला | १ पटक | १.८० | सा.लै.त.शा. | कात्तिक | - |
| ९ | २.६.६.८५ | विषयगत प्रतिवेदन तयारी कार्यशाला | २ पटक | २.७० | सा.लै.त.शा. | मङ्सिर, फागुन | - |

*सा.लै.त.शा. = सामाजिक तथा लैंगिक तथ्याङ्क शाखा*

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | सरोकारवालासँग अन्तरक्रिया | १ पटक | १.८० | १.८० |
| २ | प्रश्नावली, CAPI तथा गणना निर्देशिका तयारी कार्यशाला | ४ पटक | १.१२५ | ४.५० |
| ३ | प्रश्नावली परीक्षण | १०० प्र.श. | ०.००९१ | ०.९१ |
| ४ | गणक करार | ४ जना | ३.०० | १२.०० |
| ५ | गणक तालिम | ४ वटा | ०.६७५ | २.७० |
| ६ | तथ्याङ्क प्रशोधन तथा विश्लेषण कार्यशाला | ४ पटक | ०.९० | ३.६० |
| ७ | नतिजा प्रतिवेदन सार्वजनिक | ४ पटक | ०.१७५ | ०.७० |
| ८ | NDHS र NMICS एकीकृत रूपमा सञ्चालनको लागि सम्भाव्यता अध्ययन पूर्व-तयारी कार्यशाला | १ पटक | १.८० | १.८० |
| ९ | विषयगत प्रतिवेदन तयारी कार्यशाला | २ पटक | १.३५ | २.७० |
| **जम्मा** | | | | **३०.७१** |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| **NMICS Plus** | | | | | |
| सरोकारवालासँग अन्तरक्रिया | सुझावसहितको प्रतिवेदन | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| प्रश्नावली, CAPI तथा गणना निर्देशिका तयारी कार्यशाला | तयार भएको प्रश्नावली तथा गणना निर्देशिका एवम् एप्लिकेसन | पटक | ० | ४ | प्रकाशित प्रश्नावली, गणना निर्देशिका, एप्लिकेसन |
| प्रश्नावली परीक्षण | परीक्षण गरिएका प्रश्नावली | प्र.श. | ० | १०० | भ्रमण प्रतिवेदन |
| गणक करार | करारमा राखिएका गणक सङ्ख्या | जना | ० | ४ | करारनामा |
| गणक तालिम | तालिम प्राप्त गणक सङख्या | वटा | ० | ४ | तालिम सम्पन्न प्रतिवेदन |
| तथ्याङ्क प्रशोधन तथा विश्लेषण कार्यशाला | प्रशोधित तथ्याङ्कको सफ्टकपी | पटक | ० | ४ | कार्यशाला सम्पन्न प्रतिवेदन |
| नतिजा प्रतिवेदन तयारी कार्यशाला | तयार भएको प्रतिवेदन | पटक | ० | ४ | कार्यालयको वेबसाइट |
| **NMICS** | | | | | |
| NDHS र NMICS एकीकृत रूपमा सञ्चालनको लागि सम्भाव्यता अध्ययन पूर्वतयारी कार्यशाला | मस्यौदा प्रतिवेदन तयार भएको | पटक | ० | १ | मस्यौदा प्रतिवेदनको हार्ड/सफ्टकपि |
| विषयगत प्रतिवेदन तयारी कार्यशाला | प्रतिवेदन तयार भई वेबसाइटमा अपलोड भएको | पटक | ० | २ | कार्यालयको वेबसाइट |

## २.२.६ वार्षिक घरपरिवार सर्वेक्षण, २०८४

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | वार्षिक घरपरिवार सर्वेक्षण, २०८४ | **कम्पोनेन्ट कोड** | NSO-६१ |
| **सञ्चालन गर्ने निकाय** | गरिबी तथ्याङ्क शाखा (NSO) | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपाल जीवनस्तर सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षण प्रत्येक पाँच-पाँच वर्षको अन्तरालमा मात्र सञ्चालन हुने भएकाले तथ्याङ्क प्रयोगकर्ताका वार्षिक आवश्यकताहरू पूर्ण रूपमा सम्बोधन गर्न सकिएको छैन। तसर्थ, जीवनस्तर तथा श्रमशक्तिमा आउने वार्षिक परिवर्तन मापन गर्न, विगत (वि.सं. २०६९/७० देखि २०७३/७४ सम्म) जस्तै यस सर्वेक्षणलाई निरन्तर रूपमा सञ्चालन गरी वार्षिक रूपमा जनसाङ्ख्यिक तथा सामाजिक सूचकहरूका साथै राष्ट्रिय लेखाको वार्षिक/त्रैमासिक अनुमान र नियमित National Transfer Account (NTA) तयार गर्न यो कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ।चालु आ.व.मा स्याम्पल डिजाइन, प्रश्नावली तथा निर्देशिका तयारी, र प्रश्नावली परीक्षण जस्ता कार्यहरू सम्पन्न गर्न NSO को चालु खर्चतर्फ कुल रू. १४.०० लाख बजेट विनियोजन गरिएको छ। उक्त कार्यका लागि गरिबी तथ्याङ्क शाखाका मौजुदा जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- नेपाल जीवनस्तर सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षणका पाँचवर्षे अन्तरालबिच जीवनस्तर तथा श्रमशक्तिमा आउने वार्षिक परिवर्तन नियमित रूपमा मापन गर्नु।

### (ख) चालु आ.व.को उद्देश्य

- वार्षिक घरपरिवार सर्वेक्षणको स्याम्पल डिजाइन तयार गर्नु।
- सर्वेक्षणका लागि उपयुक्त प्रश्नावली तथा गणना पुस्तिका तर्जुमा गर्नु।
- तर्जुमा गरिएको प्रश्नावलीको स्थलगत रूपमा घरपरिवार तहमा परीक्षण गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

स्याम्पल डिजाइन → प्रश्नावली तर्जुमा एवम् गणना निर्देशिका निर्माण कार्यशाला सञ्चालन → घरपरिवार तहमै पुगेर प्रत्यक्ष अन्तर्वार्ताद्वारा प्रश्नावली परीक्षण → प्राप्त सुझावका आधारमा प्रश्नावली तथा निर्देशिकालाई अन्तिम रूप दिने।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

सरोकारवाला सरकारी निकायहरू तथा विकास साझेदार निकायका प्रतिनिधि।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

वार्षिक घरपरिवार सर्वेक्षण कार्य NSO बाट मात्र केन्द्रीय रूपमा सञ्चालन हुने भएकाले सङ्घका अन्य निकाय, प्रदेश र स्थानीय तहसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.२५.१२७० | स्याम्पल डिजाइन गोष्ठी | २ पटक | ४.० | ग.त.शा. | मङ्सिर, पुस | - |
| २ | २.७.२५.१२७० | प्रश्नावली/निर्देशिका तयारी | ३ पटक | ६.७१ | ग.त.शा. | माघ, फागुन, वैशाख | - |
| ३ | २.७.२५.१२७० | प्रश्नावली परीक्षण | ५ पटक | २.७५ | ग.त.शा. | चैत | - |
| ४ | २.७.२५.१२७० | समिति बैठक | २ पटक | ०.५४ | ग.त.शा. | चैत, वैशाख | - |

*ग.त.शा.= गरिबी तथ्याङ्क शाखा*

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | स्याम्पल डिजाइन गोष्ठी | २ पटक | २.० | ४.० |
| २ | प्रश्नावली/निर्देशिका तयारी | ३ पटक | २.२३६ | ६.७१ |
| ३ | प्रश्नावली परीक्षण | ५ पटक | ०.५५ | २.७५ |
| ४ | समिति बैठक | २ पटक | ०.२७ | ०.५४ |
| जम्मा | | | | १४.०० |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| स्याम्पल डिजाइन गोष्ठी | नमुना छनोट सम्पन्न | पटक | ० | २ | नमुना सूची |
| प्रश्नावली/निर्देशिका तयारी | प्रश्नावली तथा निर्देशिका तयार | पटक | ० | ३ | प्रश्नावली तथा निर्देशिका |
| प्रश्नावली परीक्षण | सुधारिएको प्रश्नावली | पटक | ० | ५ | भ्रमण प्रतिवेदन |
| समिति बैठक | बैठक सङ्ख्या | पटक | ० | २ | बैठकका निर्णय |

## २.२.७ अन्तरजनगणना जनसाङ्ख्यिकीय तथा समावेशीकरण सर्वेक्षण

| आयोजना/कार्यक्रमको नाम | अन्तरजनगणना जनसाङ्ख्यिकीय तथा समावेशीकरण सर्वेक्षण (IDIS) | कम्पोनेन्ट कोड | NSO-३४ |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | जनसङ्ख्या शाखा (NSO) | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ३.५.९(८) र ४.२.२(६) (अन्तरजनगणना नमुना सर्वेक्षण सञ्चालन) मा भएको नीतिगत व्यवस्था बमोजिम यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। दश वर्षको अन्तरालमा हुने जनगणनाहरूको बीचमा बसाइँसराइ, अपाङ्गता, लैङ्गिक दायरा तथा सामाजिक समावेशीकरणसम्बन्धी विभिन्न जनसङ्ख्या समूहका अपरिपूर्त तथ्याङ्कीय आवश्यकता सम्बोधन गरी नीति निर्माणका लागि अद्यावधिक आधार तयार गर्न यो सर्वेक्षण सञ्चालन गर्न आवश्यक देखिएको छ। चालु आ.व.मा सूचक पहिचान, विधि विकाससम्बन्धी छलफल, अभिमुखीकरण, प्रश्नावली तयारी तथा परीक्षणसम्बन्धी कार्य सम्पादन गरिनेछन् र यसका लागि NSO मा रू. १२.२० लाख बजेट विनियोजन गरिएको छ। कार्यक्रम सञ्चालनका लागि जनसङ्ख्या शाखाका मौजुदा जनशक्तिका अतिरिक्त, आवश्यकता अनुसार थप जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- नेपालको सङ्घीय संरचना अनुसार बसाइँसराइ गरेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, LGBTIQ+ समुदाय, महिला, ज्येष्ठ नागरिक तथा बालबालिका लगायतका जनसङ्ख्या समूहरूको सामाजिक, आर्थिक र समावेशीकरणसम्बन्धी अद्यावधिक तथ्याङ्क सङ्कलन गरी नीति निर्माणका लागि आधार तयार गर्नु।
- बसाइँसराइको आकार, दिशा, कारण र वैदेशिक रोजगारीबाट फर्किएकाहरूको पुनःएकीकरणको अवस्था पहिचान गर्नु।
- अपाङ्गता भएका व्यक्तिको विद्यमानता दर तथा शिक्षा, रोजगारी, स्वास्थ्य र सामाजिक सुरक्षामा तिनको पहुँचको मूल्याङ्कन गर्नु।
- LGBTIQ+ समुदायको सामाजिक स्वीकार्यता, कानुनी संरक्षण, महिला सशक्तीकरण, ज्येष्ठ नागरिक सुरक्षा एवम् बाल अधिकार तथा बाल हिंसाको अवस्थाबारे विस्तृत अध्ययन गर्नु।

### (ख) चालु आ.व.को उद्देश्य

- सर्वेक्षणको दायरा, आयाम र सूचक पहिचान गर्नु।
- सर्वेक्षणको प्रश्नावली निर्माण एवम् विधि विकास गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

दायरा, आयाम र सूचक पहिचान कार्यशाला → विधि विकास छलफल → सरोकारवालासँग अन्तरक्रिया → प्रश्नावली तयारी → स्थलगत प्रश्नावली परीक्षण।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, त्रिभुवन विश्वविद्यालय, विकास साझेदार (UNFPA, ADB लगायत) तथा अन्य सम्बन्धित सरोकारवाला निकाय।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यस कार्यक्रम NSO बाट केन्द्रीय रूपमा एकीकृत ढाँचामा सञ्चालन हुने भएकाले सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने अन्य कार्यक्रमहरूसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.७० | दायरा, आयाम र सूचक पहिचान कार्यशाला | २ पटक | ०.९ | ज.शा. | असोज | - |
| २ | २.६.६.७१ | विधि विकाससम्बन्धी छलफल | २ पटक | ४.५ | ज.शा. | असोज, पुस | - |
| ३ | २.६.३.३७ | सर्वेक्षणको अभिमुखीकरण | २ पटक | ३.६ | ज.शा. | माघ | सहभागिता/समन्वय |
| ४ | २.६.६.७२ | प्रश्नावली तयारी गोष्ठी | २ पटक | १.८ | ज.शा. | चैत | LMBIS मा प्रथम त्रैमासिक |
| ५ | २.७.२५.११८९ | प्रश्नावली पूर्वपरीक्षण | १०० प्र.श. | १.४ | ज.शा. | चैत | - |

*ज.शा.= जनसङ्ख्या शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | दायरा, आयाम र सूचक पहिचान कार्यशाला | २ | ०.४५ | ०.९ |
| २ | विधि विकाससम्बन्धी छलफल | २ | २.२५ | ४.५ |
| ३ | सर्वेक्षणको अभिमुखीकरण | २ | १.८ | ३.६ |
| ४ | प्रश्नावली तयारी गोष्ठी | २ | ०.९ | १.८ |
| ५ | प्रश्नावली पूर्वपरीक्षण | १०० | ०.०१४ | १.४ |
| जम्मा | | | | १२.२० |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| दायरा, आयाम र सूचक पहिचान कार्यशाला | दायरा, आयाम र सूचक पहिचान | पटक | ० | २ | दायरा, आयाम र सूचक प्रतिवेदन |
| विधि विकाससम्बन्धी छलफल | विधिको विकास | पटक | ० | २ | विधि विकास प्रतिवेदन |
| सर्वेक्षणको अभिमुखीकरण | सर्वेक्षणको अभिमुखीकरण | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| प्रश्नावली तयारी गोष्ठी तथा परीक्षण | प्रश्नावली तयार | पटक | ० | २ | प्रश्नावलीको सफ्टकपी |

## २.२.८ स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ | **कम्पोनेन्ट कोड** | NSO-९ |
| **सञ्चालन गर्ने निकाय** | गरिबी तथ्याङ्क शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ९ (स्वास्थ्य), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (गणना सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(११) (सेवा क्षेत्रका प्रतिष्ठानहरूको सर्वेक्षण) मा भएको नीतिगत व्यवस्था बमोजिम यो कार्यक्रम सञ्चालन गरिएको हो। कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको १.९ प्रतिशत योगदान रहेको सन्दर्भमा सरकारी बाहेकका स्वास्थ्य संस्थाहरूको सेवा उत्पादन लागत र खर्च संरचनाको अद्यावधिक तथ्याङ्क उपलब्ध गराई राष्ट्रिय लेखा अनुमानलाई वस्तुनिष्ठ बनाउन यो सर्वेक्षण सञ्चालन गर्न आवश्यक देखिएको छ। गत आ.व.मा करिब २५०० वटा स्वास्थ्य संस्थाहरूबाट स्थलगत तथ्याङ्क सङ्कलन सम्पन्न भईसकेकाले चालु आ.व. मा डेटा प्रविष्टि, सामञ्चस्यता जाँच, स्थलगत भेरिफिकेसन, विश्लेषण, प्रतिवेदन तयारी र नतिजा सार्वजनिकीकरणसम्बन्धी बाँकी कार्य सम्पन्न गरिनेछन्। यी कार्यहरू सम्पन्न गर्न NSO को चालु खर्चतर्फ कुल रू. ११.३५ लाख बजेट विनियोजन गरिएको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि गरिबी तथ्याङ्क शाखाका मौजुदा जनशक्तिका अतिरिक्त आवश्यकता अनुसार करार जनशक्ति परिचालन गरिनेछ।

### २. उद्देश्य

#### (क) सर्वेक्षणको समग्र उद्देश्य

- सन्दर्भ वर्ष (आ.व. २०८१/८२) मा गैर-सरकारी स्वास्थ्य संस्थाहरूको व्यावसायिक विवरण, रोजगारी, खर्च, आम्दानी र सम्पत्ति लगायतका विवरण सङ्कलन गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान मापन गर्नु।
- स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवा, उपलब्ध उपकरण तथा संलग्न जनशक्तिसम्बन्धी अद्यावधिक तथ्याङ्क उपलब्ध गराउनु।
- नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) अनुसार गैर-सरकारी स्वास्थ्य संस्थाहरूको संरचनागत स्थिति पहिचान गर्नु।
- स्वास्थ्य संस्थाहरूको लागत मूल्य (Input Value), उत्पादन मूल्य (Output Value) र मूल्य अभिवृद्धि (Value Added) का अनुमानहरू उपलब्ध गराउनुका साथै यस क्षेत्रमा विद्यमान समस्याहरूको पहिचान गर्नु।

#### (ख) चालु आ.व.को उद्देश्य

- सङ्कलित प्रश्नावली फारामहरूको त्रुटिरहित डेटा प्रविष्टि र सामञ्जस्यता जाँच सम्पन्न गर्नु।
- आवश्यक स्थानमा स्थलगत भ्यालिडेशन गरी तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्नु।
- तथ्यङ्क विश्लेषण गरी अन्तिम प्रतिवेदन तयारी र नतिजा सार्वजनिकीकरण गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

सङ्कलित प्रश्नावली फारामहरूको डेटा प्रविष्टि → डेटा सामञ्जस्यता जाँच एवम् आवश्यक स्थलगत भेरिफिकेसन → तथ्याङ्क प्रशोधन तथा विश्लेषण → सर्वेक्षण प्रतिवेदन तयारी → नतिजा सार्वजनिकीकरण।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, निजी स्वास्थ्य संस्था/अस्पतालका व्यावसायिक संघ-संस्था, विकास साझेदार तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो सर्वेक्षण NSO बाट केन्द्रीय रूपमा सञ्चालन हुने राष्ट्रियस्तरको आधिकारिक तथ्याङ्क उत्पादन कार्यक्रम भएकाले सङ्घ, प्रदेश र स्थानीय तहबाट समान प्रकृतिको सर्वेक्षण सञ्चालन नहुने हुँदा दोहोरोपना हुने सम्भावना रहँदैन। कार्यक्रम सञ्चालनका क्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग तथा निजी अस्पताल सञ्चालक संस्थाहरूसँग आवश्यक समन्वय गरिनेछ।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.५.७.१५४ | डेटा प्रविष्टिका लागि करार जनशक्ति | २ जना | १.३२ | ग.त.शा. | भदौ | |
| २ | २.६.६.१०९ | डेटा प्रविष्टि तयारी सम्बन्धी कार्यशाला | १ पटक | १.६२ | ग.त.शा. | साउन-भदौ | - |
| ३ | २.७.२५.१२३४ | स्थलगत डेटा भेरिफिकेसन | १०० प्र.श. | २.८० | ग.त.शा. | भदौ-कात्तिक | अपूर्ण तथ्याङ्क/ स्थलगत प्रमाणीकरण |
| ४ | २.६.६.१०६ | तथ्याङ्क सम्पादन तथा शुद्धीकरण कार्यशाला | १ पटक | ०.९० | ग.त.शा. | कात्तिक | - |
| ५ | २.७.२५.१२३५ | अन्तरक्रिया तथा छलफल | १०० प्र.श. | ०.७० | ग.त.शा. | कात्तिक-पुस | - |
| ६ | २.६.६.१०७ | नतिजा विश्लेषण कार्यशाला | १ पटक | ०.९० | ग.त.शा. अ.शा. | पुस | - |
| ७ | २.६.६.१०८ | प्रतिवेदन तयारी कार्यशाला | १ पटक | ०.९० | ग.त.शा. | माघ | - |
| ८ | २.७.२५.१२३६ | नतिजा सार्वजनीकरण (केन्द्र/प्रदेशस्तर) | ४ पटक | १.४० | ग.त.शा. | चैत | बजेटको कमी/ एकीकृत परिचालन |
| ९ | २.९.६.१४ | विविध खर्च | १०० प्र.श. | ०.८१ | ग.त.शा. | आवश्यकता अनुसार | - |

*ग.त.शा.= गरिबी तथ्याङ्क शाखा, अ.शा.= अनुसन्धान शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | डेटा प्रविष्टिका लागि करार जनशक्ति | २ जना | ०.६६ | १.३२ |
| २ | डेटा प्रविष्टि तयारी सम्बन्धी कार्यशाला | १ पटक | १.६२ | १.६२ |
| ३ | स्थलगत डेटा भेरिफिकेसन | १०० प्र.श. | ०.०२८ | २.८० |
| ४ | तथ्याङ्क सम्पादन तथा शुद्धीकरण कार्यशाला | १ पटक | ०.९० | ०.९० |
| ५ | अन्तरक्रिया तथा छलफल | १०० प्र.श. | ०.००७ | ०.७० |
| ६ | नतिजा विश्लेषण कार्यशाला | १ पटक | ०.९० | ०.९० |
| ७ | प्रतिवेदन तयारी कार्यशाला | १ पटक | ०.९० | ०.९० |
| ८ | नतिजा सार्वजनीकरण (केन्द्र/प्रदेशस्तर) | ४ पटक | ०.३५ | १.४० |
| ९ | विविध खर्च | १०० प्र.श. | ०.००८१ | ०.८१ |
| जम्मा | | | | ११.३५ |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| डेटा प्रविष्टिका लागि करार जनशक्ति | करार जनशक्ति नियुक्ति | जना | ० | २ | करारनामा |
| डेटा प्रविष्टि तयारी सम्बन्धी कार्यशाला | कार्यशाला सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| स्थलगत डेटा भेरिफिकेसन | डेटा भेरिफिकेसन सम्पन्न | प्र.श. | ० | १०० | डेटा भेरिफिकेसन प्रतिवेदन |
| तथ्याङ्क सम्पादन तथा शुद्धीकरण कार्यशाला | तथ्याङ्क सम्पादन तथा शुद्धीकरण सम्पन्न | पटक | ० | १ | तथ्याङ्क सम्पादन तथा शुद्धीकरण प्रतिवेदन |
| अन्तरक्रिया तथा छलफल | अन्तरक्रिया/छलफल सङ्ख्या | प्र.श. | ० | १०० | अन्तरक्रिया/छलफल प्रतिवेदन |
| नतिजा विश्लेषण कार्यशाला | नतिजा विश्लेषण कार्यशाला सङ्ख्या | पटक | ० | १ | नतिजा विश्लेषण कार्यशाला प्रतिवेदन |
| प्रतिवेदन तयारी कार्यशाला | नतिजा प्रतिवेदन | पटक | ० | १ | नतिजा प्रतिवेदन |
| नतिजा सार्वजनिकीकरण (केन्द्र/प्रदेशस्तर) | नतिजा सार्वजनिकीकरण गरिएको सङ्ख्या | पटक | ० | ४ | कार्यालयको वेबसाइट |

## २.२.९ व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२

| आयोजना/कार्यक्रमको नाम | व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२ | कम्पोनेन्ट कोड | NSO-५ |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | कृषि तथ्याङ्क शाखा | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ९ (कृषि), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को ४.२.२ (१०) (व्यावसायिक तरकारीबाली सर्वेक्षण सञ्चालन) मा भएको नीतिगत व्यवस्था बमोजिम यो कार्यक्रम सञ्चालन गरिएको हो। व्यावसायिक तरकारी खेतीमा कृषकहरूको बढ्दो आकर्षण र राष्ट्रिय अर्थतन्त्रमा यसको योगदानलाई ध्यानमा राखी गत आर्थिक वर्षमा सङ्कलन गरिएको लगतको प्राविधिक प्रशोधन, विश्लेषण एवम् नतिजा प्रकाशन गरी आत्मनिर्भरता र नीति निर्माणका लागि अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन यो कार्यक्रम सम्पादन गर्न आवश्यक देखिएको छ। बाँकी कार्यहरू सम्पादनका लागि NSO को चालु खर्चतर्फ कुल रू. ८.६८ लाख बजेट विनियोजन गरिएको छ। कृषि तथ्याङ्क शाखाका मौजुदा जनशक्तिहरूका अतिरिक्त आवश्यकता अनुसार डेटा इन्ट्री कार्यका लागि करार जनशक्ति परिचालन गरिनेछ।

### २. उद्देश्य

#### (क) सर्वेक्षणको समग्र उद्देश्य

- नेपालमा व्यावसायिक तरकारी खेतीको क्षेत्र, उत्पादन, लागत, आम्दानी, रोजगारी तथा बजार व्यवस्थापनसम्बन्धी वस्तुनिष्ठ तथ्याङ्क उपलब्ध गराउनु।
- तरकारीबालीमा आत्मनिर्भरताको अवस्था पहिचान गरी कृषि नीति तथा योजना तर्जुमाका लागि भरपर्दो आधार प्रदान गर्नु।

#### (ख) चालु आ.व. को उद्देश्य

- व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२ को लगतलाई करार जनशक्तिमार्फत कम्प्युटर प्रणालीमा शतप्रतिशत प्रविष्टि गराउनु।
- तथ्याङ्कको प्राविधिक सम्पादन (डेटा एडिटिङ्ग, कोडिङ्ग, इन्ट्री तथा भेरिफिकेसन) गरी त्रुटिरहित डेटाबेस तयार गर्नु।
- केन्द्र तथा प्रदेश स्तरमा कार्यशाला गोष्ठी आयोजना गरी सर्वेक्षणको अन्तिम नतिजा सार्वजनिक गर्नु।

### ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

#### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

करार कर्मचारी नियुक्ति एवम् डेटा प्रविष्टि → प्राविधिक अधिकृतहरू तथा विषय विज्ञहरूबाट डेटा एडिटिङ, कोडिङ र भेरिफिकेसन → राष्ट्रिय प्रतिवेदन तयारी → नतिजा सार्वजनिकीकरण।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि विभाग, प्रादेशिक कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

साविककै नमुना क्षेत्रमा आधारित तथ्याङ्क प्रशोधन कार्य मात्र गरिने हुनाले अन्य सरकारी निकायसँग यसको कुनै दोहोरोपना हुने सम्भावना छैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.५.७.१४५ | डेटा इन्ट्री कार्यका लागि कर्मचारी करार | ३ जना | १.९८ | प्रशासन शाखा | भदौ | - |
| २ | २.७.२५.११५५ | डेटा इडिटिङ्ग, कोडिङ्ग तथा स्थलगत भ्यालिडेशन कार्य | १०० प्र.श. | ४.९० | कृ.त.शा. | भदौ-कात्तिक | - |
| ३ | २.६.६.५७ | नतिजा तयारी गोष्ठी | १ पटक | ०.९० | कृ.त.शा. | मङ्सिर | - |
| ४ | २.६.६.५८ | नतिजा सार्वजनिकीकरण (केन्द्र) | १ पटक | ०.४५ | कृ.त.शा. | मङ्सिर | - |
| | | नतिजा सार्वजनिकीकरण (प्रदेश) | ७ पटक | ०.४५ | कृ.त.शा., नी.यो.स.शा. | मङ्सिर | बजेटको कमी/ एकीकृत |

*कृ.त.शा.= कृषि तथ्याङ्क शाखा, नी.यो.स.शा.= नीति, योजना तथा समन्वय शाखा, प्र.त.व.शा.= प्रशासनिक तथ्याङ्क व्यवस्थापन शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | डेटा इन्ट्री कार्यका लागि कर्मचारी करार | ३ जना | ०.६६ | १.९८ |
| २ | डेटा इडिटिङ्ग, कोडिङ्ग तथा स्थलगत भ्यालिडेशन कार्य | १०० प्र.श. | ०.०४९ | ४.९० |
| ३ | नतिजा तयारी गोष्ठी | १ पटक | ०.९० | ०.९० |
| ४ | नतिजा सार्वजनिक गोष्ठी (केन्द्र) | १ पटक | ०.९० | ०.९० |
| **जम्मा** | | | | **८.६८** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| डेटा इन्ट्री कार्यका लागि कर्मचारी करार | करार नियुक्त | जना | ० | ३ | करारनामा |
| डेटा एडिटिङ, कोडिङ तथा स्थलगत भेरिफिकेसन | डेटा एडिटिङ, कोडिङ तथा स्थलगत भेरिफिकेसन सम्पन्न | प्र.श. | ० | १०० | स्थलगत प्रतिवेदन |

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| नतिजा तयारी गोष्ठी | नतिजा प्रतिवेदन तयार | पटक | ० | १ | कार्यक्रम प्रतिवेदन |
| नतिजा सार्वजनिकीकरण गोष्ठी | नतिजा सार्वजनिक | पटक | ० | १ | वेबसाइट |

## २.२.१० स्थल यातायात सर्वेक्षण, २०८२

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | स्थल यातायात सर्वेक्षण, २०८२ | **कम्पोनेन्ट कोड** | NSO-७ |
| **सञ्चालन गर्ने निकाय** | औद्योगिक तथ्याङ्क शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ७ (यातायात), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(११) (सेवा क्षेत्रका प्रतिष्ठानहरूको सर्वेक्षण) मा भएको नीतिगत प्रावधान बमोजिम यो कार्यक्रम सञ्चालन गरिएको हो। राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको सार्वजनिक स्थल यातायात क्षेत्रको यथार्थ संरचनागत स्थिति पहिचान गरी राष्ट्रिय लेखा एवम् नीति निर्माणका लागि अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन गत आ.व.देखि सुरू भएको यस सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भईसकेको छ। चालु आ.व.मा डेटा भेरिफिकेसन, नतिजा विश्लेषण, नतिजा प्रतिवेदन तयारी तथा सार्वजनिक कार्यहरू सम्पादन गर्न आवश्यक देखिएको छ। यसका लागि NSO मा चालुतर्फ रू. ७.६० लाख बजेट विनियोजन गरिएको छ र औद्योगिक तथ्याङ्क शाखाका मौजुदा जनशक्तिहरू परिचालन गरिनेछ।

### २. उद्देश्य

**(क) सर्वेक्षणको समग्र उद्देश्य**

- सार्वजनिक स्थल यातायात क्षेत्रका प्रतिष्ठानहरूले अर्थतन्त्रमा पुऱ्याएको योगदान, खर्च संरचना, आम्दानी र रोजगारीसम्बन्धी भरपर्दो तथ्याङ्क उत्पादन गर्नु।
- यातायात क्षेत्रसँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा र राष्ट्रिय लेखा अनुमानका लागि अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य तथ्याङ्क उपलब्ध गराउनु।

**(ख) चालु आ.व. को उद्देश्य**

- स्थलगत तथ्याङ्क सङ्कलनबाट प्राप्त डेटाको स्थलगत भेरिफिकेसन गर्नु।
- नतिजा विश्लेषण र प्रतिवेदन तयार गर्नु।
- नतिजा सार्वजनिक गर्नु।

### ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

#### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

स्थलगत सङ्कलनबाट प्राप्त डेटाको स्थलगत भेरिफिकेसन → नतिजा विश्लेषण तथा प्रतिवेदन तयारी → नतिजा सार्वजनिक एवम् सरोकारवालाहरूसँग अन्तरक्रिया।

#### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय (प्रदेश), निजी क्षेत्रका यातायात पेसागत महासंघहरू तथा अन्य सरोकारवाला निकाय।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यस किसिमको आधिकारिक स्थल यातायात तथ्याङ्कीय कार्य अन्य कुनै पनि निकायबाट सञ्चालन नभएकाले कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन। यद्यपि, नतिजा सार्वजनिकीकरण एवम् तथ्याङ्क उपयोगको सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहसँग आवश्यकता अनुसार समन्वय गरिनेछ।

### ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.२५.११८१ | डेटाको स्थलगत भेरिफिकेसन | १०० प्र.श. | १.४० | औ.त.शा. | साउन - कात्तिक | - |
| २ | २.६.६.६६ | नतिजा विश्लेषण र प्रतिवेदन तयारी | २ पटक | १.८० | औ.त.शा. अ.शा. | असोज, कात्तिक | - |
| ३ | २.६.६.६७ | नतिजा सार्वजनिक (केन्द्र) | १ पटक | ०.४५ | औ.त.शा. | मङ्सिर | - |
| | | नतिजा सार्वजनिक (सात प्रदेश) | १ पटक | ०.४५ | औ.त.शा., नी.यो.स.शा., प्र.त.व.शा. | | बजेटको कमी/ एकीकृत गरी परिचालन |
| ४ | २.७.२५.११८२ | कार्यक्रम सञ्चालन खर्च | १०० प्र.श. | ३.५० | प्रशासन शाखा | आवश्यकता अनुसार | - |

*अ.शा.= अनुसन्धान शाखा, औ.त.शा. = औद्योगिक तथ्याङ्क शाखा, नी.यो.स.शा. = नीति, योजना तथा समन्वय शाखा, प्र.त.व.शा. = प्रशासनिक तथ्याङ्क व्यवस्थापन शाखा*

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | डेटाको स्थलगत भेरिफिकेसन | १०० प्र.श. | ०.०१४ | १.४० |
| २ | नतिजा विश्लेषण र प्रतिवेदन तयारी | २ पटक | ०.९० | १.८० |
| ३ | नतिजा सार्वजनिक | २ पटक | ०.४५ | ०.९० |

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| ४ | कार्यक्रम सञ्चालन खर्च | १०० प्र.श. | ०.०३५ | ३.५० |
| जम्मा | | | | ७.६० |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| डेटाको स्थलगत भेरिफिकेसन | डेटाको स्थलगत भेरिफिकेसन सम्पन्न | प्र.श. | ० | १०० | डेटाको स्थलगत भेरिफिकेसन प्रतिवेदन |
| नतिजा विश्लेषण र प्रतिवेदन तयारी | नतिजा प्रतिवेदन तयार | पटक | ० | २ | नतिजा प्रतिवेदन |
| नतिजा सार्वजनिकीकरण | नतिजा सार्वजनिकीकरण | पटक | ० | २ | कार्यालयको वेबसाइट |

## २.२.११ सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण

| आयोजना/कार्यक्रमको नाम | सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण | कम्पोनेन्ट कोड | NSO-३० |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ७ (सहकारी), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(३) (सहकारी क्षेत्रको सेटलाइट लेखा) सम्बन्धी नीतिगत व्यवस्था अनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो। स्थानीय अर्थतन्त्र र वित्तीय पहुँचमा महत्त्वपूर्ण भूमिका रहेको सहकारी क्षेत्रको यथार्थ संरचनागत एवम् आर्थिक अवस्था झल्काउने विश्वसनीय तथ्याङ्क उपलब्ध गराई सहकारी सेटलाइट लेखा निर्माण तथा राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनका लागि यो सर्वेक्षण सञ्चालन गर्न आवश्यक देखिएको छ। गत आ.व.मा सहकारी विभागको आर्थिक तथा प्राविधिक सहयोगमा स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भईसकेकाले चालु आ.व.मा विनियोजित रू. २.३० लाख बजेट र सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाका मौजुदा जनशक्ति परिचालन गरी तथ्याङ्क प्रशोधन, भ्यालिडेशन, विश्लेषण, प्रतिवेदन तयारी एवम् नतिजा सार्वजनीकरण कार्य सम्पन्न गरिनेछ।

### २. उद्देश्य

#### (क) सर्वेक्षणको समग्र उद्देश्य

- नेपालका सहकारी क्षेत्रको बचत तथा ऋण परिचालन, रोजगारी सिर्जना र आर्थिक योगदानसम्बन्धी भरपर्दो एवम् अद्यावधिक तथ्याङ्क उत्पादन गर्नु।
- सहकारी क्षेत्रको सेटलाइट लेखा निर्माणका लागि अर्थतन्त्रमा योगदान तथा अन्य आवश्यक आधारभूत सूचक उपलब्ध गराई नीति निर्माणमा सहयोग पुऱ्याउनु।

**(ख) चालु आ.व.को उद्देश्य**

- सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षणबाट सङ्कलित तथ्याङ्कलाई डेटा एडिटिङ तथा भ्यालिडेशन गरी गुणस्तरीय डेटाबेस तयार गर्नु।
- सर्वेक्षणको अन्तिम नतिजा प्रतिवेदन तयार गरी प्राविधिक/निर्देशक समितिबाट स्वीकृत गराई सार्वजनिक गर्नु।
- सहकारी क्षेत्रको संरचनागत तथा आर्थिक अवस्थासम्बन्धी विश्वसनीय तथ्याङ्क सरोकारवालाहरूलाई उपलब्ध गराउनु।

**३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया**

**(क) कार्यक्रम सञ्चालन प्रक्रिया**

सङ्कलित तथ्याङ्क शुद्धीकरण, एडिटिङ तथा भ्यालिडेशन → नतिजा प्रतिवेदन मस्यौदा तयारी → प्राविधिक/निर्देशक समितिको बैठकबाट प्रतिवेदन स्वीकृति → नतिजा सार्वजनिकीकरण।

**(ख) संलग्न सरोकारवाला निकाय/पदाधिकारी**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ तथा अन्य सहकारी संघ-संस्था।

**४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता**

यस सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य पहिले नै सम्पन्न भईसकेको र हाल केन्द्रीयस्तरमा डेटा प्रशोधन तथा नतिजा प्रकाशनको चरणमा मात्र रहेको हुनाले अन्य निकायहरूसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन। सहकारी क्षेत्रसँग सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय गरी नतिजा सार्वजनिक गरिनेछ।

**५. कार्ययोजना**

| क.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१६२ | डेटा एडिटिङ र भेरिफिकेसन | २ पटक | ०.४५ | स.अ.स.डि.शा. | भदौ-कात्तिक | - |
| २ | २.७.२५.१२६६ | आवश्यक अन्य कार्यक्रम | १००प्र.श. | ०.७० | स.अ.स.डि.शा. | असोज-कात्तिक | - |
| ३ | २.६.६.१६२ | नतिजा प्रतिवेदन तयारी | २ पटक | ०.४५ | स.अ.स.डि.शा. | कात्तिक, मङ्सिर | - |
| ४ | २.७.२५.१२६३ | नतिजा सार्वजनिक | १ पटक | ०.७० | स.अ.स.डि.शा. | मङ्सिर | - |

*स.अ.स.डि.शा. = सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा*

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | डेटा शुद्धीकरण, एडिटिङ र भेरिफिकेसन कार्यशाला | २ पटक | ०.२२५ | ०.४५ |
| २ | आवश्यक अन्य कार्यक्रम | १०० प्र.श. | ०.००७ | ०.७० |
| ३ | नतिजा प्रतिवेदन तयारी | २ पटक | ०.२२५ | ०.४५ |
| ४ | नतिजा सार्वजनिक | १ पटक | ०.७० | ०.७० |
| जम्मा | | | | २.३० |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| डेटा शुद्धीकरण, एडिटिङ र भेरिफिकेसन कार्यशाला | डेटा शुद्धीकरण, एडिटिङ र भेरिफिकेसन सम्पन्न | पटक | ० | २ | डेटा शुद्धीकरण, एडिटिङ र भेरिफिकेसन प्रतिवेदन |
| आवश्यक अन्य कार्यक्रम | कार्यक्रम सञ्चालन सङ्ख्या | प्र.श. | ० | १०० | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| नतिजा प्रतिवेदन तयारी | नतिजा प्रतिवेदन | पटक | ० | २ | नतिजा प्रतिवेदन |
| नतिजा सार्वजनिकीकरण | नतिजा सार्वजनिकीकरण | पटक | ० | १ | कार्यालय वेबसाइट |

## २.२.१२ नेपाल जीवनस्तर सर्वेक्षण, पाँचौं

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | नेपाल जीवनस्तर सर्वेक्षण, पाँचौं | **कम्पोनेन्ट कोड** | NSO-५७ |
| **सञ्चालन गर्ने निकाय** | गरिबी तथ्याङ्क शाखा (NSO) | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ३.५.९(२) (नेपाल जीवनस्तर सर्वेक्षण निश्चित समय अन्तरालमा सञ्चालन) सम्बन्धी नीतिगत व्यवस्था अनुसार यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। घरपरिवारको उपभोग, आय, गरिबी तथा जीवनस्तरका बहुआयामिक सूचकहरूको आवधिक अनुगमन र नीति निर्माणका लागि यो सर्वेक्षण आवश्यक देखिएको छ। चालु आ.व.मा पाँचौं नेपाल जीवनस्तर सर्वेक्षणका लागि प्रश्नावली तयारी तथा परीक्षणको कार्यहरू सम्पादन गरिनेछ। यसका लागि NSO को चालु खर्चतर्फ रू. २.१० लाख बजेट विनियोजन गरिएको छ भने गरीबी तथ्याङ्क शाखाका मौजुदा जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) सर्वेक्षणको समग्र उद्देश्य

- नेपाली जनताको उपभोग, आय, गरिबी, सेवा-सुविधामा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारी तथा बचत-ऋण लगायतका बहुआयामिक सूचकहरूको मापन गरी आवधिक तथ्याङ्क उपलब्ध गराउनु।
- राष्ट्रिय गरिबी निवारण रणनीति, आवधिक योजना तथा दिगो विकास लक्ष्यको प्रगति मूल्याङ्कन एवम् तथ्यमा आधारित नीति निर्माणका लागि भरपर्दो आधार प्रदान गर्नु।

### (ख) चालु आ.व.को उद्देश्य

- पाँचौं नेपाल जीवनस्तर सर्वेक्षणका लागि राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप प्रश्नावली निर्माण गर्नु।
- विद्यमान चौथो जीवनस्तर सर्वेक्षणको प्रश्नावली समीक्षा गरी आवश्यक परिमार्जन एवम् नयाँ विषयवस्तु समावेश गर्नु।
- मस्यौदा प्रश्नावलीको पूर्व-परीक्षण गरी प्राप्त सुझावका आधारमा अन्तिम प्रश्नावली तयार गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

सरोकारवाला विषय विज्ञहरूसँग कार्यशाला आयोजना → विद्यमान प्रश्नावलीको समीक्षा र परिमार्जन → नयाँ विषयवस्तु समावेश गरी मस्यौदा प्रश्नावली तयार → स्थलगत पूर्व-परीक्षण → प्राप्त सुझावका आधारमा अन्तिम प्रश्नावली स्वीकृत।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

सम्बन्धित मन्त्रालय/निकायका विषय विज्ञ, विश्व बैंक लगायतका विकास साझेदार निकायका प्रतिनिधि।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

नेपाल जीवनस्तर सर्वेक्षणको प्रश्नावली तर्जुमा कार्य NSO बाट मात्र केन्द्रीय रूपमा सञ्चालन हुने भएकाले सङ्घका अन्य निकाय, प्रदेश र स्थानीय तहसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.२५.१२४५ | प्रश्नावली तयारी कार्यशाला | १ पटक | १.४० | गरिबी तथ्याङ्क शाखा | चैत | - |
| २ | २.७.२५.१२४५ | प्रश्नावली परीक्षण | १०० प्र.श. | ०.७० | गरिबी तथ्याङ्क शाखा | वैशाख | - |

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | प्रश्नावली तयारी कार्यशाला | १ पटक | १.४० | १.४० |
| २ | प्रश्नावली परीक्षण | १०० प्र.श. | ०.००७ | ०.७० |
| जम्मा | | | | २.१० |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| प्रश्नावली तयारी कार्यशाला | मस्यौदा प्रश्नावली तयार | पटक | ० | १ | प्रश्नावली मस्यौदा |
| प्रश्नावली परीक्षण | प्रश्नावलीको परिष्कृत रूप | प्र.श. | ० | १०० | परिष्कृत प्रश्नावली |

## २.२.१३ लैङ्गिक हिंसासम्बन्धी सर्वेक्षण

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | लैङ्गिक हिंसा सम्बन्धी सर्वेक्षण | **कम्पोनेन्ट कोड** | NSO-४२ |
| **सञ्चालन गर्ने निकाय** | सामाजिक तथा लैंगिक तथ्याङ्क शाखा (NSO) | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपाल संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को अनुसूची २ को रणनिति १५ (लैङ्गिक हिंसा सम्बन्धी तथ्याङ्क) सम्बन्धी नीतिगत व्यवस्था अनुसार यो कार्यक्रम महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयसँगको समन्वयमा सञ्चालन गर्नका लागि पूर्व–तयारीको कार्य गर्न लागिएको हो। लैङ्गिक हिंसाको यथार्थ स्थिति पहिचान गरी नीति निर्माण, कानुनी सुधार एवम् दिगो विकास लक्ष्यका सूचकहरूको अनुगमनका लागि गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउन, लैङ्गिक हिंसासम्बन्धी सर्वेक्षणको पूर्व-तयारी स्वरूप सरोकारवालाबिच अभिमुखीकरण कार्यशाला सञ्चालन र प्रश्नावली मस्यौदा तयारीका कार्य चालु आ.व.मा सम्पादन गरिनेछन्। यसका लागि रू. १.५८ लाख बजेट विनियोजन गरिएको छ। उक्त कार्यक्रम सामाजिक तथा लैंगिक तथ्याङ्क शाखाका मौजुदा जनशक्तिबाट सम्पन्न गरिनेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- मुलुकमा हुने लैङ्गिक हिंसाको स्वरूप, व्यापी, असर र यसका कारक तत्त्वहरूबारे राष्ट्रिय एवम् प्रादेशिकस्तरको गुणस्तरीय तथा विश्वसनीय तथ्याङ्क सङ्कलन गरी नीति निर्माण, रणनीति तर्जुमा, दिगो विकास लक्ष्यका सूचक अनुगमन र हिंसा रोकथामसम्बन्धी लक्षित कार्यक्रमहरूका लागि तथ्यगत आधार प्रदान गर्नु।

**(ख) चालु आ.व.को उद्देश्य**

- लैङ्गिक हिंसा सम्बन्धी सर्वेक्षणको पूर्वतयारीका लागि सरोकारवाला एवम् विषय विज्ञसँग अभिमुखीकरण गरी आवश्यक सुझाव सङ्कलन गर्नु।
- अन्तर्राष्ट्रिय मापदण्ड र राष्ट्रिय आवश्यकता अनुसार लैङ्गिक हिंसा सम्बन्धी सर्वेक्षणको प्रश्नावली मस्यौदा तयार गर्नु।

**३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया**

**(क) कार्यक्रम सञ्चालन प्रक्रिया**

सरोकारवाला निकाय र विषय विज्ञसँग अभिमुखीकरण कार्यशाला → प्राप्त सुझावका आधारमा प्रश्नावली मस्यौदा तर्जुमा।

**(ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था**

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय महिला आयोग तथा क्षेत्रगत अधिकारकर्मी, UNICEF एवम् विषय विज्ञ।

**४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता**

तथ्याङ्क सङ्कलन, अनुगमन तथा गुणस्तर सुनिश्चित गर्ने क्रममा प्रदेश तथा स्थानीय तहहरूसँग आवश्यक समन्वय गरिनेछ। कार्यक्रमको दोहोरोपना हुन नदिन विद्यमान प्रशासनिक अभिलेखसँग सुनिश्चित गरिनेछ।

**५. कार्ययोजना**

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.९१ | सरोकारवाला/विषय विज्ञसँग अन्तरक्रिया | १ पटक | ०.४५ | सा.लैं.त.शा. | पुस | |
| २ | २.६.६.९२ | प्रश्नावली मस्यौदा तयारी | १ पटक | १.१३ | सा.लैं.त.शा. | जेठ | संवेदनशील विषयवस्तुका कारण अतिरिक्त समय लाग्न सक्ने/समय व्यवस्थापन |

*सा.लैं.त.शा.= सामाजिक तथा लैंगिक तथ्याङ्क शाखा*

**६. लागत अनुमान**

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | सरोकारवाला/विषय विज्ञसँग अन्तरक्रिया | १ पटक | ०.४५ | ०.४५ |
| २ | प्रश्नावली मस्यौदा तयारी | १ पटक | १.१३ | १.१३ |
| **जम्मा** | | | | **१.५८** |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| सरोकारवाला/विषय विज्ञसँग अन्तरक्रिया | सुझावसहितको संक्षिप्त प्रतिवेदन | पटक | ० | १ | सुझावसहितको संक्षिप्त प्रतिवेदन |
| प्रश्नावली मस्यौदा तयारी | मस्यौदा प्रश्नावली तयार | पटक | ० | १ | मस्यौदा प्रश्नावलीको हार्ड/सफ्टकपि |

## २.२.१४ आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ | **कम्पोनेन्ट कोड** | NSO-१६ |
| **सञ्चालन गर्ने निकाय** | व्यापार तथा सेवा तथ्याङ्क शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क), अनुसूची ६ (प्रदेश तथ्याङ्क) र अनुसूची ९ (पर्यटन), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (सर्वेक्षण सञ्चालन) एवम् NSDS-II को रणनीति ४.२.२(३) (पर्यटन सेटलाइट लेखा तयार गर्ने) सम्बन्धी नीतिगत व्यवस्था अनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो। प्रदेश सरकारलाई तथ्यमा आधारित पर्यटन नीति, योजना र कार्यक्रम तर्जुमाका लागि आवश्यक आधार उपलब्ध गराउन चालु आ.व.मा आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२ को नतिजा सातै प्रदेशमा सार्वजनिकीकरण एवम् प्रसार गर्ने कार्य सम्पादन गरिनेछन्। यसका लागि NSO को चालु खर्चतर्फ रू. ०.९० लाख विनियोजिन गरिएको छ। व्यापार तथा सेवा तथ्याङ्क शाखाका मौजुदा जनशक्ति परिचालन गरी नीति, योजना तथा समन्वय शाखा र प्रशासनिक तथ्याङ्क व्यवस्थापन शाखाको समन्वयमा सार्वजनिकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२ का प्रादेशिक नतिजाहरूको सार्वजनिकीकरण गरी सरकार, निजी क्षेत्र र सरोकारवालाहरूका लागि पर्यटन क्षेत्रको नीति निर्माण, रणनीति तर्जुमा, अनुसन्धान र प्रमाणमा आधारित निर्णय प्रक्रियाका लागि गुणस्तरीय एवम् विश्वसनीय तथ्याङ्कीय आधार प्रदान गर्नु।

#### (ख) चालु आ.व.को उद्देश्य

- आन्तरिक पर्यटन सर्वेक्षण २०८१/८२ को प्रदेशस्तरीय नतिजा आधिकारिक रूपमा सार्वजनिक गरी सातै प्रदेशको पर्यटन अवस्था, सम्भावना तथा चुनौतीहरूको तथ्यगत विश्लेषण उपलब्ध गराउनु।
- प्रदेश तथा स्थानीय तहका नीति-निर्माता, योजनाकार र अन्य सरोकारवाला निकायहरूसम्म पर्यटन तथ्याङ्कको सहज पहुँच सुनिश्चित गर्दै अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको प्रदेशगत विश्लेषण → प्रत्येक प्रदेशमा प्रदेश सरकार, स्थानीय तह, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र, व्यवसायी तथा सञ्चारमाध्यमका प्रतिनिधिबिच नतिजा सार्वजनिकीकरण → मुख्य निष्कर्ष प्रस्तुतीकरण एवम् प्राप्त सुझाव/प्रतिक्रियालाई आगामी तथ्याङ्क सुधार र प्रकाशनमा समावेश।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

प्रदेश पर्यटन मन्त्रालय, स्थानीय तह, पर्यटन व्यवसायी, निजी क्षेत्रका छाता सङ्गठन, शैक्षिक संस्था तथा सञ्चारमाध्यमका प्रतिनिधि।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो कार्यक्रम NSO को कानुनी तथा संस्थागत जिम्मेवारीअन्तर्गत सञ्चालन हुने आधिकारिक तथ्याङ्क प्रसार कार्यक्रम हो। यसमा प्रदेश तथा स्थानीय तहको भूमिका समन्वय, सहभागिता र तथ्याङ्क प्रयोगमा मात्र सीमित रहने भएकाले कार्यगत दोहोरोपना हुने सम्भावना छैन।

## ५. कार्ययोजना

| क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|
| २.६.६.६९ | प्रदेशस्तरीय नतिजा सार्वजनिकीकरण | १ पटक | ०.९० | व्यापार तथा सेवा तथ्याङ्क शाखा | असोज | बजेटको कमी/ सम्बन्धित सबै शाखाको बजेट एकीकृत गरी परिचालन गरिने मङ्सिरमा गरिने। |

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | प्रदेशस्तरीय नतिजा सार्वजनिकीकरण | १ पटक | ०.९० | ०.९० |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| प्रदेशस्तरीय नतिजा सार्वजनिकीकरण | प्रादेशिक नतिजा प्रतिवेदन | पटक | ० | १ | वेबसाइट |

## २.२.१५ लागू औषध प्रयोग सम्बन्धी सर्वेक्षण

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | लागू औषध प्रयोग सम्बन्धी सर्वेक्षण | **कम्पोनेन्ट कोड** | NSO-४३ |
| **सञ्चालन गर्ने निकाय** | सामाजिक तथा लैंगिक तथ्याङ्क शाखा (NSO) | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

गृह मन्त्रालयबाट सञ्चालन हुने यस सर्वेक्षणमा NSO को प्राविधिक सहयोग हुँदै आएको परिप्रेक्ष्यमा चालु आ.व.मा गृह मन्त्रालयबाट तेस्रो पटक यो सर्वेक्षण सञ्चालन गर्न लागिएको हुँदा Seed Money को रूपमा चालु आ.व.मा रू. ०.७० बजेट विनियोजन गरिएको हो। देशमा लागू औषध प्रयोगको यथार्थ अवस्था, प्रकृति र यसबाट परेको प्रभावसम्बन्धी भरपर्दो अद्यावधिक तथ्याङ्क सङ्कलन गरी रोकथाम, पुनस्थापना एवम् प्रमाणमा आधारित नीति निर्माणका लागि लागू औषध प्रयोग सर्वेक्षण सञ्चालन गर्न आवश्यक छ। NSO मा विनियोजित बजेटबाट गृह मन्त्रालयको सहकार्यमा केही प्रारम्भिक कार्य सम्पादन गरिनेछन्। यसका लागि सामाजिक तथा लैङ्गिक शाखाका कर्मचारी परिचालन गरिनेछ।

### २. उद्देश्य

**(क) कार्यक्रमको समग्र उद्देश्य**

- मुलुकमा लागू औषध प्रयोगकर्ताहरूको स्थिति, प्रयोगको प्रकृति, असर र यसका कारक तत्त्वहरूबारे राष्ट्रिय एवम् प्रादेशिक स्तरको गुणस्तरीय तथा विश्वसनीय तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय नीति निर्माण, कानुनी तथा संस्थागत सुधार, नियन्त्रण एवम् पुनर्जागरण (पुनःस्थापना) सम्बन्धी लक्षित कार्यक्रम तर्जुमाका लागि तथ्यगत आधार प्रदान गर्नु।

**(ख) चालु आ.व.को उद्देश्य**

- लागू औषध प्रयोग सर्वेक्षण सञ्चालनका लागि आवश्यक अवधारणा तथा प्राविधिक पूर्व-तयारीका आधारहरू तयार गर्नु।

### ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

**(क) कार्यक्रम सञ्चालन प्रक्रिया**

NSO र गृह मन्त्रालयबिच समन्वय बैठक → कार्ययोजना र समयतालिका तर्जुमा → सर्वेक्षणको विधि तथा प्रारम्भिक ढाँचा निर्माण।

**(ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था**

गृह मन्त्रालय (लागू औषध नियन्त्रण शाखा), स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाल प्रहरी एवम् पुनर्स्थापना केन्द्रका प्रतिनिधि।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

NSO को प्राविधिक सहयोगमा गृह मन्त्रालयबाट आविधिक रूपमा सञ्चालन हुने यस केन्द्रीय कार्यक्रम भएकोले कार्यगत दोहोरोपना हुनेछैन।

### ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.२५.१२७३ | कार्ययोजना, सर्वेक्षण विधि तथा प्रारम्भिक ढाँचा निर्माण | १०० प्र.श. | ०.७० | सामाजिक तथा लैंगिक तथ्याङ्क शाखा | पुस | समन्वय |

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | कार्ययोजना, सर्वेक्षण विधि तथा प्रारम्भिक ढाँचा निर्माण | १०० प्र.श. | ०.००७ | ०.७० |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| कार्ययोजना, सर्वेक्षण विधि तथा प्रारम्भिक ढाँचा निर्माण | कार्ययोजना, सर्वेक्षण विधि तथा प्रारम्भिक ढाँचा निर्माण कार्य सम्पन्न | पटक | ० | १ | कार्ययोजना, सर्वेक्षण विधि तथा प्रारम्भिक ढाँचा प्रतिवेदन |

## २.३ अध्ययन

### २.३.१ उखु खेती सम्बन्धी अध्ययन

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | उखु खेती सम्बन्धी अध्ययन | **कम्पोनेन्ट कोड** | NSO-६०, SCO-६३ |
| **सञ्चालन गर्ने निकाय** | अनुसन्धान शाखा (NSO) र SCO- धनुषा, पर्सा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ६ (प्रदेश तथ्याङ्क) र अनुसूची ९ (कृषि) एवम् तथ्याङ्क ऐन, २०७९ को दफा २४ (तथ्याङ्क सम्बन्धी अध्ययन) बमोजिमको नीतिगत व्यवस्था अनुसार यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। तराई क्षेत्रको प्रमुख नगदेबाली उखु खेतीको उत्पादनशीलता, लागत-प्रतिफल, कीट व्यवस्थापन, बजार पहुँच एवम् कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान सम्बन्धी भरपर्दो तथ्याङ्क उपलब्ध गराई कृषि नीति एवम् उद्योग योजना तर्जुमामा सहयोग पुऱ्याउन यो अध्ययन आवश्यक देखिएको छ।

चालु आ.व.मा अध्ययन तयारी कार्यशाला, स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण, तथ्याङ्क प्रशोधन, विश्लेषण र प्रतिवेदन प्रकाशनका कार्यहरू सम्पादन गरिनेछन्। यस अध्ययनका लागि NSO मा रू. १८.०६ लाख, SCO

धनुषामा रू. ६.३७ लाख र SCO पर्सामा ६.३७ लाख गरी कुल रू. ३०.८० लाख बजेट विनियोजन गरिएको छ। NSO को अनुसन्धान शाखा तथा SCO धनुषा र SCO पर्साका मौजुदा जनशक्तिहरू परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- नेपालका तराई जिल्लाहरूमा उखु खेतीको क्षेत्रफल, उत्पादन, उत्पादकत्व, लागत-प्रतिफल, बजार शृङ्खला र कुल गार्हस्थ्य उत्पादनमा यसको योगदानसम्बन्धी गुणस्तरीय एवम् वस्तुनिष्ठ तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी राष्ट्रिय कृषि नीति, मूल्य निर्धारण र उद्योग-कृषक प्रोत्साहन रणनीति तर्जुमाका लागि तथ्यगत आधार प्रदान गर्नु।

### (ख) चालु आ.व.को उद्देश्य

- तराईका प्रमुख उखु उत्पादक जिल्लाहरूमा उखु खेतीको आर्थिक एवम् प्राविधिक सूचकहरूको वस्तुनिष्ठ तथ्याङ्क सङ्कलन तथा विश्लेषण कार्य सम्पन्न गर्नु।
- उखु खेतीमा कृषकहरूले प्रयोग गर्ने मल, बीउ, सिँचाइ, आधुनिक प्रविधि एवम् रोग तथा कीट व्यवस्थापन पद्धतिको अध्ययन गरी कृषि आधुनिकीकरण तथा प्रसार सेवाका लागि विश्लेषणात्मक विवरण तयार गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

अध्ययन तयारी कार्यशाला (NSO, SCO) → प्रश्नावली तथा गणना पुस्तिका निर्माण (NSO, SCO) → गणक तालिम (NSO) → उखु उत्पादन हुने तराईका जिल्लाहरूमा स्थलगत तथ्याङ्क सङ्कलन (SCO) तथा अनुगमन (NSO, SCO) → डेटा भ्यालिडेशन (NSO) → तथ्याङ्क प्रशोधन एवम् विश्लेषण (NSO, SCO) → प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण (NSO, SCO)।

### (ख) संलग्न सरोकारवाला निकाय/पदाधिकारी

प्रदेश नीति तथा योजना आयोग, कृषि ज्ञान केन्द्र, चिनी उद्योग प्रतिनिधि र स्थानीय तहका कृषि शाखाका प्राविधिकहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो अध्ययन NSO को समग्र निर्देशन तथा अनुगमनमा सम्बन्धित SCO हरूले आ-आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन गर्ने भएकाले सङ्घ, प्रदेश र स्थानीय तहका अन्य कार्यक्रमसँग कार्यगत दोहोरोपना हुने सम्भावना रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार कार्यालय | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१६३ | तयारी कार्यशाला | ४ पटक | ३.२४ | SCO | भदौ | - |
| २ | २.६.६.१६६ | प्रश्नावली तथा गणना पुस्तिका तयारी | १ पटक | ४.५० | अ.शा. (NSO) | असोज | - |
| ३ | २.६.२.९१ | सुपरिवेक्षक/गणक तालिम | १ पटक | ६.३० | अ.शा. (NSO) | कात्तिक | - |
| ४ | २.७.२५.१२६७ २.८.१.२०६ | तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण | १०० प्र.श. | ४.६३ | SCO | कात्तिक-पुस | - |
| ५ | २.६.६.१६६ | डेटा भ्यालिडेशन कार्यशाला | १ पटक | २.२५ | अ.शा. (NSO) | पुस | - |
| ६ | २.६.६.१६६ | तालिकीकरण | १ पटक | २.२५ | अ.शा. (NSO) | पुस | - |
| ७ | २.६.६.१६७ २.६.६.१६४ | तथ्याङ्क प्रशोधन, विश्लेषण | ६ पटक | ५.९३ | SCO | चैत-वैशाख | - |
| ८ | २.४.१२.१२८ | नतिजा प्रतिवेदन सार्वजनिकीकरण | १ पटक | १.७० | SCO | जेठ | - |

*अ.शा.= अनुसन्धान शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | तयारी कार्यशाला | ४ पटक | ०.८१ | ३.२४ |
| २ | प्रश्नावली तथा गणना पुस्तिका तयारी | १ पटक | ४.५० | ४.५० |
| ३ | सुपरिवेक्षक/गणक तालिम | १ पटक | ६.३० | ६.३० |
| ४ | तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण | १०० प्र.श. | ०.०४६३ | ४.६३ |
| ५ | डेटा भ्यालिडेशन कार्यशाला | १ पटक | २.२५ | २.२५ |
| ६ | तालिकीकरण | १ पटक | २.२५ | २.२५ |
| ७ | तथ्याङ्क प्रशोधन, विश्लेषण | ६ पटक | ०.९८८३ | ५.९३ |
| ८ | नतिजा प्रतिवेदन सार्वजनिकीकरण | १ पटक | १.७० | १.७० |
| **जम्मा** | | | | **३०.८०** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| तयारी कार्यशाला | सर्वेक्षणको खाका तयार | पटक | ० | ४ | सर्वेक्षणको खाका |
| प्रश्नावली तथा गणना पुस्तिका तयारी | प्रश्नावली तथा गणना पुस्तिका तयार | पटक | ० | १ | प्रश्नावली तथा गणना पुस्तिका |
| सुपरिवेक्षक/गणक तालिम | तालिम सम्पन्न | पटक | ० | १ | तालिम सम्पन्न प्रतिवेदन |
| तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण | तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण सम्पन्न | प्र.श. | ० | १०० | तथ्याङ्क सङ्कलन प्रतिवेदन एवम् अनुगमन प्रतिवेदन |

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| डेटा भ्यालिडेशन | डेटा भ्यालिडेशन सम्पन्न | पटक | ० | १ | डेटा भ्यालिडेशन प्रतिवेदन |
| तालिकीकरण | प्रतिवेदनको तालिकीकरण खाका तयार | पटक | ० | १ | तालिकीकरण खाका |
| तथ्याङ्क प्रशोधन, विश्लेषण | नतिजा प्रतिवेदन तयार | पटक | ० | ६ | नतिजा प्रतिवेदन |
| नतिजा प्रतिवेदन सार्वजनिकीकरण | नतिजा प्रतिवेदन सावजनिकीकरण | पटक | ० | १ | नतिजा प्रतिवेदन, वेबसाइट |

### २.३.२ SEEA Accounts

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | SEEA Accounts | **कम्पोनेन्ट कोड** | NSO-५५ |
| **सञ्चालन गर्ने निकाय** | वन तथा वातावरण तथ्याङ्क शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ (केन्द्रीय तथ्याङ्क) र अनुसूची ९ (वन, जलउपयोग, वातावरण, जैविक विविधता), तथ्याङ्क ऐन, २०७९ को दफा २४ (तथ्याङ्क सम्बन्धी अध्ययन) एवम् NSDS-II को रणनीति ४.२.२(३) (सेटलाइट लेखा) बमोजिमको नीतिगत व्यवस्था अनुरूप यो कार्यक्रम सञ्चालन गरिएको हो। दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय रूपमा निर्धारित योगदान (NDC) तथा राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (NBSAP) अनुरूप वातावरण र अर्थतन्त्रबिचको अन्तरसम्बन्धलाई एकीकृत गर्दै वनको विस्तार, अवस्था, पारिस्थितिकीय सेवा र परिसम्पत्तिको मूल्याङ्कन गर्न अन्तर्राष्ट्रिय SEEA ढाँचामा आधारित लेखा प्रणाली स्थापना गर्न आवश्यक देखिएको छ।

चालु आ.व.मा SEEA Forest Ecosystem Accounting अन्तर्गत सरोकारवाला निकायहरूसँग अन्तरक्रिया, तथ्याङ्क प्रशोधन, प्रतिवेदन तयारी तथा प्रतिवेदन सार्वजनिकीकरण सम्पन्न गरिनेछ भने SEEA Water Accounts र SEEA Energy Accounts को Data Assessment गरिनेछ। कार्यक्रम सञ्चालनका लागि NSO मा चालु खर्चतर्फ रू. २०.४२ लाख विनियोजन गरिएको छ। वन तथा वातावरण तथ्याङ्क शाखाका मौजुदा जनशक्तिहरूका अतिरिक्त आवश्यकता अनुसार करार जनशक्ति परिचालन गरिनेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- वातावरण र अर्थतन्त्रबिचको सम्बन्धलाई एकीकृत गर्दै SDGS, NDC र NBSAP अनुगमनका लागि भरपर्दो आधार प्रदान गर्नु।

#### (ख) चालु आ.व.को उद्देश्य

- अन्तर्राष्ट्रिय SEEA Ecosystem Accounting Framework अनुसार वनको विस्तार, अवस्था, पारिस्थितिकीय सेवा र परिसम्पत्तिको वैज्ञानिक मूल्याङ्कन गरी राष्ट्रिय वातावरणीय लेखा प्रणालीलाई सुदृढ बनाउनु।
- SEEA Water Accounts का लागि Data Assessment गर्नु।

- SEEA Energy Accounts का लागि Data Assessment गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

**SEEA Ecosystem Accounting Framework**
८४ डिभिजन वन कार्यालयबाट प्राप्त तथ्याङ्क इन्ट्री तथा भेरिफिकेसन → तथ्याङ्क विश्लेषण → प्रतिवेदन तयारी अन्तरक्रिया छलफल → Forest Ecosystem Accounting प्रतिवेदन प्रकाशन।

**SEEA Water Accounts**
सरोकारवालासँग अन्तरक्रिया → Data Assessment प्रतिवेदन तयार।

**SEEA Energy Accounts**
सरोकारवालासँग अन्तरक्रिया → Data Assessment प्रतिवेदन तयार।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश वन निर्देशनालय, ८४ डिभिजन वन कार्यालय तथा विकास साझेदार।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो कार्यक्रम नयाँ सर्वेक्षण सञ्चालन गर्ने नभई सङ्घ, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरूमा छरिएर रहेका प्रशासनिक तथा भौगोलिक तथ्याङ्कलाई एकीकृत गर्ने प्रक्रिया भएकाले बजेट र कार्यको दोहोरोपना हुने सम्भावना रहँदैन। वन तथा वातावरण तथ्याङ्क शाखाको नेतृत्वमा सम्बन्धित सरोकारवाला निकाय/पदाधिकारीसँग नियमित छलफल र कार्यशाला मार्फत प्रभावकारी समन्वय गरिनेछ।

## ५. कार्ययोजना

| क.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| **SEEA Forest Ecosystem Accounting** | | | | | | | |
| १ | २.६.६.१११ | सरोकारवाला निकायसँग अन्तरक्रिया | २ पटक | १.८० | व.व.त.शा. | साउन, भदौ | - |
| २ | २.५.७.१५५ | तथ्याङ्क सङ्कलन/डेटा इन्ट्री करार | १ जना | १.३२ | व.व.त.शा. | कात्तिक | - |
| ३ | २.७.२५.१२४० | स्थलगत तथ्याङ्क सङ्कलन | १९ पटक | १०.५० | व.व.त.शा. | कात्तिक-माघ | - |
| ४ | २.६.६.११४ | Data Cleaning and Consistency Checking कार्यशाला | २ पटक | १.८० | व.व.त.शा. | माघ-फागुन | - |
| ५ | २.६.६.११५ | Report Writing कार्यशाला | २ पटक | १.८० | व.व.त.शा. अ.शा. | फागुन-चैत | - |
| ६ | २.७.२५.१२४१ | प्रतिवेदन सार्वजनिकीकरण | २ पटक | ०.७० | व.व.त.शा. | वैशाख, जेठ | - |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| ७ | २.७.२५.१२३९ | छलफल कार्यक्रम | १२ पटक | ०.७० | व.व.त.शा. | हरेक महिना | - |
| **SEEA Water Accounts र Energy Accounts** | | | | | | | |
| ८ | २.६.६.११६ | SEEA Water Accounts Data Assessment गोष्ठी | १ पटक | ०.९० | व.व.त.शा. | मङ्सिर | - |
| ९ | २.६.६.११७ | SEEA Energy Accounts Data Assessment गोष्ठी | १ पटक | ०.९० | व.व.त.शा. | पुस | - |

*व.व.त.शा.= वन तथा वातावरण तथ्याङ्क शाखा, अ.शा.= अनुसन्धान शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| **SEEA Forest Ecosystem Accounting** | | | | |
| १ | सरोकारवाला निकायसँग अन्तरक्रिया | २ पटक | ०.९० | १.८० |
| २ | तथ्याङ्क सङ्कलन/डेटा इन्ट्री करार | १ जना | १.३२ | १.३२ |
| ३ | स्थलगत तथ्याङ्क सङ्कलन | १९ पटक | ०.५५२६ | १०.५० |
| ४ | Data Cleaning and Consistency Checking कार्यशाला | २ पटक | ०.९० | १.८० |
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ (बजेट कार्यान्वयन), विधायन ऐन, २०८१ को दफा ३६ (कानुन कार्यान्वयनको मूल्याङ्कन), तथ्याङ्क नियमावली, २०८० को नियम ६(३) (तथ्याङ्क उत्पादनकर्ताको विवरण सार्वजनीकरण) एवम् NSDS-II को रणनीति ३.५.१(१), ३.५.२(१), ४.२.२(७) र ४.२.२(१४) मा भएको कानुनी तथा नीतिगत व्यवस्था बमोजिम निर्देशिका/कार्यविधि तर्जुमा, अन्तर-निकाय समन्वय, दिगो विकास लक्ष्य (SDG) का सूचक प्रवर्धन तथा अनुगमन र मूल्याङ्कन योजना कार्यान्वयन सम्बन्धी कार्यहरू सम्पन्न गर्न प्रस्तुत कार्यक्रम सञ्चालन गर्न लागिएको हो; जुन नीति, योजना तथा समन्वय शाखाले अन्य शाखाहरू र सम्बद्ध मन्त्रालयहरूसँग समन्वय गरी विनियोजित रू. ३१.५ लाख बजेट सीमाभित्र रही सम्पादन गर्नेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- तथ्याङ्कीय कानुनी पूर्वाधार र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै राष्ट्रिय तथ्याङ्क प्रणालीको संस्थागत सुदृढीकरण गर्न सहयोग पुऱ्याउनु।

#### (ख) चालु आ.व. को उद्देश्य

- तथ्याङ्क ऐन, २०७९ बमोजिमका आवश्यक निर्देशिका एवम् कार्यविधिहरू तयार गर्ने तथा NSDS-II को मध्यावधि समीक्षा प्रतिवेदन तयार गर्नु।
- दिगो विकास लक्ष्यका सूचकको तथ्याङ्क तयारी/परिमार्जन गर्ने र सङ्घ, प्रदेश एवम् स्थानीय तहका तथ्याङ्क उत्पादक निकायहरूसँग समन्वयात्मक अन्तरक्रिया सञ्चालन गर्नु।
- SCO हरूबाट सञ्चालित तथ्याङ्कीय क्रियाकलापहरूको अनुगमन गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यालय प्रमुखको समग्र नेतृत्व, सम्बन्धित शाखाको संयोजन तथा सम्बद्ध मन्त्रालयहरूसँगको समन्वयमा स्वीकृत वार्षिक कार्ययोजना बमोजिम चरणबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिनेछ।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय/कार्यालय/आयोगहरू, स्थानीय तहहरू, शैक्षिक क्षेत्रका प्रतिनिधिहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

तीनै तहका तथ्याङ्क उत्पादक निकायहरूसँग नियमित समन्वय गरिनेछ। निर्देशिका तयारी, NSDS मध्यावधि समीक्षा, SDG सूचक अद्यावधिक र सरोकारवाला अन्तरक्रियाका कार्यहरू केन्द्रीयस्तरबाट एकीकृत रूपमा सञ्चालन हुने भएकाले अन्य तहका क्रियाकलापसँग दोहोरोपना हुने सम्भावना रहँदैन; मसिक/त्रैमासिक प्रगति प्रतिवेदन NSO को वेबसाइट मार्फत आदान-प्रदान गरिनेछ।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१८३ | मार्गदर्शन तथा कार्यतालिका तयारी, प्रकाशन | १ पटक | ०.४५ | नि.यो.स.शा. | साउन-भदौ | - |
| | | | | | | असोज | - |
| २ | २.६.६.१३४ | तथ्याङ्क ऐन बमोजिमका निर्देशिका/कार्यविधि तयारी | ६ पटक | २.७० | नि.यो.स.शा. र प्रशासन (कानुन) | असोज-२, कात्तिक-२, मङ्सिर-१, पुस-१ | समय सीमितता/समन्वय |
| ३ | २.६.६.१४४ | NSDS-II कार्यान्वयन कार्ययोजना अन्तरक्रिया | २ पटक | ७.२० | नि.यो.स.शा. र प्रशासन (कानुन) | असोज, बैशाख | सहभागिता/समन्वय |
| ४ | २.६.६.१३७ | तथ्याङ्क उत्पादनकर्तासँग अन्तरक्रिया तथा विवरण अद्यावधिक | २ पटक | २.७० | नि.यो.स.शा. | असोज, असार | सहभागिता/समन्वय |
| ५ | २.७.२५.१२७८ | SDG Indicator: Data Preparation and Revision | २ पटक | २.१० | नि.यो.स.शा. र सम्बन्धित शाखा | कात्तिक-१ मङ्सिर-१ | तथ्याङ्क उपलब्धता/ समन्वय |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| ६ | २.६.६.१८७ | सङ्घ, प्रदेश र स्थानीय तह सहित तथ्याङ्क उत्पादन गर्ने निकायहरूबिचको समन्वय अभिवृद्धिका लागि अन्तरक्रिया | ७ पटक | १.८० | नि.यो.स.शा. र सम्बन्धित शाखा | मङ्सिर-७ | बजेटको कमी/ सम्बन्धित सबै शाखाको बजेट एकीकृत गरी परिचालन गरिने |
| ७ | २.६.६.१३६ | NSDS-II को मध्यावधि समीक्षा तथा प्रतिवेदन तयारी | ३ पटक | ६.७५ | नि.यो.स.शा. र प्रशासन (कानुन) | पुस-३ | - |
| ८ | २.६.६.१८४ | तथ्याङ्क ऐन, २०७९ मध्यावधि समीक्षा अन्तरक्रिया तथा प्रतिवेदन मस्यौदा तयारी | १ पटक | २.७० | नि.यो.स.शा. र प्रशासन (कानुन) | पुस | - |
| ९ | - | राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन | २ पटक | - | नि.यो.स.शा. | पुस, जेठ | - |
| १० | - | अन्तरनिकाय तथ्याङ्क कार्य समूह बैठक सञ्चालन | ४ पटक | - | नि.यो.स.शा. र सम्बन्धित शाखा | वर्षभरीमा | - |
| ११ | २.८.१.१५९ | SCO द्वारा सञ्चालित तथ्याङ्कीय क्रियाकलापको अनुगमन | १०० प्र.श. | ५.१० | नि.यो.स.शा. | वर्षभरीमा कम्तिमा ९ वटा | - |

*नि.यो.स.शा.=नीति, योजना तथा समन्वय शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | मार्गदर्शन तथा कार्यतालिका तयारी | १ पटक | ०.४५ | ०.४५ |
| २ | तथ्याङ्क ऐन बमोजिमका निर्देशिका/कार्यविधि तयारी | ६ पटक | ०.९० | २.७० |
| ३ | NSDS-II कार्यान्वयन कार्ययोजना अन्तरक्रिया | २ पटक | ३.६० | ७.२० |
| ४ | तथ्याङ्क उत्पादनकर्तासँग अन्तरक्रिया तथा विवरण अद्यावधिक | २ पटक | १.३५ | २.७० |
| ५ | SDG Indicator: Data Preparation and Revision | २ पटक | ०.७० | २.१० |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तह सहित तथ्याङ्क उत्पादन गर्ने निकायहरूबिचको समन्वय अभिवृद्धिका लागि अन्तरक्रिया | ७ पटक | ०.२६ | १.८० |
| ७ | NSDS-II को मध्यावधि समीक्षा तथा प्रतिवेदन तयारी | ३ पटक | २.२५ | ६.७५ |

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| ८ | तथ्याङ्क ऐन, २०७९ मध्यावधि समीक्षा अन्तरक्रिया तथा प्रतिवेदन मस्यौदा तयारी | १ पटक | २.७० | २.७० |
| ९ | राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन | - | - | - |
| १० | अन्तरनिकाय तथ्याङ्क कार्य समूह बैठक सञ्चालन | - | - | - |
| ११ | SCO द्वारा सञ्चालित तथ्याङ्कीय क्रियाकलापको अनुगमन | १०० प्र.श. | ०.५१ | ५.१० |
| **जम्मा** | | | | **३१.५०** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| मार्गदर्शन तथा कार्यतालिका तयारी तथा प्रकाशन | मार्गदर्शन तथा कार्यतालिका तयारी तथा प्रकाशन | पटक | २ | १ | वेबसाइट |
| तथ्याङ्क ऐन बमोजिमका निर्देशिका/कार्यविधि तयारी | स्वीकृत निर्देशिका तथा कार्यविधि | वटा | ३ | ४ | वेबसाइट |
| NSDS-II कार्यान्वयन कार्ययोजना अन्तरक्रिया | अन्तरक्रिया सम्पन्न सङ्ख्या | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| तथ्याङ्क उत्पादनकर्तासँग अन्तरक्रिया तथा विवरण अद्यावधिक | तथ्याङ्क उत्पादनकर्तासँग अन्तरक्रिया तथा विवरण अद्यावधिक सम्पन्न | पटक | १ | २ | वेबसाइट |
| SDG Indicator: Data Preparation and Revision | कार्यक्रम सङ्ख्या | पटक | ० | २ | प्रतिवेदन |
| सङ्घ, प्रदेश र स्थानीय तह सहित तथ्याङ्क उत्पादन गर्ने निकायहरूबिचको समन्वय अभिवृद्धिका लागि अन्तरक्रिया | अन्तरक्रिया कार्यक्रम सङ्ख्या | पटक | ० | ७ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| NSDS-II को मध्यावधि समीक्षा तथा प्रतिवेदन तयारी | कार्यक्रम सङ्ख्या र मस्यौदा प्रतिवेदन | पटक | ० | ३ | समीक्षा प्रतिवेदन |
| तथ्याङ्क ऐन, २०७९ मध्यावधि समीक्षा अन्तरक्रिया तथा प्रतिवेदन मस्यौदा तयारी | कार्यक्रम सङ्ख्या र मस्यौदा प्रतिवेदन | पटक | ० | १ | समीक्षा प्रतिवेदन |
| राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन | बैठक सङ्ख्या | पटक | ६ | २ | निर्णय प्रति |
| अन्तरनिकाय तथ्याङ्क कार्य समूह बैठक सञ्चालन | बैठक सङ्ख्या | पटक | ० | ४ | निर्णय प्रति |
| SCO द्वारा सञ्चालित तथ्याङ्कीय क्रियाकलापको अनुगमन | अनुगमन गरिएको कार्यालय सङ्ख्या | वटा | ८ | ९ (कम्तीमा) | अनुगमन प्रतिवेदन |

## २.४.८ लगत प्रशोधन तथा सूचना प्रविधि सम्बन्धी कार्यक्रम

| **आयोजना/कार्यक्रमको नाम** | लगत प्रशोधन तथा सूचना प्रविधि सम्बन्धी कार्यक्रम | **कम्पोनेन्ट कोड** | NSO-४९ |
|---|---|---|---|
| **सञ्चालन गर्ने निकाय** | लगत प्रशोधन तथा सूचना प्रविधि शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ३.५.५ (तथ्याङ्कीय क्रियाकलापका लागि आवश्यक नवीन प्रविधिको उपयोग) सम्बन्धी नीतिगत व्यवस्था बमोजिम यो कार्यक्रम सञ्चालन गरिएको हो। यसका लागि चालु आ.व.मा NSO चालुतर्फ रू. २२.९५ लाख विनियोजन गरिएको छ भने लगत प्रशोधन तथा सूचना प्रविधि शाखाका मौजुदा जनशक्ति परिचालन गरिनेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमार्फत तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण र प्रकाशन प्रणालीलाई डिजिटल, स्वचालित र प्रविधिमैत्री बनाउनु।
- तथ्याङ्क समन्वय कार्यालय र सम्बद्ध निकायहरूको प्राविधिक क्षमता अभिवृद्धि गरी गुणस्तरीय, भरपर्दो, सुरक्षित र समयसापेक्ष तथ्याङ्कीय सेवा प्रदान गर्नु।
- सङ्घ, प्रादेशिक र स्थानीय तहका तथ्याङ्कीय पोर्टलहरूबिच एकरूपता, समन्वय र डिजिटल अभिलेख प्रणाली सुदृढ गरी तथ्याङ्कमा पहुँच र पारदर्शिता अभिवृद्धि गर्नु।

#### (ख) चालु आ.व. को उद्देश्य

- शाखा र तथ्याङ्क समन्वय कार्यालयमा सूचना प्रविधिको प्रयोग गरी आफ्ना वेबसाइटहरू सञ्चालन तथा अद्यावधिक गर्न सक्षम बनाउनु।
- विविध सर्वेक्षणमा संलग्न कर्मचारीहरूको तथ्याङ्क सङ्कलन तथा तथ्याङ्क विश्लेषणसम्बन्धी ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धि गरी गुणस्तरीय तथा भरपर्दो तथ्याङ्क उत्पादनमा सहयोग पुऱ्याउनु।
- NSO Data Portal मा प्रकाशित Datasheet तथा Metadata को प्रमाणीकरण, अद्यावधिक र गुणस्तर सुनिश्चित गरी भरपर्दो तथा समयसापेक्ष तथ्याङ्क सार्वजनिक गर्नु।
- प्रदेश तथा स्थानीय तहमा प्रयोगमा रहेका विभिन्न पोर्टलहरूको प्रभावकारी, एकरूप तथा सुरक्षित प्रयोग सुनिश्चित गर्दै आदानप्रदान र समस्या समाधान गर्नु।
- प्राविधिक विषय विज्ञ सहितको समिति गठन/छलफल गरी कार्यालयको सूचना प्रविधि पूर्वाधारको अध्ययन, आवश्यकता पहिचान तथा सुधारका लागि सिफारिससहितको प्रतिवेदन तयार गर्नु।
- जनगणना, सर्वेक्षण तथा अन्य तथ्याङ्कीय अभिलेखहरूको डिजिटाइजेसन गरी सुरक्षित, व्यवस्थित तथा खोजयोग्य डिजिटल अभिलेख प्रणाली विकास गर्नु।

- ICT Access and Use by Household and Individual को Pilot Study सञ्चालनका लागि आवश्यक प्रश्नावली, कार्यविधि, डेटा सङ्कलन प्रणाली तथा सञ्चालन योजना तयार गरी अध्ययनको प्रभावकारी कार्यान्वयनका लागि आधार तयार गर्नु।
- कुल गार्हस्थ्य उत्पादन वा मूल्य सूचकाङ्क अनुमान अन्तर्गत कुनै एक क्षेत्र छनोट गरी Data Automation को प्राविधिक, कार्यगत तथा संस्थागत सम्भाव्यता अध्ययन गरी स्वचालनका लागि प्रारम्भिक आधार तयार गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

शाखा प्रमुखको समग्र नेतृत्वमा बुँदा ५ मा उल्लिखित वार्षिक कार्ययोजना बमोजिम चरणबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिनेछ।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न मन्त्रालय/कार्यालय/आयोग, शैक्षिक क्षेत्रका प्रतिनिधि लगायत आवश्यकताअनुसार विकास साझेदार निकायहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

तीनै तहका तथ्याङ्क उत्पादक निकायहरूसँग नियमित समन्वय गरिनेछ।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.५.४.१३<br>२.५.४.१४ | Zoom Application License र SSL Certificate खरिद | ४ वटा | २.८० | प्रशासन शाखा | असोज | - |
| २ | २.७.२५.१२२१ | प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रयोगमा रहेका विभिन्न पोर्टलको प्रयोग सम्बन्धी छलफल | १ पटक | ०.७० | ल.प्र.सू.प्र. | असोज | न्यून बजेट/कार्यक्रम एकीकरण |
| ३ | २.७.२५.१२२४ | कार्यालयमा सूचना प्रविधिको आवश्यक पूर्वाधार तयारीको लागि प्राविधिक विषय विज्ञ सहितको समिति गठन/कार्यशाला/अध्ययन | १ पटक | ०.३५ | ल.प्र.सू.प्र. | असोज | न्यून बजेट/कार्यक्रम एकीकरण |
| ४ | २.६.६.९८ | कार्यालयबाट सञ्चालन हुने विविध सर्वेक्षण सम्बन्धी Data Collection र Analysis कार्यशाला | १ पटक | ०.९० | ल.प्र.सू.प्र. | असोज | न्यून बजेट/कार्यक्रम एकीकरण |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| ५ | २.७.२५.१२२७ | Pilot Study on ICT Access and Use by Household and Individual को पूर्वतयारी कार्य | १ पटक | ३.५० | ल.प्र.सू.प्र. | असोज | न्यून बजेट/कार्यक्रम एकीकरण |
| ६ | २.६.३.३८ | तथ्याङ्क समन्वय कार्यालयहरूको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी पुनर्ताजगी तालिम | १ पटक | ३.६० | ल.प्र.सू.प्र. | मङ्सिर | सरुवा/तालिम |
| ७ | २.६.६.१०० | NSO Data Portal को अद्यावधिक कार्यशाला | १ पटक | २.७० | ल.प्र.सू.प्र. | पुस | - |
| ८ | २.७.२५.१२२५ | Census/Survey/Data Archiving Program – डिजिटाइजेसन | १ पटक | ४.९० | ल.प्र.सू.प्र. | पुस | न्यून बजेट/कार्यक्रम एकीकरण |
| ९ | २.७.२५.१२२८ | Data Automation अन्तर्गत (GDP/Price Index Estimation) का लागि एक क्षेत्रको प्रारम्भिक अध्ययन | १ पटक | ३.५० | ल.प्र.सू.प्र. | पुस | - |

*ल.प्र.सू.प्र.= लगत प्रशोधन तथा सूचना प्रविधि शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | Zoom Application License र SSL Certificate खरिद | ४ वटा | ०.७० | २.८० |
| २ | प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रयोगमा रहेका विभिन्न पोर्टलको प्रयोग सम्बन्धी छलफल | १ पटक | ०.७० | ०.७० |
| ३ | कार्यालयमा सूचना प्रविधिको आवश्यक पूर्वाधार तयारीको लागि प्राविधिक विषय विज्ञ सहितको समिति गठन/कार्यशाला/अध्ययन | १ पटक | ०.३५ | ०.३५ |
| ४ | कार्यालयबाट सञ्चालन हुने विविध सर्वेक्षणसम्बन्धी Data Collection र Analysis कार्यशाला | १ पटक | ०.९० | ०.९० |
| ५ | Pilot Study on ICT Access and Use by Household and Individual को पूर्वतयारी कार्य | १ पटक | ३.५० | ३.५० |
| ६ | तथ्याङ्क समन्वय कार्यालयहरूको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी पुनर्ताजगी तालिम | १ पटक | ३.६० | ३.६० |
| ७ | NSO Data Portal को अद्यावधिक कार्यशाला | १ पटक | २.७० | २.७० |
| ८ | Census/Survey/Data Archiving Program – डिजिटाइजेसन | १ पटक | ४.९० | ४.९० |
| ९ | Data Automation अन्तर्गत (GDP/Price Index Estimation) का लागि एक क्षेत्रको प्रारम्भिक अध्ययन | १ पटक | ३.५० | ३.५० |
| जम्मा | | | | २२.९५ |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| Zoom Application License र SSL Certificate खरिद | खरिद कार्य सम्पन्न सङ्ख्या | वटा | ० | ४ | खर्च फाँटवारी |
| प्रदेश तथा स्थानीय तहमा पोर्टल प्रयोगसम्बन्धी छलफल | सम्पन्न छलफल सङ्ख्या | पटक | ० | १ | कार्यक्रम प्रतिवेदन |
| सूचना प्रविधि पूर्वाधार अध्ययन समिति/कार्यशाला | सम्पन्न कार्यशाला सङ्ख्या | पटक | ० | १ | अध्ययन प्रतिवेदन |
| सर्वेक्षणसम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण कार्यशाला | सम्पन्न कार्यशाला सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| Pilot Study on ICT Access and Use by Household and Individual को पूर्वतयारी कार्य | पूर्वतयारी सम्पन्न सङ्ख्या | पटक | ० | १ | पूर्वतयारी प्रतिवेदन |
| सूचना प्रविधि व्यवस्थापनसम्बन्धी पुनर्ताजगी तालिम | तालिम सम्पन्न सङ्ख्या | पटक | ० | १ | तालिम सम्पन्न प्रतिवेदन |
| NSO Data Portal को अद्यावधिक कार्यशाला | कार्यशाला सम्पन्न सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| Census/Survey/Data Archiving Program – डिजिटाइजेसन | डिजिटाइजेसन कार्य सम्पन्न सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| Data Automation प्रारम्भिक अध्ययन (GDP/Price Index) | अध्ययन कार्य सम्पन्न सङ्ख्या | पटक | ० | १ | अध्ययन प्रतिवेदन |

## २.४.९ गणना क्षेत्र नक्शाङ्कन कार्यक्रम

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | गणना क्षेत्र नक्शाङ्कन कार्यक्रम | **कम्पोनेन्ट कोड** | NSO-३८ |
| **सञ्चालन गर्ने निकाय** | भौगोलिक सूचना प्रणाली शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ४.२.२(८) (गणना क्षेत्र नक्सा तयारी, GIS सम्बन्धी तालिम) अन्तर्गतको नीतिगत प्रावधानअनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो। चालु आ.व.मा सञ्चालन हुने गणना तथा क्षेत्रगत सर्वेक्षणहरूमा छुट तथा दोहोरो गणना रोक्न, गणकहरूको कार्यभार सन्तुलन गर्न र व्यवस्थित नमुना छनोट एवम् स्थानिक विश्लेषणका लागि अद्यावधिक गणना क्षेत्र नक्सा तयार गर्नु र भौगोलिक सूचना प्रणाली (GIS) प्रविधिको उपयोग गर्नु अत्यावश्यक छ।

चालु आ.व.मा स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकताका आधारमा छनोट गरिएका पालिका तथा वडाहरूमा भौगोलिक सूचना सङ्कलन, नक्सा डिजिटाइजेसन, अद्यावधिकीकरण, क्षमता अभिवृद्धि तथा अभिमुखीकरणका कार्यहरू सम्पादन गरिनेछ। यसका लागि रू. २०.६० लाख विनियोजना गरिएको छ। भौगोलिक सूचना प्रणाली शाखाका

मौजुदा जनशक्तिका अतिरिक्त तथ्याङ्क सङ्कलन तथा डिजिटाइजेसन कार्यका लागि आवश्यकताका आधारमा करार जनशक्ति परिचालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- GIS को प्रभावकारी प्रयोगमार्फत मानकीकृत गणना क्षेत्र नक्सा तयार गरी गणना तथा सर्वेक्षणहरूमा पूर्ण पहुँच र तथ्याङ्कीय गुणस्तर सुनिश्चित गर्नु।
- GIS प्रविधिको उपयोग, नक्सा डिजिटाइजेसन र कर्मचारीहरूको प्राविधिक क्षमता अभिवृद्धि गरी स्थानिक विश्लेषण तथा सांख्यिकीय नमुना छनोट प्रणालीलाई सुदृढ बनाउनु।

### (ख) चालु आर्थिक वर्षको उद्देश्य

- गणकहरूको कार्यभार सन्तुलन, क्षेत्रगत अनुगमनको सहजीकरण र व्यवस्थित तथ्याङ्क सङ्कलनका लागि सम्बद्ध कर्मचारीहरूलाई GIS तथा नक्शाङ्कनसम्बन्धी क्षमता अभिवृद्धि तालिम एवम् अभिमुखीकरण प्रदान गर्नु।
- गणना तथा सर्वेक्षणहरूमा छुट र दोहोरो गणना रोक्न स्थानीय तह एवम् वडाहरूमा भौगोलिक सूचना सङ्कलन, सुपरीवेक्षण र गणना क्षेत्र नक्साको डिजिटाइजेसन गरी अद्यावधिक गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

**GIS सम्बन्धी अभिमुखीकरण (NSO, SCO र विषयगत मन्त्रालयका निर्देशक एवम् अधिकृत/सहायकस्तरका कर्मचारीहरूका लागि)**

सहभागी छनोट → प्रस्तुतीकरण, छलफल र कम्प्युटर अभ्यासमार्फत क्षमता अभिवृद्धि तालिम सञ्चालन।

**गणना क्षेत्र नक्साङ्कन तयारी**

गणना क्षेत्र नक्साङ्कन तयारीसम्बन्धी अधिकृतस्तर तथा सहायकस्तर तालिम सञ्चालन → विभिन्न पालिका तथा वडाहरूमा पुगी भौगोलिक तथ्याङ्क सङ्कलन, स्थलगत भेरिफिकेसन र नक्सा डिजिटाइजेसन कार्य → डिजिटाइज्ड नक्साहरूको प्रमाणीकरण र अन्तिम रूप दिई प्रयोगमा ल्याउने।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

विषयगत मन्त्रालयहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने अन्य नक्साङ्कन कार्यक्रमसँग दोहोरोपना नहुने गरी केन्द्रीय ढाँचाअनुसार डिजाइन गरिएको छ। स्थानीय तहहरूसँग सीमाना एवम् वडा तहको भौगोलिक विवरण आदान-प्रदान गर्दा दोहोरोपना नियन्त्रण गरी नक्साको एकरूपता कायम गरिनेछ।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.५.७.१६१ | भौगोलिक सूचना सङ्कलन तथा डिजिटाइजेसन करार जनशक्ति नियुक्ति | २ जना | ७.९० | भौ.सू.प्र.शा. | साउन | - |
| २ | २.६.२.७४ | नक्शाङ्कन तालिम (अधिकृतस्तर) | १ पटक | २.७० | भौ.सू.प्र.शा. | पुस | - |
| ३ | २.६.२.७५ | नक्शाङ्कन तालिम (सहायकस्तर) | १ पटक | २.७० | भौ.सू.प्र.शा. | पुस | - |
| ४ | २.६.६.८७ | GIS तथा Remote Sensing अभिमुखीकरण | १ पटक | ४.५० | भौ.सू.प्र.शा. | फागुन | - |
| ५ | २.७.२५.१२७२ | सङ्कलन सुपरीवेक्षण, भेरिफिकेसन, अद्यावधिक | १०० प्र.श. | २.८० | भौ.सू.प्र.शा. | प्रत्येक महिना | - |

*भौ.सू.प्र.शा.=भौगोलिक सूचना प्रविधि शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | भौगोलिक सूचना सङ्कलन तथा डिजिटाइजेसन व्यक्ति करार | २ | ३.९५ | ७.९० |
| २ | नक्शाङ्कन तालिम (अधिकृतस्तर) | १ | २.७० | २.७० |
| ३ | नक्शाङ्कन तालिम (सहायकस्तर) | १ | २.७० | २.७० |
| ४ | GIS तथा Remote Sensing अभिमुखीकरण | १ | ४.५० | ४.५० |
| ५ | सङ्कलन सुपरीवेक्षण, भेरिफिकेसन, अद्यावधिक | १०० | ०.०२८ | २.८० |
| **जम्मा** | | | | २०.६० |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| भौगोलिक सूचना सङ्कलन तथा डिजिटाइजेसन व्यक्ति करार | जनशक्ति नियुक्त सङ्ख्या | १ पटक | २ | २ | करारनामा |
| नक्शाङ्कन तालिम (अधिकृतस्तर) | तालिम सहभागी सङ्ख्या | १ पटक | ० | १ | तालिम सम्पन्न प्रतिवेदन |
| नक्शाङ्कन तालिम (सहायकस्तर) | तालिम सहभागी सङ्ख्या | १ पटक | ० | १ | तालिम सम्पन्न प्रतिवेदन |
| GIS तथा Remote Sensing अभिमुखीकरण | अभिमुखीकरण सहभागी सङ्ख्या | १ पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| सङ्कलन सुपरीवेक्षण, भेरिफिकेसन, अद्यावधिक | सम्पन्न अद्यावधिक सङ्ख्या | १०० प्र.श. | ० | आवश्यकता अनुसार | भ्रमण प्रतिवेदन |

## २.४.१० तथ्याङ्क वितरण तथा प्रसारण कार्यक्रम

| आयोजना/कार्यक्रमको नाम | तथ्याङ्क वितरण तथा प्रसारण कार्यक्रम | कम्पोनेन्ट कोड | NSO-५९ |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | प्रशासनिक तथ्याङ्क व्यवस्थापन शाखा | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ३.५.११(७) (उत्पादन तथा प्रकाशित तथ्याङ्कको वैधता परीक्षण गर्ने), रणनीति ३.५.१२(४) र ४.४.३ (तथ्याङ्कीय प्रयोजनका लागि सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउने) तथा रणनीति ४.२.२(१६) (आवधिक र सालबसाली प्रकाशनहरू तयार गरी प्रकाशन गर्ने एवम् प्रयोगकर्ता सन्तुष्टि अध्ययन गर्ने) बमोजिमको नीतिगत प्रावधानका आधारमा यो कार्यक्रमहरू सञ्चालन गरिएको हो। आम प्रयोगकर्तामा तथ्याङ्कको पहुँच सुदृढ बनाउन यो कार्यक्रम आवश्यक छ। चालु आ.व.मा नियमित प्रकाशनका लागि तथ्याङ्क सङ्कलन तथा अनुगमन, प्रतिवेदन तयारी, प्रकाशन तथा वितरण, उत्पादित तथ्याङ्कको गुणस्तर निर्धारण, माइक्रोडेटा क्याटलग अद्यावधिक तथा डेटा आर्काइभिङ लगायतका कार्यहरू सम्पादन गरिनेछन्। यसका लागि रू. १७.८९ लाख बजेट विनियोजन गरिएको छ। प्रशासनिक तथ्याङ्क व्यवस्थापन शाखाका मौजुदा जनशक्तिहरू परिचालन हुनेछन्।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- तथ्याङ्कीय प्रकाशन तथा वितरण प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र पारदर्शी बनाई प्रमाणमा आधारित नीति निर्माण र अनुसन्धानका लागि आधिकारिक तथ्याङ्कको सहज पहुँच एवम् उपयोगिता वृद्धि गर्नु।

#### (ख) चालु आर्थिक वर्षको उद्देश्य

- Nepal Statistical Year Book, Statistical Pocket Book of Nepal, Nepal in Figure, नेपालको तथ्याङ्कीय झलक लगायतका नियमित तथा आवधिक प्रकाशनहरूको सम्पादन, छपाई र समयमै वितरण सम्पन्न गर्नु।
- तथ्याङ्क उत्पादन एवम् प्रकाशनको गुणस्तर निर्धारण र Microdata Catalogue/Data Archiving अद्यावधिकका लागि तयारी कार्यशालाहरू सञ्चालन गर्नु।
- कार्यालयका प्रकाशनहरू सङ्घ, प्रदेश र स्थानीय तह, शैक्षिक संस्था, पुस्तकालय तथा अन्य सरोकारवाला निकायसम्म व्यवस्थित रूपमा पुऱ्याउनुका साथै वितरण कार्यको नियमित अनुगमन गर्नु।

### ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

#### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

सम्पादन समितिको बैठक, लेख रचना सङ्कलन, मूल्याङ्कन र प्रकाशन तयारी कार्यशाला → गुणस्तर निर्धारण एवम् Microdata Catalogue अद्यावधिक गर्न Data Archiving कार्यशाला सञ्चालन → आधिकारिक वेबसाइट तथा भौतिक माध्यमबाट सङ्घ, प्रदेश, स्थानीय तह, पुस्तकालय र शैक्षिक संस्थाहरूमा प्रकाशनहरूको वितरण → प्रकाशन, सङ्कलन तथा वितरणसम्बन्धी कार्यहरूको नियमित अनुगमन तथा मूल्याङ्कन।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

शैक्षिक संस्थाहरू र तीनै तहका सरोकारवाला निकायहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

यो कार्यक्रम NSO को केन्द्रीय तहबाट सञ्चालन हुने नियमित प्रकाशन, तथ्याङ्क प्रसारण तथा माइक्रोडेटा व्यवस्थापनसँग सम्बन्धित विशिष्ट प्रकृतिको कार्य भएकाले सङ्घ, प्रदेश तथा स्थानीय तहका अन्य कार्यक्रमहरूसँग कार्यगत दोहोरोपना हुने सम्भावना छैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१५९ | तथ्याङ्क उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी कार्यशाला | २ पटक | ५.४० | प्र.त.व.शा. | पुस | - |
| २ | २.६.६.१५८ | Statistical Pocket Book, Nepal 2026 तयारी कार्यशाला | २ पटक | ४.९५ | प्र.त.व.शा. | जेठ | - |
| ३ | २.७.२५.१२५५ | त्रैमासिक तथ्याङ्क गतिविधिको लेख रचना पारिश्रमिक | १२ वटा | ०.३९ | प्र.त.व.शा. | असार | - |
| ४ | २.७.२५.१२५८ | माइक्रोडेटा क्याटलग अद्यावधिक तथा डेटा आर्काइभिङ गर्ने कार्यशाला सञ्चालन | ३ वटा | २.१० | प्र.त.व.शा. | असार | न्यून बजेट/सङ्ख्या घटाउने |
| ५ | २.७.२५.१२५९ | Nepal in Figures, नेपालको तथ्याङ्कीय झलक, तथ्याङ्क गतिविधि र Statistical Pocket Book, Nepal 2026 को तथ्याङ्क सङ्कलन | २० पटक | १.७५ | प्र.त.व.शा. | असार | - |
| ६ | २.७.२५.१२६० | राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशन विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहमा पठाउने | १२ पटक | १.२६ | प्र.त.व.शा. | असार | - |
| ७ | २.८.१.२०३ | प्रकाशन शाखाका तथ्याङ्क सङ्कलन तथा अन्य विभिन्न कार्यहरूको अनुगमन तथा मूल्याङ्कन | १२ पटक | २.०४ | प्र.त.व.शा. | असार | - |
| ८ | - | अन्य निकायको MIS मा पहुँच कायम गर्न गठित सहजीकरण समितिको बैठक सञ्चालन | अनुसूची -१ | | प्र.त.व.शा. | मंसिर | - |

*प्र.त.व.शा.= प्रशासनिक तथ्याङ्क व्यवस्थापन शाखा*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | तथ्याङ्क उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी कार्यशाला | २ पटक | २.७० | ५.४० |
| २ | Statistical Pocket Book, Nepal 2026 तयारी कार्यशाला | २ पटक | २.४७ | ४.९५ |
| ३ | त्रैमासिक तथ्याङ्क गतिविधिको लेख रचना पारिश्रमिक | १२ वटा | ०.०३ | ०.३९ |
| ४ | माइक्रोडेटा क्याटलग अद्यावधिक तथा डेटा आर्काइभिङ गर्ने कार्यशाला सञ्चालन | ३ वटा | ०.७० | २.१० |
| ५ | Nepal in Figures, नेपालको तथ्याङ्कीय झलक, तथ्याङ्क गतिविधि र Statistical Pocket Book, Nepal 2026 को तथ्याङ्क सङ्कलन | २० पटक | ०.०८ | १.७५ |
| ६ | राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशन विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहमा पठाउने | १२ पटक | ०.१० | १.२६ |
| ७ | प्रकाशन शाखाका तथ्याङ्क सङ्कलन तथा अन्य विभिन्न कार्यहरूको अनुगमन तथा मूल्याङ्कन | १२ पटक | ०.१७ | २.०४ |
| **जम्मा** | | | | **१७.८९** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेस लाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| तथ्याङ्क उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी कार्यशाला | सम्पन्न कार्यशाला सङ्ख्या | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| Statistical Pocket Book, Nepal 2026 तयारी कार्यशाला | सम्पन्न कार्यशाला सङ्ख्या | पटक | ० | २ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| त्रैमासिक तथ्याङ्क गतिविधिको लेख रचना पारिश्रमिक | भक्तानी गरिएका लेख सङ्ख्या | वटा | ० | १२ | त्रैमासिक प्रतिवेदन प्रकाशन |
| माइक्रोडेटा क्याटलग अद्यावधिक तथा डेटा आर्काइभिङ गर्ने कार्यशाला सञ्चालन | सम्पन्न कार्यशाला सङ्ख्या | वटा | ० | ३ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| Nepal in Figures, नेपालको तथ्याङ्कीय झलक, तथ्याङ्क गतिविधि र Statistical Pocket Book, Nepal 2026 को तथ्याङ्क सङ्कलन | सम्पन्न फिल्ड भ्रमण सङ्ख्या | पटक | ० | २० | भ्रमण प्रतिवेदन |
| राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशन विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहमा पठाउने | प्रकाशन वितरण गरिएको पटक सङ्ख्या | पटक | ० | १२ | प्रकाशन बुझिलिएको भर्पाइ |
| प्रकाशन शाखाका तथ्याङ्क सङ्कलन तथा अन्य विभिन्न कार्यहरूको अनुगमन तथा मूल्याङ्कन | सम्पन्न अनुगमन सङ्ख्या | पटक | ० | १२ | भ्रमण प्रतिवेदन |
| अन्य निकायको MIS मा पहुँच कायम गर्न गठित सहजीकरण समितिको बैठक सञ्चालन | सम्पन्न बैठक सङ्ख्या | | | | बैठकका निर्णय |

## २.४.११ तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया कार्यक्रम

| आयोजना/कार्यक्रमको नाम | तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया कार्यक्रम | कम्पोनेन्ट कोड | SCO-४९ |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | तथ्याङ्क समन्वय कार्यालय | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ३.५.८(२) र ३.५.१२(७) (तथ्याङ्क प्रदायकबिच नियमित रूपमा अन्तरक्रिया तथा अन्तरसंवाद कार्यक्रम सञ्चालन) मा उल्लिखित नीतिगत प्रावधानबमोजिम यो कार्यक्रम सञ्चालन गरिएको हो। राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सबल बनाउन तथ्याङ्क सङ्कलन एवम् व्यवस्थापनमा तथ्याङ्क प्रदायकहरूसँग सहकार्य, समन्वय र विश्वास अभिवृद्धि गर्न अत्यावश्यक भएकाले चालु आ.व.मा सञ्चालित गणना/सर्वेक्षणका आधारमा लक्षित प्रदायकहरूको सूचीकरण, पत्राचार, छलफल/गोष्ठी, सर्वेक्षणको महत्त्वबारे अभिमुखीकरण, पृष्ठपोषण सङ्कलन र प्रतिवेदन सार्वजनिक गर्ने कार्यहरू सम्पादन गरिनेछन्।

यसका लागि SCO चालु खर्चतर्फ रू. १७.७१ लाख बजेट विनियोजन गरिएको छ, र गणना/सर्वेक्षण सञ्चालन हुने सम्बन्धित शाखाका निर्देशकको समन्वयमा SCO का तथ्याङ्क शाखाका मौजुदा जनशक्ति परिचालन गरिनेछ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सबल बनाउन तथ्याङ्क प्रदायकहरू (व्यक्ति, परिवार, प्रतिष्ठान, व्यवसायी र संघ-संस्था) सँग सहकार्य, समन्वय र पारस्परिक विश्वास अभिवृद्धि गर्नु।
- तथ्याङ्क सङ्कलनमा उत्तरदायित्व र खुलापनको प्रवर्धन गर्दै तथ्याङ्कको शुद्धता, विश्वसनीयता र गुणस्तरीयतामा व्यापक सुधार ल्याउनु।

#### (ख) चालु आ.व.को उद्देश्य

- ४० पटक तथ्याङ्क प्रदायक (व्यक्ति, परिवार, प्रतिष्ठान, व्यवसायी र संघ-संस्था) सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नु।

### ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

#### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

चालु आ.व.का सर्वेक्षण अनुकूल उद्योगी, व्यवसायी, कृषक, निर्माण व्यवसायी, प्रतिष्ठान एवम् परिवार लगायत प्रदायकहरूको सूचीकरण र पत्राचार → गोष्ठी, छलफल, प्रस्तुतीकरण र प्रश्नोत्तर विधिबाट अन्तरक्रिया सञ्चालन → सर्वेक्षणको महत्त्वबारे जानकारी गराउँदै आवश्यक सुझाव/पृष्ठपोषण सङ्कलन → कार्यक्रम प्रतिवेदन तयार गरी कार्यालयको वेबसाइट मार्फत सार्वजनिक।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

उद्योग/निर्माण व्यवसायी संघ-संस्थाहरू, कृषक, चिया तथा कफी व्यवसायी, मत्स्यपालक, शैक्षिक संस्थान/विद्यार्थी, स्थानीय प्रतिनिधि, आदि।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

अन्य सरकारी तथा गैरसरकारी निकायहरूबाट सञ्चालन हुने समान प्रकृतिका कार्यक्रमहरूसँग नदोहोरिने गरी SCO ले स्थानीय तह र सम्बन्धित सरोकारवाला निकायहरूसँग पूर्व समन्वय गरी कार्यक्रम सञ्चालन गर्नेछ। कार्यप्रगति विवरण मासिक रूपमा रिपोर्टिङ गरी कार्यक्रमको दोहोरोपना नियन्त्रण गरिनेछ।

### ५. कार्ययोजना

| क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार कार्यालय | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|
| २.६.६.१८ | तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया | ४० पटक | १७.७१ | SCOs | असोज-७, मङ्सिर-६, माघ-५, वैशाख-१ | - |

*द्रष्टव्यः*

1. *SCO अनुसार तथ्याङ्क प्रदायकहरूसँग गरिने अन्तरक्रिया कार्यक्रमसम्बन्धी कार्यान्वयन कार्यतालिका अनुसूची-८ मा समावेश गरिएको छ।*
2. *प्रदेशस्थित SCO ले मङ्सिरमा सञ्चालन गर्ने अन्तरक्रिया कार्यक्रम NSO को नीति, योजना तथा समन्वय शाखाको स्वीकृत कार्यतालिका अनुसार हुनुपर्नेछ।*

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया | ४० पटक | ०.४४३ | १७.७१ |
| जम्मा | | | | १७.७१ |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| तथ्याङ्क प्रदायकसँग अन्तरक्रिया | सञ्चालन भएको अन्तरक्रिया सङ्ख्या | पटक | १५ | ४० | कार्यक्रम प्रतिवेदन |

## २.४.१२ मानक तथा गुणस्तर निर्धारण कार्यक्रम

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | मानक तथा गुणस्तर निर्धारण कार्यक्रम | **कम्पोनेन्ट कोड** | NSO-५० |
| **सञ्चालन गर्ने निकाय** | मानक निर्धारण तथा नवप्रवर्धन शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ३.५.२(२) (राष्ट्रिय मानक तयार गरी लागु गर्ने), ३.५.५(६) (बृहत तथ्याङ्क प्रयोगको लागि आवश्यक पूर्वाधार निर्माण), ३.५.७(१) (National Data Quality Framework तयार गरी अवलम्बन गर्ने),

३.५.७(३) (National Data Governance Framework तयार गरी अवलम्बन गर्ने), र ४.२.२(१८) (अन्तर्राष्ट्रिय वर्गीकरणका आधारमा तथ्याङ्कीय वर्गीकरणहरू तयार गरी अद्यावधिक गर्ने) नीतिगत प्रावधानका आधारमा यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

तीनै तहका सरकारहरूबाट सम्पादन हुने नीति तर्जुमा तथा योजना निर्माण प्रक्रियाका लागि सर्वमान्य मानक, अवधारणा र परिभाषा निर्धारण गर्न अत्यावश्यक देखिएको छ। यसका लागि National Data Quality Framework तर्जुमा, National Data Governance Framework तर्जुमा, नेपाल स्तरीय पेसागत वर्गीकरण पुस्तिका र विभिन्न गणना तथा सर्वेक्षणसँग सम्बन्धित प्राविधिक शब्दावलीहरूको व्याख्यात्मक पुस्तिका तयार गरिनेछ। साथै, बृहत तथ्याङ्क र सिटिजन जेनेरेटेड डेटा जस्ता नवीनतम स्रोतहरू मध्ये उपयुक्त स्रोतको छनोट गरी आधिकारिक तथ्याङ्क उत्पादनमा यसको उपयोगसम्बन्धी प्राविधिक, कानुनी तथा संस्थागत सम्भाव्यता समेत अध्ययन गरिनेछ, जसले तथ्याङ्क प्रणालीलाई थप आधुनिक र वैज्ञानिक बनाउन सघाउ पुऱ्याउनेछ।

उक्त कार्यहरू सम्पन्न गर्न मानक निर्धारण तथा नवप्रवर्तन शाखाका मौजुदा जनशक्ति परिचालन गरी विनियोजित बजेट रू. १६.२० लाखको सीमाभित्र रही सरोकारवालाहरूसँगको गहन अन्तरक्रिया तथा छलफलमार्फत यो कार्यक्रम सञ्चालन गरिनेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- राष्ट्रिय तथ्याङ्क प्रणालीका लागि सर्वमान्य सूचक, अवधारणा, मानक र परिभाषाहरू निर्धारण गरी उत्पादन एवम् उपयोगमा एकरूपता, तुलनात्मकता र विश्वसनीयता कायम गर्नु।
- National Data Quality Framework र National Data Governance Framework निर्माणमार्फत तीनै तहका निकायहरूका लागि एकीकृत गुणस्तर मापदण्ड र डेटा साझेदारीको स्पष्ट नीतिगत आधार तयार गर्नु।
- बृहत तथ्याङ्क, सिटिजन जेनेरेटेड डेटा र डेटा अटोमेसन जस्ता नवीनतम प्रविधिहरूको सम्भाव्यता अध्ययन गरी तथ्याङ्क प्रणालीलाई आधुनिक र वैज्ञानिक बनाउनु।

### (ख) चालु आर्थिक वर्ष (२०८३/८४) को उद्देश्य

- National Data Quality Framework तयार गर्नु।
- National Data Governance Framework तयार गर्नु।
- नेपाल स्तरीय पेसागत वर्गीकरण पुस्तिका र प्राविधिक शब्दावली पुस्तिका तयार गर्नु।
- बृहत तथ्याङ्क वा नागरिक सिर्जित तथ्याङ्क मध्ये कुनै एक उपयुक्त स्रोतको छनोट गरी आधिकारिक तथ्याङ्क उत्पादनमा यसको प्रयोगसम्बन्धी प्राविधिक, कानुनी तथा संस्थागत सम्भाव्यता अध्ययन गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

**National Data Quality Framework र National Data Governance Framework:**
NSO का विषयगत शाखाहरूको सहयोगमा मस्यौदा लेखन → तथ्याङ्कविद् र सूचना प्रविधि विषय विज्ञ सम्मिलित प्राविधिक कार्यदल गठन गरी Frameworks को मस्यौदालाई अन्तिम रूप दिने → प्रतिवेदन सार्वजनिकीकरण।

**नेपाल स्तरीय पेसागत वर्गीकरण र प्राविधिक शब्दावली पुस्तिकाः**
सरोकारवाला निकायहरूसँग कार्यशालामार्फत परामर्श गरी तयारी → NSO का विषयगत शाखा तथा विषयगत मन्त्रालय/कार्यालयको सहयोगमा दस्तावेजहरूलाई अन्तिम रूप दिने → प्रतिवेदन सार्वजनिकीकरण।

**बृहत तथ्याङ्क/सिटिजन जेनेरेटेड डेटा सम्भाव्यता अध्ययनः**
सम्बन्धित निकाय तथा प्राविधिक विषय विज्ञहरूसँग परामर्श गरी उपयुक्त स्रोतको पहिचान र छनोट → प्राविधिक, कानुनी तथा संस्थागत सम्भाव्यताको विश्लेषण → सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी र सार्वजनिकीकरण।

### (ख) संलग्न हुने सरोकारवाल निकाय/पदाधिकारी

तथ्याङ्कविद्, प्राविधिक कार्यदल र सरोकारवाला निकायहरू।

## ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

National Data Quality Framework ले तीनै तहका लागि एउटै राष्ट्रिय गुणस्तर मापदण्ड कायम हुने, National Data Governance Framework ले तथ्याङ्क उत्पादन र साझेदारीको अधिकार क्षेत्र स्पष्ट गर्ने, नेपाल स्तरीय पेसागत वर्गीकरण मानकीकृत हुने, र बृहत तथ्याङ्क/सिटिजन जेनेरेटेड डेटा सम्भाव्यता अध्ययन समेत राष्ट्रियस्तरमा एकीकृत रूपमा सञ्चालन हुने भएकाले सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना हुने अवस्था रहँदैन।

## ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१८१ | सर्वमान्य मानक, ढाँचा, वर्गीकरण, अवधारणा तथा परिभाषा तयारी | ४ पटक | ०.९० | मा.नि.न.शा. | असोज, कात्तिक, मङ्सिर | - |
| २ | २.६.६.१२८ | National Data Governance Framework र National Quality Framework तयारी | ४ पटक | ७.२० | मा.नि.न.शा. | असोज, कात्तिक, मङ्सिर, पुस | - |
| ३ | २.७.२५.१२२९ | विभिन्न गणना तथा सर्वेक्षणसँग सम्बन्धित प्राविधिक शब्दावलीहरूको परिभाषा व्याख्यासहितको पुस्तिका तयारी छलफल | ३ पटक | २.८० | मा.नि.न.शा. | असोज, माघ, वैशाख | - |

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| ४ | २.६.६.१०१ | नेपाल स्तरीय पेसागत वर्गीकरण पुस्तिका तयारी अन्तरक्रिया | २ पटक | १.८० | मा.नि.न.शा. | पुस, जेठ | - |
| ५ | २.७.२५.१२२३ | Big Data/Citizen Generated Data को प्रयोगका लागि कुनै एक स्रोतको छनौट गरी सम्भाव्यता अध्ययन | १ पटक | ३.५० | मा.नि.न.शा. | फागुन | - |

*मा.नि.न.शा.= मानक निर्धारण तथा नवप्रवर्तन शाखा*

*द्रष्टव्यः LMBIS मा कार्यक्रमको त्रैमासिक विभाजन नमिल्दा कार्यको गुणस्तर प्रभावित हुने देखिएकाले LMBIS को त्रैमसिक विभाजन परिमार्जन गरिएको।*

## ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | सर्वमान्य मानक, ढाँचा, वर्गीकरण, अवधारणा तथा परिभाषा तयारी कार्यशाला | ४ पटक | ०.२२५ | ०.९० |
| २ | National Data Governance Framework र National Quality Framework तयारी कार्यशाला | ४ पटक | १.८० | ७.२० |
| ३ | विभिन्न गणना तथा सर्वेक्षणसँग सम्बन्धित प्राविधिक शब्दावलीहरूको परिभाषा व्याख्यासहितको पुस्तिका तयारी छलफल | २ पटक | ०.९३ | २.८० |
| ४ | नेपाल स्तरीय पेसागत वर्गीकरण पुस्तिका तयारी अन्तरक्रिया | ३ पटक | ०.६० | १.८० |
| ५ | Big Data/Citizen Generated Data को प्रयोगका लागि कुनै एक स्रोतको छनौट गरी सम्भाव्यता अध्ययन | १ पटक | ३.५० | ३.५० |
| **जम्मा** | | | | **१६.२०** |

## ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| सर्वमान्य मानक, ढाँचा, वर्गीकरण, अवधारणा तथा परिभाषा | पुस्तिका सङ्ख्या | सङ्ख्या | ० | १ | बेवसाइट |
| National Data Governance Framework र National Quality Framework | Framework सङ्ख्या | सङ्ख्या | ० | २ | बेवसाइट |
| प्राविधिक शब्दावली पुस्तिका | पुस्तिका सङ्ख्या | सङ्ख्या | ० | १ | बेवसाइट |
| नेपाल स्तरीय पेसागत वर्गीकरण पुस्तिका | पुस्तिका सङ्ख्या | सङ्ख्या | ० | १ | बेवसाइट |
| Big Data/Citizen Generated Data सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन सम्पन्न सङ्ख्या | पटक | ० | १ | अध्ययन प्रतिवेदन |

## २.४.१३ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP)

| **आयोजना/कार्यक्रमको नाम** | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP) | **कम्पोनेन्ट कोड** | NSO-५३ |
|---|---|---|---|
| **सञ्चालन गर्ने निकाय** | मूल्य तथ्याङ्क शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ४.२.२(२) (क्रयशक्ति समता (PPP) तयारीको लागि अन्तर्राष्ट्रिय तुलना कार्यक्रम अन्तर्गत विभिन्न सर्वेक्षण सञ्चालन) सम्बन्धी नीतिगत व्यवस्था बमोजिम यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। अन्तर्राष्ट्रिय स्तरमा मुलुकको क्रयशक्ति समानता मापन गर्न र कुल गार्हस्थ्य उत्पादनको अन्तर्राष्ट्रिय तुलनायोग्यता सुनिश्चित गर्न विश्व बैंक एवम् एसियाली विकास बैंकको विश्वव्यापी मापदण्ड अनुसार अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP) सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन तथा प्रशोधन गर्न अत्यावश्यक देखिएको छ। चालु आ.व.मा ICP का लागि तोकिएका वस्तु तथा सेवाको विशिष्टीकरण अनुसार तालिम प्राप्त मूल्य तथ्याङ्क शाखाका मौजुदा जनशक्तिका अतिरिक्त आवश्यकता अनुसार करार जनशक्तिमार्फत तथ्याङ्क सङ्कलन, सुपरीवेक्षण एवम् डेटा भ्यालिडेशन कार्यहरू गरिनेछ। यसका लागि रू. १३.६० लाख बजेट विनियोजन गरिएको छ।

### २. उद्देश्य

#### (क) कार्यक्रमको समग्र उद्देश्य

- ICP को मापदण्ड अनुसार नेपालको क्रयशक्ति समानता (PPP) अनुमानका लागि गुणस्तरीय एवम् मानकीकृत मूल्य तथ्याङ्क उत्पादन गर्नु।

#### (ख) चालु आ.व.को उद्देश्य

- ICP सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्नु।
- ICP का विभिन्न सर्वेक्षणहरूको मूल्य सङ्कलन तथा डेटा भ्यालिडेशन सम्पन्न गर्नु।

### ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

#### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

ICP मापदण्ड अनुसारका वस्तु तथा सेवाको टोकरी (Item Basket) र स्थान छनोट → तोकिएका बजार केन्द्रहरूबाट त्रैमासिक रूपमा ICP मूल्य तथ्याङ्क सङ्कलन र फिल्ड अनुगमन/सुपरीवेक्षण → तथ्याङ्क प्रविष्टि, भ्यालिडेशन।

#### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

एसियाली विकास बैंक (ADB) र सम्बन्धित बजार प्रतिनिधिहरू।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

ICP अन्तर्राष्ट्रिय मापदण्ड अनुसार केन्द्रीय स्तरबाट निर्देशित तथा सञ्चालित कार्यक्रम भएकाले सङ्घ, प्रदेश र स्थानीय तहका अन्य कार्यक्रमहरूसँग दोहोरोपना हुने अवस्था रहँदैन।

### ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.६.१५७ | ICP सम्बन्धी तालिम कार्यक्रम | १ पटक | १०.८० | मू.त.शा. | पुस | - |
| २ | २.७.२५.१२४९ | ICP सर्वेक्षणः विभिन्न वस्तु/सेवाको मूल्य सङ्कलन तथा डेटा भ्यालिडेशन | ६ पटक | २.८० | मू.त.शा. | माघ-जेठ | विकास साझेदार सहयोग ढिलाइ/ समन्वय |

*मू.त.शा.= मूल्य तथ्याङ्क शाखा*

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | ICP सम्बन्धी तालिम कार्यक्रम | १ पटक | १०.८० | १०.८० |
| २ | ICP सर्वेक्षणः विभिन्न वस्तु/सेवाको मूल्य सङ्कलन तथा डेटा भ्यालिडेशन | ६ पटक | ०.४६७ | २.८० |
| जम्मा | | | | १३.६० |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| ICP सम्बन्धी तालिम कार्यक्रम | सम्पन्न तालिम सङ्ख्या | पटक | ० | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| ICP सर्वेक्षणः विभिन्न वस्तु/सेवाको मूल्य सङ्कलन तथा डेटा भ्यालिडेशन | सम्पन्न मूल्य सङ्कलन/भ्यालिडेशन चक्र सङ्ख्या | पटक | ० | ६ | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २.४.१४ तथ्याङ्क दिवस कार्यक्रम

| आयोजना/कार्यक्रमको नाम | तथ्याङ्क दिवस कार्यक्रम | कम्पोनेन्ट कोड | NSO- ४, SCO- ४९ |
|---|---|---|---|
| सञ्चालन गर्ने निकाय | नीति, योजना तथा समन्वय शाखा (NSO) र SCO | आर्थिक वर्ष | २०८३/८४ |

### १. पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घको आह्वानमा अक्टोबर २० मा मनाइने World Statistics Day को अन्तर्राष्ट्रिय अभ्यास, नेपालको संविधान, तथ्याङ्क ऐन, २०७९, तथ्याङ्क नियमावली, २०८० तथा NSDS-II को रणनीति ३.५.१० बमोजिम

तथ्याङ्कीय संस्कृति विकास, सूचना प्रसार एवम् जनचेतना अभिवृद्धिका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो। अन्तर्राष्ट्रिय अभ्यास अनुरूप तथ्याङ्कको मूल्यबोध गराउन, प्रमाणमा आधारित नीति निर्माण संस्कृति सुदृढ गर्न तथा तथ्याङ्क प्रदायक, उत्पादक, प्रयोगकर्ता र अनुसन्धानकर्ताहरूबिच साझा बुझाइ विकास गर्न NSO र १८ वटै SCO मार्फत पुस १७ गते तथ्याङ्क दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम, उत्कृष्ट कर्मचारी छनोट एवम् २५ वर्षे सम्मान कार्यक्रम आयोजना गरिनेछ। यसका लागि चालु खर्चतर्फ NSO मा रू. ०.७० लाख र SCO हरूमा रू. ९.५४ लाख गरी कुल रू. १०.२४ लाख बजेट विनियोजन गरिएको छ। कार्यक्रमको समन्वय नीति, योजना तथा समन्वय शाखा (NSO) ले गर्नेछ।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- संयुक्त राष्ट्रसङ्घीय विश्व तथ्याङ्क दिवसको मूल भावना र राष्ट्रिय कानुनी ढाँचा अनुकूल तथ्याङ्कको विश्वसनीयता, पारदर्शिता, गुणस्तरीयता तथा तथ्याङ्कीय संस्कृतिको प्रवर्धन गर्नु।
- तथ्याङ्क प्रदायक, उत्पादक, प्रयोगकर्ता एवम् अनुसन्धानमूलक संस्थाहरूबिचको अन्तरसम्बन्धलाई सुदृढ गर्दै प्रमाणमा आधारित नीति निर्माण तथा योजना तर्जुमामा आधिकारिक तथ्याङ्कको प्रयोग एवम् पहुँच अभिवृद्धि गर्नु।

### (ख) चालु आ.व. को उद्देश्य

- पुस १७ गते (साविक केन्द्रीय तथ्याङ्क विभागको स्थापना दिवस) को अवसरमा NSO तथा मातहतका १८ वटै SCOs मार्फत आधिकारिक तथ्याङ्कसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्नु।
- उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई छनोट गरी पुरस्कृत गर्नुका साथै २५ वर्ष सेवा अवधि पूरा गरेका बहालवाला कर्मचारीहरूलाई सम्मान प्रदान गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) क्रियाकलाप/कार्यक्रम सञ्चालन प्रक्रिया

NSO को नीति, योजना तथा समन्वय शाखाको समन्वयमा अन्तरक्रियाको विषयवस्तु, उत्कृष्ट कर्मचारी मूल्याङ्कनको स्पष्ट मापदण्ड र प्रमाणपत्र ढाँचा तयार → पुस १७ गते स्थापना दिवसको अवसरमा NSO तथा १८ वटै SCO मा एकैसाथ दिवस तथा अन्तरक्रिया कार्यक्रम आयोजना → कार्यक्रम सम्पन्न भएपश्चात सबै SCO बाट प्राप्त प्रतिवेदनहरूलाई एकीकृत गरी नीति, योजना तथा समन्वय शाखाले अन्तिम एकीकृत प्रतिवेदन तयार → प्रतिवेदन वेबसाइटमार्फत सार्वजनिकीकरण।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

नीति निर्माता, प्राविधिक विषय विज्ञ, प्यानलिस्टहरू, अनुसन्धानमूलक संस्था, सञ्चार माध्यम र तथ्याङ्क सेवाका कर्मचारीहरू।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

NSO को नीति, योजना तथा समन्वय शाखाको केन्द्रीय मार्गदर्शनमा पुस १७ गते NSO र मातहतका १८ वटै SCO मा अन्तरक्रिया, उत्कृष्ट कर्मचारी पुरस्कार तथा सम्मान कार्यक्रम एकैसाथ आयोजना गरिनेछ। विषयवस्तु, मूल्याङ्कन मापदण्ड र प्रमाणपत्रको ढाँचा केन्द्रीय स्तरबाटै एकीकृत रूपमा तय गरिने र यो विशेष कार्यक्रम अन्य कुनै निकायबाट सञ्चालन नहुने भएकाले यसको कार्यान्वयनमा पूर्ण एकरूपता कायम भई कार्य र बजेटमा दोहोरोपना हुने सम्भावना रहँदैन।

### ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.२५.१०४१ (NSO) २.७.२५.८५९ (SCO) | तथ्याङ्क दिवस मुख्य समारोह, उत्कृष्ट कर्मचारी छनोट र २५ वर्षे सेवा सम्मान कार्यक्रम | १ पटक | १०.२४ | NSO, SCO | पुस १७ | - |

### ६. लागत अनुमान

| क्र.सं. | क्रियाकलाप | परिमाण | दर (लाख) | जम्मा (लाख) |
|---|---|---|---|---|
| १ | तथ्याङ्क दिवस मुख्य समारोह, उत्कृष्ट कर्मचारी छनोट र २५ वर्षे सेवा सम्मान कार्यक्रम | १८ स्थान | ०.५६८८ | १०.२४ |
| जम्मा | | | | १०.२४ |

### ७. नतिजा खाका

| क्रियाकलाप | नतिजा मापन सूचक | एकाइ | बेसलाइन | अपेक्षित प्रतिफल | प्रतिवेदन प्रणाली |
|---|---|---|---|---|---|
| तथ्याङ्क दिवस मुख्य समारोह, उत्कृष्ट कर्मचारी छनोट र २५ वर्षे सेवा सम्मान कार्यक्रम | कार्यक्रम सञ्चालन भएको स्थान सङ्ख्या | स्थान | १८ | १८ | कार्यालयको वेवसाइट |

## २.४.१५ सर्वेक्षण अनुमति तथा नमुना विधि व्यवस्थापन कार्यक्रम

| | | | |
|---|---|---|---|
| **आयोजना/कार्यक्रमको नाम** | सर्वेक्षण अनुमति तथा नमुना विधि व्यवस्थापन कार्यक्रम | **कम्पोनेन्ट कोड** | NSO-५८ |
| **सञ्चालन गर्ने निकाय** | सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा | **आर्थिक वर्ष** | २०८३/८४ |

### १. पृष्ठभूमि

NSDS-II को रणनीति ३.५.२(३), ३.५.९(११) र ४.२.२(१७) मा उल्लिखित सर्वेक्षण अनुमति प्रणालीलाई सुदृढ एवम् कार्यान्वयन गर्ने र आवश्यक संरचना निर्माण गर्ने नीतिगत प्रावधानका आधारमा यो कार्यक्रम सञ्चालन

गरिएको हो। सरकारी तथा गैरसरकारी निकायहरूबाट सञ्चालन हुने सर्वेक्षणहरूमा वैज्ञानिकता, एकरूपता र गुणस्तर कायम गर्न सर्वेक्षण अनुमति एवम् कोड प्रणाली व्यवस्थित गर्दै Master Sample Frame को तयारी र विगतका नमुना विधिहरूको अभिलेखीकरण गर्न आवश्यक देखिएकाले चालु आ.व.मा नमुना विधिसम्बन्धी तालिम, सर्वेक्षण अनुगमन कोड तयारी, निकायगत अभिमुखीकरण, प्रारम्भिक नमुना ढाँचा तयारी तथा अनुगमनका कार्यहरू सम्पादन गरिनेछन्।

यसका लागि NSO को चालु खर्चतर्फ रू. १०.०४ लाख बजेट विनियोजन गरिएको छ, र सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाका मौजुदा जनशक्ति, सिफारिस समितिका सदस्यहरू र आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ समेत परिचालन गरिनेछन्।

## २. उद्देश्य

### (क) कार्यक्रमको समग्र उद्देश्य

- देशभर सञ्चालन हुने सर्वेक्षणहरूको अनुमति प्रदान गर्ने प्रक्रियालाई प्रविधिमैत्री एवम् व्यवस्थित बनाई सर्वेक्षणहरूमा वैज्ञानिक नमुना विधि र गुणस्तरीय मापदण्ड सुनिश्चित गर्नु।
- Master Sample Frame को निर्माण तथा विगतका नमुना विधिहरूको अभिलेखीकरण गरी राष्ट्रिय तथ्याङ्क प्रणालीभित्र सञ्चालित सर्वेक्षणहरूमा एकरूपता कायम गर्नु।

### (ख) चालु आ.व.को उद्देश्य

- नमुना विधिसम्बन्धी तालिम सञ्चालन गर्नु।
- विगतका NSO ले सञ्चालन गरेका सर्वेक्षणहरूको नमुना विधिको विस्तृत विवरण तयार गर्नु।
- सर्वेक्षणहरूको वर्गीकरण तथा सर्वेक्षण अनुमति कोड, अनुमति तथा प्रमाणीकरण प्रदान गर्नु।
- तथ्याङ्कीय सर्वेक्षण सञ्चालन गर्न सरकारी एवम् गैरसरकारी निकायहरूका लागि सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी अभिमुखीकरण गर्नु।
- Master Sample Frame सम्बन्धी प्रारम्भिक मस्यौदा तयार गर्नु।

## ३. कार्यक्रम सञ्चालन विधि तथा प्रक्रिया

### (क) कार्यक्रम सञ्चालन प्रक्रिया

**सर्वेक्षण अनुमति**

वर्गीकरण/अनुमति कोड तयारी → सरकारी एवम् गैरसरकारी निकायहरूका लागि सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी अभिमुखीकरण → सिफारिस समितिको बैठक → सर्वेक्षण अनुमति →सञ्चालित सर्वेक्षणहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण → नतिजा/प्रकाशन प्रमाणीकरण।

**स्याम्पल डिजाइन**

नमुना विधिसम्बन्धी तालिम → विगतका सर्वेक्षणहरूको नमुना विधि अध्ययन → Master Sample Frame सम्बन्धी प्रारम्भिक छलफल → Master Sample Frame को मस्यौदा तयार।

### (ख) संलग्न हुने सरोकारवाला निकाय/पदाधिकारी/संस्था

सर्वेक्षण अनुमति सिफारिस समिति, सर्वेक्षण सञ्चालन गर्ने सरकारी तथा गैरसरकारी निकायहरू।

### ४. सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरोपना नहुने सुनिश्चितता

सर्वेक्षण अनुमति दिने र नमुना विधिसम्बन्धी मापदण्ड तोक्ने कानुनी अधिकार तथ्याङ्क ऐन, २०७९ बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयमा मात्र निहित रहेको हुनाले यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू अन्य निकायका कार्यक्रमहरूसँग दोहोरिने अवस्था रहँदैन। सर्वेक्षण सञ्चालन गर्ने सरकारी तथा गैरसरकारी निकायहरूसँग अभिमुखीकरण तथा अनुगमनका क्रममा आवश्यक समन्वय गरिनेछ।

### ५. कार्ययोजना

| क्र.सं. | क्रियाकलाप कोड | क्रियाकलाप | वार्षिक लक्ष्य | बजेट रू. लाखमा | जिम्मेवार शाखा | समय सीमा | जोखिम / समाधान |
|---|---|---|---|---|---|---|---|
| १ | २.६.२.९० | नमुना विधिसम्बन्धी तालिम | १ पटक | २.८८ | स.अ.स.डि.शा. | पुस | - |
| २ | २.७.२५.१२६१ | विगतमा NSO ले सञ्चालन गरेका सर्वेक्षणहरूको नमुना विधिहरूको विस्तृत विवरण तयारी तथा अध्ययन | १ पटक | १.४७ | स.अ.स.डि.शा. | चैत | - |
